# स्थानीय अनुकूलन कार्ययोजना

# Local Adaptation Plan for Action (LAPA)

## पञ्चपुरी नगरपालिका

### सुर्खेत

(आ.व. २०८०/०८१ देखि ०८४/०८५ सम्म)



पञ्चपुरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वाबियाचौर, सुर्खेत

२०८०

**दस्तावेज :** पञ्चपुरी नगरपालिकाको स्थानीय अनुकूलन कार्ययोजना
**सर्वाधिकारः** पञ्चपुरी नगरपालिकाको कार्यालय, वाबियाचौर, सुर्खेत

**योजनाको अवधि:** ५ वर्ष (२०८०/०८१ देखि २०८४/८५), जलवायु परिवर्तनको प्रतिकुल असरसरलाई लाई मध्यनजर गर्दै, यो स्थानीय अनुकूलन कार्ययोजना पालिकाले आवश्यकता अनुसार परिमार्जन गर्दै जानेछ, यद्यपी यो पाँच बर्षको लागि तयार गरिएको छ ।

**तयार गर्ने:** पञ्चपुरी नगरपालिकाको कार्यालय, वाबियाचौर, सुर्खेत

**सेवाप्रदायक संस्था :** माउण्टेन रिसर्च एण्ड डेभलपमेण्ट फाउन्डेशन प्रा.लि., काठमाण्डौ (Mountation Research and Development Foundation Pvt.Ltd. (MRDF), Kathmandu, Nepal)

**बिशेष आभार:** स्थानीय अनुकूलन कार्ययोजना तयारीका क्रममा सहभागी भएका सबै सहभागीहरू

**आवरण चित्र:** पञ्चपुरी नगरपालिकाको कार्यालय, वाबियाचौर, सुर्खेत

**आर्थिक सहयोग:** पञ्चपुरी नगरपालिका/नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP-2) (बेलायत सरकारको आर्थिक र मोट म्याकडोनाल्ड लिमिटेडको प्राविधिक सहयोगमा संचालित कार्यक्रम)

**Disclaimer:** यो प्रकाशन NCCSP-2 कार्यक्रमको आर्थिक सहयोगमा पञ्चपुरी नगरपालिकाको कार्यालय, वाबियाचौर, सुर्खेत ले सेवाप्रदायक सस्था छनौट गरी सो मार्फत तयार पारेको हो । यस प्रकाशनमा सम्लग्न बिषयवस्तु र सामग्रीहरूमा NCCSP-2 कार्यक्रम वा यसलाई आर्थिक सहयोग प्रदान गर्ने  बेलायत सरकार तथा प्राविधिक सहयोग प्रदान गर्ने मोट म्याकडोनाल्डका विचारहरू प्रतिबिम्बित गर्दैन । यसमा पञ्चपुरी नगरपालिका र सेवाप्रदायक सस्था (MRDF) को पूर्ण जिम्मेवारी रहेको छ ।

# पञ्चपुरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वावियाचौर, सुर्खेत

मितिः २०८०/०३/१०
पत्र संख्याः २०७९/८०
चलानीः



विपद् जोखिम तथा जलवायु परिवर्तनका कारण सिर्जित गरिवी र सामाजिक अन्यायहरुको न्यूनीकरणका लागि थप चुनौतिहरु देखा परेको छ । अनियमित बर्षा, अत्याधिक एवं पटक पटक आउने बाढी, विनाशकारी हुरी बतास, शितलहर, सुख्खा जस्ता प्रकोपहरुले गर्दा गरिव तथा विपन्न वर्गको जीविकोपार्जन सुरक्षामा असर पार्ने गरेकोछ । परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ । बिभिन्न खालका प्रकोपहरुले यस नगरपालिका अन्तर्गत रहेका समुदायहरुका स्थानीय बासिन्दाहरुलाई दिन प्रतिदिन असर पार्दै आईरहेको छ । यहाँका प्रायः घरधुरीहरु विपद जोखिम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्ये नजर गरी यो पञ्चपुरी नगरपालिका स्तरीय स्थानीय अनुकूलन कार्ययोजना नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको आर्थिक सहयोग, पञ्चपुरी नगरपालिका, सुर्खेतको समन्वय र माउण्टेन रिसर्च एण्ड डेभलपमेन्ट फाउन्डेशन, काठमाण्डौको सहजिकरणमा पञ्चपुरी नगरपालिकाले तयार गरेको हो । यसरी पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले व्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको लागि विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ । जलवायु परिवर्तनको अनियमिततालाई मध्यनजर गर्दै, यो स्थानीय अनुकूलन कार्ययोजना पालिकाले आवश्यकता अनुसार परिमार्जन गर्दै जानेछ । स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने सहयोग प्राप्त गर्नसक्ने सरोकारवालाहरु समेतको सहयोगमा यसलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ । कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक तथा अन्य आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्न नगरपालिकाको तर्फबाट सदैब सहयोग रहने छ । यो कार्ययोजना तयारी तथा कार्यान्वयनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (बेलायत सरकारको आर्थिक र मोट म्याकडोनाल्ड लिमिटेडको प्राविधिक सहयोगमा संचालित कार्यक्रम),लाई धन्यवाद ज्ञापन गर्न चाहान्छु । त्यसैगरी कार्ययोजना तयारीको प्रकृयामा सहजीकरण गर्ने माउण्टेन रिसर्च एण्ड डेभलपमेन्ट फाउन्डेशन, काठमाण्डौ र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको जिल्ला कार्यक्रम टोली तथा यो कार्ययोजना तयारीमा अहोरात्र खटिने यस पालिकाका जन प्रतिनिधिहरु, राजनैतिक दलहरु, शिक्षक, समाजसेवी, विपद व्यवस्थापन समितिका पदाधिकारीहरु, महिला, दलित लगायत सहभागी, सम्पूर्ण निकाय तथा व्यक्तिहरु प्रति धन्यवाद ज्ञापन गर्दछु । साथै पञ्चपुरी नगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिले सबै निकायहरुलाई सहयोगको लागि अनुरोध र आव्हान गर्दछ ।

धन्यवाद ।

लालविर भण्डारी
नगर प्रमुखपञ्चपुरी नगरपालिका, सुर्खेत

# पञ्चपुरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाबियाचौर, सुर्खेत

मितिः २०८०/०३/१०

पत्र संख्याः २०७९/८०
चलानीः



तीव्र औद्योगिक विकास, अव्यवस्थित सहरीकरण, जीवांश इन्धनको अत्यधिक प्रयोग, विषाक्त ग्याँस तथा रासायनिक पदार्थको उत्पादन, वन विनाश आदि जस्ता मानवजन्य क्रियाकलापले उत्पन्न हरितगृह ग्याँसले विश्वव्यापी उष्णीकरण भइरहेको छ। यसको परिणाम स्वरूप जलवायुमा परिवर्तन आएको कुरा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट पुष्टि भईसकेको छ । परिवर्तित जलवायुले निम्त्याएको असरहरुसंग जुध्न अनुकूलनका उपायहरु अपनाउनु अहिलेको प्रमुख चुनौती बनेको छ। वर्षेनी नेपालमा अनियमित वर्षा, बाढी, पहिरो, खडेरी, हुरीबतास, असिना, शितलहर आदि जस्ता प्रकोपहरु देखा पर्छन । यस्ता प्रकोपहरुले गर्दा गरिब तथा विपन्न वर्गको जीविकोपार्जनका स्रोतहरुमा प्रत्यक्ष असर पार्दछन् । पञ्चपुरी नगरपालिका पनि यसको असरबाट प्रभावित भएकोछ । पञ्चपुरी नगरपालिकाका स्थानीय समुदायसंग प्रत्यक्ष अर्न्तक्रिया गरी जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्धि गर्दै सङ्कटासन्नता क्षेत्र र समुदाय पहिचान गरिएको छ। यसका साथै जलवायु उत्पन्न प्रकोपहरुलाई विभिन्न विधिहरु प्रयोग गरी स्थानीय अनुकूलनका उपायहरुको पहिचान तथा प्राथमिकीकरण गरिएको छ। यसरी पहिचान गरिएका जलवायु उत्पन्न प्रकोपहरुलाई अनुकूलन गर्नको लागि आगामी ५ वर्षको लागि विस्तृत कार्ययोजना तयार गरिएको छ। यस नगरपालिकाको स्थानीय अनुकूलन कार्ययोजनालाई सफलतापूर्वक सम्पन्न गर्नको लागि सहजीकरण गर्ने माउण्टेन रिसर्च एण्ड डेभलपमेन्ट फाउन्डेशन, काठमाण्डौ र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमका भवानी प्रसाद पाण्डे लगायत कार्यक्रम टिमका प्रतिनिधिहरु तथा स्थानीय सरोकारवालाहरु, विभिन्न निकायका प्रतिनिधिहरु तथा अन्य संघसंस्थाहरुको प्रत्यक्ष सहभागिताको लागि धन्यवाद दिन चाहन्छु । लापामा बनेका योजनाहरुको पारदर्शिता सहित कार्यान्वयन गर्नको लागि सरोकारवाला निकायहरुसंग समन्वय तथा सहकार्यको लागि पञ्चपुरी नगरपालिका, सुर्खेतको कार्यालय सदा तत्पर रहने छ । यस योजनाको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला तथा सम्बन्धित निकायहरुमा सहयोग तथा सहकार्यको अपेक्षा राख्दछु ।

धन्यवाद ।

गोकर्ण नाथ योगी
प्रमुख प्रशासकीय अधिकृत
पञ्चपुरी नगरपालिका

**संक्षिप्त शब्दावलीहरु**

| | | | |
|---|---|---|---|
| लापा | स्थानीय अनुकूलन कार्ययोजना | LAPA | **Local Adaptation Plans for Action** |
| नापा | राष्ट्रिय अनुकूलन कार्ययोजना | NAPA | **National Adaptation Program of Action** |
| एलडिसिआरपि | स्थानीय विपद तथा जलवायु उत्थानशील योजना | LDCRP | **Local Disaster and Climate Resilience Plan** |
| एलडिएमसि | स्थानीय विपद व्यवस्थापन समिति | LDMC | **Local Disaster Management Committee** |
| जि.वि.व्य.स. | जिल्ला विपद् व्यवस्थापन समिति | गापा | गाउँपालिका |
| **DDMC** | District Disaster Management Committee | नपा | नगरपालिका |
| जिसस | जिल्ला समन्वय समिति | | |
| भिसिए **(VCA)** | Vulnerability Capacity Assessment | सावउस | सामुदायिक वन उपभोक्ता समूह |
| सिसिए **(CCA)** | Climate Change Adaptation | कि.मि | किलोमिटर |
| वडा कायार्लय | Ward Office | मि | मिटर |
| गाउँपालिका | Rural Municipality | हे. | हेक्टर |
| गाउँपालिकाको कार्यालय | Office of the Rural Municipal Executive | रु. | रुपैयां |
| नगरपालिका | Municipality | आ.व. | आर्थिक वर्ष |
| नगरपालिकाको कार्यालय | Office of the Municipal Executive | गैसस | गैर सरकारी संस्था |
| जिल्ला समन्वय समितिको कार्यालय | Office of the District Co-ordination Committee | अगैसस | अर्न्तराष्ट्रिय गैर सरकारी संस्था |
| महानगरपालिका | Metropolitan City | मा. वि. | माध्यामिक विद्यालय |
| उप महानगरपालिका | **Sub-Metropolitan City** | आ.वि. | आधारभुत विद्यालय |

विषयसुची

परिच्छेद् १: परिचय १

१.१ योजनाको परिचय तथा औचित्य, मान्यता र आवश्यकता १

१.२ योजनाको लक्ष्य, मान्यता एवम् निर्देशक सिद्धान्तहरू २

१.३ स्थानीय अनुकूलन योजना र विपद जोखिम व्यवस्थापन बीच अन्तरसम्बन्ध २

१.४ योजना तयारीका चरण तथा प्रक्रियाहरु ३

१.५ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि ४

१.६ सङ्कटासन्नता तथा जोखिम विश्लेषण ४

परिच्छेद २ : पञ्चपुरी नगरपालिकाको परिचय तथा अवस्थिति ६

२.१ नगरपालिकाको भौगोलिक अवस्थिति र भूबनोट ६

२.२ सामाजिक, आर्थिक तथा मानवीय अवस्था ९

२.२.१ जनसंख्या ९

२.२.२ शिक्षा, स्वास्थ्य र संचार ११

२.२.३ ऊर्जा १२

२.२.४ कृषि तथा खाद्य सुरक्षा १२

२.२.५: वर्तमान भू-उपयोग सम्बन्धी विवरण १३

२.३ भौतिक पूर्वाधारको अवस्था १५

२.३.१ सडक सञ्जाल १५

२.३.२ सिंचाईको अवस्था १५

२.३.३ घरेलु तथा साना उद्योग १५

२.३.४ खानेपानी तथा खानेपानीमा पहुँच १५

२.३.५ वन स्रोत तथा जलाधार १६

२.३.६ बस्तीको अवस्था १८

२.३.७ धार्मिक, सांस्कृतिक तथा पर्यटन १८

२.३.८ कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरु १८

परिच्छेद ३: जलवायु परिवर्तन, विपद् तथा प्रकोपको अवस्था २०

३.१ पञ्चपुरी नगरपालिकाको तापक्रमको परिदृष्य २०

३.२ पञ्चपुरी नगरपालिकाको वर्षाको परिदृष्य २०

३.३ प्रकोपको ऐतिहासिक घटनाक्रम २१

३.४ प्रकोप तथा जोखिम विश्लेषण २२

३.५ संकटासन्न वर्ग तथा समुदाय पहिचान २३
३.६ वडाको जोडागत जोखिम स्तरीकरण २४
३.७ प्रकोपको स्तरीकरण २५
३.८ स्रोतहरुको विवरण तथा जोखिमको अवस्था २७
३.९ परिवर्तित प्रकोप, बाली तथा मौसमी पात्रो ३०
३.१० जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण ३२
३.११ जोखिम समुदाय तथा घरधुरी ३३
३.१२ जोखिमको रुपरेखा ३४
३.१३ विषयगत क्षेत्रमा पारेको प्रभाव ३५
३.१४ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण ३७
३.१४.१ वन जङ्गल पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ३७
३.१४.२ कृषि पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ३८
३.१४.३ जल पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ३९
३.१४.४ पारिस्थितिकीय प्रणालीमा परेको तुलनात्मक रुपमा जोखिम विश्लेषण ३९
३.१४.५ प्रकोप सूचाङ्क ४०
३.१४.६ सम्मुखता ४०
३.१४.७ संवेदनशीलता ४१
३.१४.८ अनुकूलन क्षमता ४२
३.१४.९ जोखिमताको आधारमा वडा स्तरीकरण ४४
परिच्छेद ४ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान ४५
४.१ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनका रणनीतिहरु ४५
४.२ विषगत क्षेत्र अनुसारका रणनीतिहरु ४५
परिच्छेद ५ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना ४६
५.१. जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापन क्रियाकलापहरुको पहिचान ४६
५.२ अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका कार्यहरूको प्राथमिकीकरण ४९
५.३ बजेट सहितको अनुकूलन कार्ययोजना ५२
परिच्छेद ६ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण ६५
६.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहिकरण ६६

६.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा समायोजन ६६
६.३ अनुगमन तथा मूल्याङ्कन योजना ६७
६.४. जलवायु परिवर्तन अनुकूलन व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन ६८
सन्दर्भ सामग्री ७०
अनुसूची १: स्थानीय बिपद् व्यवस्थापन समिति, पञ्चपुरी नगरपालिका, सुर्खेत ७१
अनुसूची २: पञ्चपुरी नगरपालिका, नगरकार्यपालिकाका पदाधिकारीहरुको विवरण ७२
अनुसूची ४: कार्यक्रमको हाजीर  ७४
अनुसूची ५: लापा खाका २०१९को अनुसूची २.७७
अनुसूची ६: स्थानीय अनुकूलन योजना तर्जुमाका लागि तदर्थ सिद्धान्तहरू ८२
तत्कालका जोखिमहरुको सम्बोधन ८२
जीवन र जीविकोपार्जनको संरक्षण ८२
पारिस्थितिकीय प्रणालीहरुबाट प्राप्त हुने सेवाहरुको संरक्षण र उपयोग ८२
अनुकूलन मार्फत छोटो अवधिमा प्राप्त गर्न सकिने लाभहरूको प्राथमिकता ८२
अनुकूलनका गलत अभ्यास नगर्ने ८२
जलवायु परिवर्तनका प्रभाव सम्बोधनका कार्यक्रमहरु र नियमित विकासका प्रकृयाहरु ८३
संकटासन्न समुदाय तथा घरधुरीलाई प्रत्यक्ष लाभ हुने योजना ८३
महत्वपूर्ण र संवेदनशील पूर्वाधारको संरक्षण ८३
प्रकृति र प्राकृतिक स्रोतहरूको संरक्षण ८४
रोजगारी सृजना र आयस्रोतको संरक्षण ८४

## तालिकाको सूची:


तालिका १ : पञ्चपुरी नगरपालिका, सुर्खेतको वडागत जनसंख्याको विवरण....................................१०
तालिका २ : पञ्चपुरी नगरपालिका, सुर्खेतको उमेर समुहको अवस्थाको विवरण...............................१०
तालिका ३ : अपाङ्गताको प्रकार अनुसारको विवरण ..................................................................११
तालिका ४ : लिङ्ग र उमेर समुहअनुसार घरमुलीको अवस्था.......................................................११
तालिका ५ : जातजाति अनुसार जनसंख्या प्रतिसत................................................................११
तालिका ६ : शैक्षिक अवस्था ...................................................................................................१२
तालिका ७ : संचार सेवा ........................................................................................................१२
तालिका ८ : सडक संचालन .....................................................................................................१४
तालिका ९ : पानीको स्रोत अनुसार खानेपानी प्रयोग गर्ने घरधुरीहरु...........................................१५
तालिका १० : सेवा प्रदायक संघसंस्थाहरुको विवरण............................................................... १७
तालिका ११ : प्रकोपको ऐतिहासिक घटनाक्रम.......................................................................... २१
तालिका १२ : प्रकोपको अवस्था र जोखिम विश्लेषण ............................................................. २३
तालिका १३ : संकटासन्नवर्ग तथा सामाजिक समूहहरुको पहिचान ............................................. २४
तालिका १४ : वडाहरुको जोडागत जोखिम स्तरीकरण ........................................................... २६
तालिका १५ : प्रकोपको स्तरीकरण ........................................................................................ २६
तालिका १६ : परिवर्तित प्रकोप, वाली तथा मौसमी पात्रो..........................................................२८
तालिका १७ : जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण...............................................३०
तालिका १८ : वडा अनुसार सम्पन्नता स्तरीकरण मापनको विवरण..............................................३०
तालिका १९ : पञ्चपुरी नगरपालिकाको जोखिमको रुपरेखा......................................................... ३१
तालिका २० : विषयगत क्षेत्रमा पारेको प्रभाव........................................................................... ३३
तालिका २१: वन जङ्गल पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण................................३५
तालिका २२ : कृषि पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ..................................३६
तालिका २३ : जल पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ...................................३६
तालिका २४ : पारिस्थितिकीय प्रणालीहरुको तुलनात्मक जोखिम विश्लेषण ....................................३७
तालिका २५ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनका क्रियाकलापहरुको पहिचान...४०
तालिका २६: अनुकूलन तथा विपद जोखिम न्युनिकरण कार्यहरुको प्राथमिकीकरण............................. ४३
तालिका २७ : स्थानीय अनुकूलन योजना, पञ्चपुरी नगरपालिका सुर्खेत......................................... ४४
तालिका २८: योजना तर्जुमा प्रक्रियाको समायोजन ............................................................ .६०
तालिका २९ : अनूगमन तथा मुल्याङ्कनयोजना...................................................................... ६१

## चित्रको सूचीः

चित्र १ : लापा खाकाको समग्र प्रक्रिया ........................................................................४
चित्र २ : स्थानीय अनुकूलन कार्ययोजना........................................................................५
चित्र ३ : पञ्चपुरी नगरपालिकाको GIS नक्शा ....................................................................८
चित्र ४ : पञ्चपुरी नगरपालिकाको भिरालोपना तथा उचाई.......................................................९
चित्र ५ : वडा अनुसार महिला पुरुषको जनसंख्या ............................................................... १६
चित्र ६ : भुउपयोग सम्वन्धी नक्शा ............................................................................... १६
चित्र ७ : वनस्रोत, खोलानाला, कृषि तथा वस्ती सहितको ....................................................... १६
चित्र ८ : अधिकतम, न्यूनतम र औसत तापक्रमको अवस्था .................................................... १९
चित्र ९ : वार्षिक वर्षा र ऋतु अनुसार वर्षाको विवरण ......................................................... . २०
चित्र १० : समग्र जोखिमको अवस्था ............................................................................ २७
चित्र ११ : VRA नक्शा............................................................................................. २८
चित्र १२ : पञ्चपुरी नगरपालिकाको सम्पन्नता स्तरीकरण......................................................... ३२

## स्थानीय अनुकूलन कार्ययोजनाको सारांश

जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया भएतापनि मानव क्रियाकलापले यसको प्रवेगदरमा बृद्धि ल्याएको तथ्यलाई नकार्न नसकिने अहिलेका स्थिति छ र यसबाट सिर्जित प्रकोपहरुसँग जुध्न अहिलेको प्रमुख चुनौती रहेको छ । अहिले विश्वको ध्यान नै जलवायु परिवर्तनको असरबाट विश्वलाई जोगाउने, यसबाट निम्तिने प्रकोपहरुसँग जुध्ने, जीविकोपार्जनमा सुधार ल्याउने र समानुकूल बढाउन कसरी गर्ने तर्फ आकृष्ट भएको अवस्थामा नेपाल पनि अछुतो नरहने देखिन्छ । तसर्थ नेपाल सरकारले स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउन, अनुकूलित क्षमता बृद्धि, विपद जोखिम व्यवस्थापन र समानुकूलन बढाउन वर्तमान परिपेक्ष्यमा सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिकाले पनि यसबाट सृजित तथा भविश्यमा हुन सक्ने प्रतिकुल प्रभावहरुसँग अनुकूलित हुने क्षमताको अभिबृद्धि गर्न परिमार्जित स्थानीय अनुकूलन कार्ययोजना निर्देशिका २०७६ ले निर्दिष्ट गरेका विधि, प्रक्रिया, चरण र औजारहरुलाई नै अवलम्बन गरी बहुसरोकारवाला निकायहरु जस्तैः नगरपालिका जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, संघसँस्थाका प्रतिनिधिहरु, समाजसेवी, बुद्धिजीवी, आमा समूह, सामुदायिक वनका प्रतिनिधि, दलित, महिला, जनजाति, जोखिम क्षेत्रका प्रतिनिधि, अन्य संघसंस्थाहरुको प्रत्यक्ष सहभागितामा वडा स्तरबाट पहिचान भएका प्रभावहरु तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरी आ.व. २०८०/०८१ देखि ०८४/०८५ सम्मको लागि यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

यस नगरपालिकाको स्थानीय विपद् ब्यावस्थापन तथा स्थानीय अनुकूलन कार्ययोजना प्रतिवेदनको शारांसलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

| शिर्षक | विवरण |
|---|---|
| **नगरपालिका** | पञ्चपुरी नगरपालिका, सुर्खेत जिल्ला |
| **सिमाना** | पूर्व : बराहताल गाउँपालिका, पश्चिम : चौकुने गा.पा., उत्तर : कर्णाली नदी र दक्षिण : वर्दिया राष्ट्रिय निकुञ्जको भाग |
| **भूउपयोग/बनावट** | नगरपालिकाको कुल क्षेत्रफल ३२९.९ वर्ग कि.मी. रहेको छ जसमा कृषियोग्य जमिन ६,८२० हेक्टर, खेती गरिएको जमिन, ३,२०६ हेक्टर र सिंचित क्षेत्रफल १,७७८ हेक्टर रहेको छ भने, सामुदायिक वन ५१ वटाको क्षेत्रफल १०,२३६.७९ हेक्टर, सरकारी तथा सार्वजनिक जग्गा ७५ विगाह, पर्यटकीय तथा धार्मिक/साँस्कृतिक स्थल ४१ वटा र मुख्य नदीनाला ९ वटा रहेका छन् । त्यस्तै क्षेत्रफलको आधारमा यस नगरपालिकाको सबै भन्दा ठूलो वडा नं. १० रहेको छ भने सबै भन्दा सानो ३ नं. वडा रहेको छ । समुन्द्री सतहको १९८ मि. देखि २१०० मि. सम्म उचाईमा रहेको यस नगरपालिकाको अक्षांश २८° ३९' ४६'' उत्तर देखि २८° ५४' ५०'' उत्तर सम्म र देशान्तर ८१° १५' २७'' पूर्व देखि ८१° ३१' २९'' पूर्व सम्म फैलिएको छ ।<br>***स्रोतः पञ्चपुरी न.पा.को वस्तुगत विवरण आ.व.-०७९/८०*** |
| **घरधुरी एवं जनसंख्या** | घरधुरी- ७,८०३, जनसंख्या-३५,८३९ (महिला १८,६०९ र पुरुष १७,२३०)<br>***स्रोतः राष्ट्रिय जनगणना २०७८*** |
| **हावापानी** | न्यानो, सुख्खा र उपोष्ण हावापानी |
| **क्षेत्रफल** | ३२९.९ वर्ग कि.मि. |
| **प्रमुख जीविकोपार्जनका आधार** | कृषि तथा पशुपालन, व्यापार व्यवशाय र वैदेशीक रोजगार |
| **मुख्य जलवायुजन्य प्रकोप** | बाढी, खडेरी, वन्यजन्तु आतंक, कृषिमा रोग, आगलागी, चट्टयाङ, पहिरो, असिना, पशुरोग, हावाहुरी, मानवरोग र तुषारो पर्दछन् । |
| **समुदायको संकटासन्नता स्तर** | १९ समुदाय उच्च, २७ समुदाय मध्यम र २२ समुदाय न्यून जोखिममा रहेको |
| **वडाको संकटासन्नता स्तर** | उच्चः वडा नं. १, १०, ११, ७, र ३ मध्यमः ५, ८ र ९ न्यूनः वडा नं. २, ६ र ४ |
| **घरधुरीको संकटासन्नता स्तर** | २,६६० घरधुरी उच्च, २,९८६ घर मध्यम र २,१९३ घर न्यून जोखिममा रहेको |
| **परिकल्पना** | जलवायुजन्य परिवर्तनका कारण सम्भावित विपद तथा जोखिम कम गर्न, विपदको समयमा आपतकालीन कार्य सम्पादन गर्न, प्रभावकारी प्रतिकार्य गर्न र विपद पश्चात पुनःस्थापन तथा पुनर्निर्माणका लागि दिशा निर्देश गर्नका साथै सँकटासन्न तथा |

| शिर्षक | विवरण |
|---|---|
| | जोखिमयुक्त समुदायको अनुकूलन क्षमता अभिबृद्धि भई एउटा जलवायुमैत्री नगरपालिकाको रुपमा विकसित भई जीविकोपार्जनको स्रोतमा टेवा पुऱ्याउने छ । |
| **आशातित उपलब्धी** | जलवायु परिवर्तनका कारण हुने प्रकोप तथा विपदलाई विकासका क्रियाकलापहरुमा मुल प्रवाहीकरण गरी विपदको हकमा न्यूनीकरण र जलवायु परिवर्तनसँग अनुकूलीत हुदै तनाव रहीत एक उत्थानशील समुदायको रुपमा परिचित हुनेछन् । |
| **मुख्य भूमिका/सहयोग गर्न सक्ने निकायहरु** | नगरपालिका, वडा कार्यालय, जि.स.स, हुलाक, विपद् व्यवस्थापन समिति, पशु सेवा केन्द्र, स्वास्थ्य चौकी, कृषि ज्ञान केन्द्र तथा कृषक समूह, सा.व. उपभोक्ता समूह, जिल्ला वन, ईलाका प्रशासन लगायत अन्य गैरसरकारी संस्था, सहकारी संस्था, खानेपानी उपभोक्ता समिति, विद्यालय, रेडक्रस, सशस्त्र, नेपाली सेना, ट्राफिक प्रहरी, प्र.का., उद्योग वाणीज्य, रेमीट्यान्स, वैंक तथा वित्तीय संस्थाहरु, युवाक्लबहरु, महिला समूह, आमासमूह, बचत समूह, संचार (एफ.एम.) आदि । |
| **क्षमता विकास** | नगरपालिका, वडा र बस्ती स्तर गरी तीन वटै तहका कार्यान्वयनकर्ता, व्यवस्थापक, अनुगमनकर्ता समेत स्थानीय तहमा विषयगत क्षेत्रको जनशक्ति विकास कार्य गरिने छ । |
| **लैंगिक तथा सामाजिक समावेशीकरण** | जलवायु परिवर्तन तथा गैर जलवायु परिवर्तनले गर्दा मानवीय तथा पारिस्थितिकीय प्रणालीमा देखिएको नकारात्मक असरहरुलाई सम्बोधन गर्नको लागि तर्जुमा गरिएको अनुकूलन क्रियाकलापहरुमा बृद्धबृद्धा, गर्भवती र सुत्केरी महिला, २ वर्षमुनीको बच्चा, विपन्न, जनजाती, दलित, महिला, फरक क्षमता भएका र पछाडि पारिएका वर्गहरुको पहुंच तथा नियन्त्रणको अवस्था सुनिश्चितता गरिएको छ । |
| **योजनाको समायोजन** | तयार गरिएको स्थानीय अनुकूलन योजनालाई दिगो र संस्थागत रुपमा कार्यान्वयन गर्नको लागि नगरपालिकामा तयार हुँदै गएको आवधिक नगरपालिका र वडाको योजनामा तथा आगामी वर्ष देखि राष्ट्रिय योजना तर्जुमा प्रक्रिया अनुसार समायोजन गरिने छ । अन्य सरकारी तथा गैर सरकारी निकायको वाार्षिक योजनामा समेत समावेश गराउनको लागि पैरवी गरिनेछ । |
| **योजना कार्यान्वयन** | नगरपालिका तथा वडाकार्यालयको नेतृत्व तथा स्थानीय सेवा प्रदायक संघसंस्थाको सहकार्यमा कार्यान्यन गरिने छ । |
| **अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कन** | कार्यक्रमको अनुगमन तथा मुल्याँकन जिल्लातह, नगरपालिका तथा वडा कार्यालय र लक्षित समुदायहरु मार्फत स्वअनुगमन, सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन एवं अनुगमन तथा व्यवस्थापन समिति मार्फत कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ । साथै यस योजना अन्तर्गत कार्यान्वयन भएका क्रियाकलापहरु, आर्थिक एवं महत्वपूर्ण उपलब्धीहरुको अभिलेख व्यवस्थित गरिनेछ । |

आगामी पाँच वर्षको लागि तयार गरिएको स्थानीय अनुकूलन कार्ययोजनाका क्रियाकलापहरुको विषयगत क्षेत्र अनुसार बजेट सहितको संक्षिप्त रुप:

| क्र.सं. | विषयगत क्षेत्रहरु | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा | २०५० | ४२५० | २०५० | २०५० | २०५० | **१२४५०** |
| २ | बन, जैविक विविधता, जलाधार संरक्षण | १०९५० | १२४५० | १०९५० | ८४५० | ७९५० | **५०७५०** |
| ३ | जलस्रोत तथा उर्जा | ९००० | ८००० | ८००० | ७५०० | ६५०० | **३९०००** |
| ४ | स्वास्थ्य, खानेपानी तथा सरसफाई | ११००० | ६५०० | ६००० | ६००० | १००० | **३०५००** |
| ५ | स्थानीय ग्रामीण तथा शहरी वस्ती | ० | ० | ० | ० | ० | **०** |
| ६ | जलवायुजन्य प्रकोप नियन्त्रण तथा विपद् जोखिम व्यवस्थापन | १४००० | २५५०० | ८००० | ८००० | ४००० | **५९५००** |
| ७ | उद्योग यातायात तथा भौतिक पूर्वाधार | ० | ६००० | ० | २५००० | ० | **३१०००** |
| ८ | पर्यटन एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदा | ४१०० | ८००० | ९००० | ८००० | ३००० | **३२१००** |
| ९ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण, जीविकोपार्जन र सुशासन | २९०० | १२८५० | १५०० | १५०० | ८०० | **१९५५०** |
| १० | जनचेतना अभिवृद्धि, क्षमता विकास तथा अनुगमन | १७०० | २७०० | २२०० | २७०० | २७०० | **१२०००** |
| | **जम्मा** | **५५७००** | **८६२५०** | **४७७००** | **६९२००** | **२८०००** | **२८६८५०** |

# परिच्छेद् १ः परिचय

## १.१ योजनाको परिचय तथा औचित्य, मान्यता र आवश्यकता

जलवायु परिवर्तन प्राकृतिक प्रकृया भएतापनि मानव विकास, विलासीयुक्त जीवन, वन विनास र बढदो औधोगिकरणका कारणले हरितगृह ग्याँसको उत्सर्जन भएर जलवायु परिवर्तनको प्रत्यक्ष असर वायुमण्डलीय तापक्रममा बृद्धि र वर्षको समय तथा मात्रामा विषमता देख्न सकिन्छ र यस्ता असरहरुले वर्षेनी नेपालमा बाढी, पहिरो, सुख्खा खडेरी, रोगकिरा, हावाहुरी, आगलागी, जनावर आतंक, असिना, महामारी, सितलहर, चट्याङ्ग, लु जस्ता घटनाहरु बढी मात्रामा दोहोरिरहेका छन् । यसको प्रभाव प्रत्यक्ष रुपमा जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाध सुरक्षा, जल स्रोत तथा उर्जा, वन, जैविक विविधता, नागरिक स्वास्थ्य, शहरीकरण तथा भौतिक पूर्वाधारको क्षेत्रमा देखापर्न थालिसकेको छ ।

सन २०१६ को जल तथा मौसम विज्ञान विभागको प्रतिवेदन अनुसार नेपालको प्रति बर्ष अधिकतम औषत तापक्रम ०.०५६ डिग्री सेल्सियसले बढेको छ भने न्युनतम तापक्रम ०.००२ बढेको छ । सोही प्रतिवेदन अनुसार सन १९७१ देखि २०१४ सम्ममा नेपालको औषत बर्षा १.३३ मि.मि घटेको देखिन्छ । जर्मनवाचद्धारा प्रकाशित ग्लोकलले क्लाइमेट रिस्क इन्डेक्स-२०२१, को १६ संस्करणका अनुसार सन् २०००-२०१९ को अवधिमा जलवायु परिवर्तनवाट प्रभावित प्रमुख दस देशको सूचीमा नेपाल दशौ नम्बरमा परेको छ । ११ हजार भन्दा वढी त्यस्ता घटनाहरुको कारण ४,७५,००० भन्दा बढी व्यक्तिले जीवन गुमाए र विश्व अर्थतन्त्रले २.६६ ट्रिलियन अमेरीकी डलरको नोक्सानी बेहोर्नु पऱ्यो । जलवायु परिवर्तनले गर्दा तापक्रममा बृद्धि हुने, वर्षमा परिवर्तन हुने र समग्र पृथ्वीको प्राकृतिक सन्तुलनमा फरक पर्न थालेको महशुस हुन थालेको छ ।

जलवायु परिवर्तनका नकारात्मक असरबाट गरिब, विपन्न, महिला, बालवालिका, वृद्धवृद्धाहरु, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक श्रोतमा आश्रित समुदायहरु बढी प्रभावित हुन्छन भन्ने विभिन्न अध्ययनहरुले प्रस्ट पारिसकेका छन् । यस्तो प्रकारको प्रकोप बढ्दै गइरहेको महशुस यस पञ्चपुरी नगरपालिकाका वासिन्दाले पनि अनुभव गर्न थालेका छन् । यस नगरपालिकाका अधिकांश घरधुरीहरु कृषि तथा पशुपालनमा निर्भर रहेका छन् तर बाढी, पहिरो, खडेरी, अनियमित वर्षाबाट यहाँको कृषि उत्पादनमा असर परी यहाँको जीविकोपार्जनको पद्धतिमा नकारात्मक असर पार्दै गरेको सन्दर्भमा बढ्दै गएको जलवायुजन्य प्रकोपबाट परेको तथा पर्न सक्ने प्रतिकूल प्रभावबाट स्थानीय स्तरमा अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानिय अनुकूलन योजना तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यहोरा राष्ट्रिय संरचनाले दर्शाएको छ ।

सोही सन्दर्भमा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम दोस्रो चरणको आर्थिक सहयोगमा पञ्चपुरी नगरपालिकाको आयोजनामा माउन्टेन रिसर्च एण्ड डेभेलोपमेन्ट फाउन्डेशन (MRDF) को सहजीकरणमा यस पञ्चपुरी नगरपालिकामा नेपाल सरकारबाट स्वीकृत स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना अनुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरी बहुसरोकारवाला निकाय जस्तैः नगरपालिकाका प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधि, शिक्षक, सुरक्षा निकाय, समाजसेवी, राजनैतिक दलका प्रतिनिधि, प्राकृतिक श्रोत व्यवस्थापन समूहका प्रतिनिधि, महिला, पुरुष लगायत अन्य बुद्धिजीविहरुको सहभागितामा मिति २०८० वैशाख १५ गते देखि २०८० जेठ २९ सम्म संचालित जलवायु परिवर्तन अनुकूलन सम्बन्धी अभिमुखीकरण एवं मस्यौदा उपर छलफल र अनुमोदनका बिभिन्न गोष्ठी तथा कार्यक्रमहरु सन्चालन गरी आगामी ५ बर्षका लागि जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । यस योजनाबाट यहाँका वासिन्दाको अनुकूलन क्षमतामा अभिवृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास गर्दै यस योजनालाई पञ्चपुरी नगरपालिकाको विषयगत योजना बनाई नियमित योजना तर्जुमा प्रकृया मार्फत नगरपालिका, प्रदेश लगायत राष्ट्रिय योजनामा समावेश गरिने छ । साथै यस नगरपालिकामा सञ्चालन हुने अन्य विकास कार्य समेत जलवायु परिवर्तन अनुकूलन मैत्री बन्दै जाने विश्वास गरिन्छ । यो योजनाको कार्यान्वयनको प्रत्येक चरणमा वृद्धवृद्धा, नावालक, फरक क्षमता भएका र महिला संवेदनशीलतालाई ध्यानमा राख्दै क्रियाकलाप सञ्चालनमा बढी भन्दा बढी विपन्न वर्गको सहभागितालाई सुनिश्चित गरिनुका साथै समावेशीकरणलाई प्राथमिकता प्रदान गरिने छ ।

## १.२ योजनाको लक्ष्य, मान्यता एवम् निर्देशक सिद्धान्तहरू

स्थानीय अनुकूलन कार्ययोजनाका निर्दीष्ट सिद्धान्तहरु (समावेशी, उभर्वगामी, लचिलो, तत्परता) लाई आधार विन्दु मानिने छ । पञ्चपुरी नगरपालिकामा स्थानीय अनुकूलन कार्ययोजनाले पञ्चपुरी नगरपालिका अन्तर्गत पर्ने सम्पुर्ण वडाहरु, वस्ती र टोलमा तथा समुदायको अनुकूलन क्षमता अभिवृद्धि भई जीविकोपार्जनमा सुधार पुऱ्याएको हुनेछ । यस योजनाका औचित्य निम्नानुसार रहेका छन् ।

- अति जलवायु सङ्कटासन्न वडा, टोल वस्ती तथा समुदाय र तिनका अनुकूलन चुनौती तथा अवसर लगाएतका कार्य पहिचान गर्न ।
- स्थानीय समुदायले आफ्ना आवश्यकतावारे आफै निर्णय गर्न सहज तरिका प्रयोग गर्न सक्ने गरी आफ्ना कार्यहरुको पहिचान तथा प्राथमिकीकरण गर्न ।
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न र स्थानीय स्वायत्त शासन ऐन बमोजिम सो कार्ययोजनालाई स्थानीय तथा राष्ट्रिय स्तरका योजनामा समेत समावेश गर्न ।
- सेवा प्रदायक निकायले समयमै प्रभावकारी ढङ्गले स्रोत परिचालन गरी अनुकूलन कार्य क्रमबद्ध रुपमा अपनाउन /कार्यान्वयन गर्न ।
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न कार्यक्रमको अनुगमन तथा मुल्याँकन गर्न र
- स्थानीय तथा राष्ट्रिय योजनालाई लागतको आधारमा प्रभावकारी विकल्प पहिचान गर्न ।

### मान्यताः

- स्थानीय जलवायु अनुकूलन कार्ययोजना स्थान विशेष अनुसार फरक फरक हुन्छ ।
- स्थानीय समुदाय तथा सरोकारवालाहरुको सहभागीतामा लक्षित क्षेत्र वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असर सामना गर्न अनुकूलनका उपायहरुको प्राथमिकीकरण गरी स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- नगर स्तरीय अनुकूलन योजनाले लक्षित वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरुको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ ।
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा नगरपालिकामा रहेको सम्पुर्ण सरोकारवालाहरुलाई समावेश गरिएकोले योजनालाई प्राथमिकता साथ कार्य गर्न उपयुक्त वातावरण श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रीय संरचनाको निर्देशशक सिद्धान्त उर्ध्वगामी, समावेशी, तत्परता र लचिलोमा आधारीत भई स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारीत भई जलवायु परिवर्तनले असर गर्ने सवै विषयगत क्षेत्र समेटी विभिन्न सरोकारवाला निकायहरुको सहभागीतामा योजना तयार गरिएको छ ।
- स्थानीय अनुकूलन योजना तयार गर्दा स्थानीय विपद व्यवस्थापनका पक्षहरुलाई पनि विशेष स्थान दिईएको छ ।

## १.३ स्थानीय अनुकूलन योजना र विपद जोखिम व्यवस्थापन बीच अन्तरसम्बन्ध

स्थानीय अनुकूलन कार्ययोजना तयारीको लागि वन तथा वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाका राष्ट्रिय संरचना तयार गरी लागू गरेको छ भने स्थानीय विपद व्यवस्थान योजना तयारीको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट मार्गदर्शन तयार गरी लागू गरेको छ । यो दस्तावेजको लागि गृह मन्त्रालयवाट मार्गदर्शन लागू गरिएको भएतापनि यसको उद्धेश्य, आशय, योजना तर्जुमा प्रक्रिया र विधिमा खासै भिन्नता देखिदैन । दुवै योजनाको मुख्य उद्धेश्य नेपालले भोगिरहनु पर्ने र दोहोरिने वाढी पहिरो, माहामारी, आगलागी, सुख्खा खडेरी, शितलहर, असिना जस्ता विनासकारी समस्या तथा जोखिमहरुसँग जुध्न उत्थानशील समुदायको निर्माण गर्नु रहेको छ । स्थानीय अनुकूलन योजनाले जलवायु परिवर्तनवाट सिर्जित जलवायुजन्य प्रकोपहरुमा केन्द्रीत भई संकटासन्न समुदायको अनुकूलित क्षमतामा अभिबृद्धि गर्ने उद्धेश्यका साथ योजना तयार गरेको र स्थानीय विपद व्यवस्थापन योजनाले जलवायुजन्य तथा अन्य प्रकोपहरुलाई समेटी विपद व्यवस्थापनका पक्षलाई केन्द्रीत गरी योजना तयार गरी कार्यान्वयन गर्ने भएकाले स्थानीय अनुकूलन योजना र स्थानीय विपद जोखिम व्यवस्थापन योजनालाई समायोजन गर्नुपर्ने आवश्यक देखिन्छ । विपद व्यवस्थापन योजनामा समावेश भएगरेका विपद व्यवस्थापन सम्बन्धी योजनाहरु

पनि स्थानीय अनुकूलन योजनामा समावेश गरी कार्यान्वयन गर्दा अझ वढी प्रभावकारी हुने देखिएकोले दुवै योजनाहरुलाई संयुक्त रुपमा समान पक्षहरुलाई समावेश गर्ने प्रयास गरिएको छ ।

### १.४ योजना तयारीका चरण तथा प्रकियाहरु

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परिमार्जित स्थानीय अनुकूलन कार्य योजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद्जोखिम व्यवस्थापन योजनातर्जुमा निर्देशिका २०६८, वातावरण नीति, २०७६ लाई आधार मानिएको छ । स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको (लापा) राष्ट्रिय संरचनाका चार निर्देशक सिद्धान्तहरु (उर्ध्वगामी, तत्परता, लचकता र समावेशी) र छ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधि तथा औजारहरुको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ ।




**चित्र १ लापा खाकाको समग्र प्रक्रिया**

स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठी पञ्चपुरी नगरपालिकामा जनप्रतिनिधिहरु र पालिका स्तरीय सरोकारवालाहरुलाई जलवायु परिवर्तन अनुकूलन सचेतिकरण गरेर शुरुवात गरिएको थियो । सो गोष्ठिमा नगरपालिका क्षेत्रमा मुख्य मुख्य प्रकोपहरुको पहिचान साथै जोखिमहरुको विश्लेषण गरिएको थियो । त्यसैगरी वडा स्तरमा जलवायु परिवर्तन सम्बन्धि सचेतिकरण, प्रकोपको पहिचान र वस्तिहरु छनौट पश्चात् बस्तिहरुमा संकटासन्नता लेखाजोखा र अनुकूलनका कियाकलापहरुको पहिचान गरिएको थियो । वडामा संकटासन्न्ता लेखाजोखा, प्रकोप स्रोत नक्सांकन समेत तय गरी अनुकूलनका कियाकलापहरु पहिचान गरिएको थियो । प्रत्येक कियाकलापहरुलाई विभिन्न सुचकको आधारमा प्राथामिकिकरण गरिएको हो । प्रत्येक वडाबाट आएका सूचनाहरुलाई पुन नगरपालिकामा प्रस्तुत गरिएको थियो । वडाहरुको स्तरीकरण, स्रोत नक्सांकन, नगरपालिकाको जोखिम विश्लेषण, नगरपालिका स्तरीय अनुकूलनका कियाकलापहरु पहिचान साथै वर्गीकरण गरिएको हो ।




*चित्र २ : स्थानीय अनुकूलन कार्ययोजना विधि प्रक्रिया*

## १.५ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

जलवायु परिवर्तन नविनतम विषयवस्तु भएकाले जलवायु परिवर्तनले पार्ने असर तथा प्रभावलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न जलवायुले के कस्तो असर पारेको छ, के कस्तो प्रभाव पार्न सक्दछ, अनुकूलनका विद्यमान अवसर वा चुनौती के के छन् र त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन कसरी जुटाउने आदि सूचना स्थानीय स्तरमा जानकारी गराउन समुदाय, वडा तथा बस्ती स्तरमा ११ वटा संकटासन्नता तथा क्षमता बिश्लेषण र नगरपालिका स्तरमा सचेतना तथा अभिमुखीकरण कार्यक्रम मिति २०८० वैशाख १५ मा र योजना तर्जुमा तथा मस्यौदा छलफल गोष्ठी मिति २०८० जेठ २९ मा सन्चालन गरिएको थियो । जसमा ११ वटै वडाका १४३ महिला र २३४ पुरुष गरी जम्मा ३७७ जनाले प्रत्यक्ष जलवायु परिवर्तन अनुकूलन सम्बन्धी ज्ञान पाएका छन् । यस सचेतना कार्यक्रममा सङ्कटासन्न समुदाय, स्थानीय निकाय, राजनीतिक दल, शैक्षिक एवं सेवा प्रदायक संघ-संस्था, विज्ञ, दलित, महिला, फरक क्षमता भएका समूह, जनजाति, किसान, युवा र सर्वसाधारणलाई सहभागी गरिएको थियो । सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धि पावरप्वाईन्ट मा प्रस्तुति, फ्लेक्स चार्ट, सामुहिक छलफल, लघुप्रवचन, सामुहिक कार्य जस्ता प्रशिक्षण बिधिको प्रयोग गरिएको थियो ।

## १.६ सङ्कटासन्नता तथा जोखिम विश्लेषण

यस नगरपालिकाभित्र रहेका विभिन्न वडाहरूमा जलवायुजन्य प्रकोपका कारणले सिर्जित जोखिम पहिचान गर्नका लागि सूचकमा आधारित सङ्कटासन्नता तथा जोखिम विश्लेषण विधिको प्रयोग गरिएको छ । यस विश्लेषणका लागि आवश्यक सूचकहरू छनौट गरिएको छ । सुचकहरुको सूचनाका स्रोतहरूमा पालिकाको

पार्श्वचित्र,सरोकारवालाहरुसंगको अन्तर्क्रिया र अन्य प्रतिवेदनहरूको समिक्षा तथा पुनरावलोकनलाई लिईएको थियो । सङ्कटासन्नता तथा जोखिम विश्लेषणको नक्शालाई अनुसूचीमा उल्लेख गरिएकोछ ।

| प्रकोपहरु | सम्मुखताका सुचकहरु | संवेदनशीलताका सुचकहरु | अनुकूलनशीलताका सुचकहरु |
|---|---|---|---|
| बाढी | वन क्षेत्र | अपाङ्ग अवस्थाको विवरण | सामुदायिक वनहरु |
| खडेरी | कृषियोग्य क्षेत्र | अपाङ्गताको प्रकार अनुसारको जनसंख्या | स्वास्थ्य संस्थाहरु |
| आगलागी | वस्ती | वडागत जनसंख्या | दक्ष जनशत्ति |
| पहिरो | भौतिक पुर्वाधार | लिङ्ग र उमेर समुह अनुसार घरमुलीको संख्या | कृषि, वन, स्वास्थ्य सम्वन्धी तालिम प्राप्त व्यक्तीहरु |
| हावाहुरी | जनसंख्या | जातजाति अनुसार जनसंख्या प्रतिसत | खानेपानी तथा सिंचाईको उपलब्धता |
| असिना | | | समुह, संजाल |
| चट्याङ | | | परम्परागत ज्ञानसीप |

## १.७ प्रकोप व्यवस्थापन तथा अनुकूलनका उपायहरू तथा प्राथमिकीकरण

सङ्कटासन्न व्यक्ति, समुदायहरु, जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीको जानकारी अनुसार जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका कार्यक्रमहरू तयार गरिएको छ । यसलागि वडा अध्यक्ष, वडा सदस्यहरू, कृषकहरू, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि, महिला समूहका प्रतिनिधि, सम्बन्धित सरकारी अधिकारीहरू, विषयगत शाखाका प्रतिनिधिहरु तथा विभिन्न सरोकारवालाहरूको उपस्थितिमा ऐतिहासिक समयरेखा, सङ्कटासन्नता नक्साङ्कन, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, कृषि, वन, जल पारिस्थितिकीय प्रणालीमा परेका प्रभाव, जीविकोपार्जनका स्रोत माथिको जोखिम विश्लेषण, अनुकूलनका उपायहरूको प्राथमिकीकरणका कार्यहरु सहभागितामूलक अभ्यास तथा विश्लेषण गरी आएका नतिजाहरू परिच्छेद ३ मा उल्लेख गरिएको छ ।

## १.८ अनुमोदन तथा आवधिक योजनामा समायोजन

नगरपालिकाद्वारा आयोजित बैठकले विभिन्न विधि, प्रक्रिया तथा तरिकाहरू प्रयोग गरी तयार पारिएको स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको मस्यौदालाई आवश्यक पृष्ठपोषण सहित पारित गरेको थियो । उक्त बैठकले यस कार्ययोजनालाई नगरपालिकाको एक अभिन्न अङ्गको रूपमा ग्रहण गर्दै आगामी वर्षहरूमा वार्षिक तथा आवधिक योजना निर्माण गर्दा यस योजनालाई अङ्गिकार गर्ने निर्णय पनि गरेको थियो ।

# परिच्छेद २ : पञ्चपुरी नगरपालिकाको परिचय तथा अवस्थिति

## २.१ नगरपालिकाको भौगोलिक अवस्थिति र भूबनोट

वनजंगल, वनपैदावार र कृषि उत्पादनलाई मुख्य आम्दानीको स्रोत मान्न सकिने यस नगरपालिकाको बाबियाचौर बजारलाई मुख्य व्यापारिक केन्द्र बनाई प्राकृतिक, नदीजन्य उत्पादन र तरकारी निर्यातका लागि प्रसिद्ध मानिदै आएको छ । सुर्खेत जिल्लाको सदरमुकाम विरेन्द्रनगर देखि पश्चिम क्षेत्र पञ्चपुरीको काखमा अवस्थित साविकका सालकोट, बाबियाचौर, छाप्रे, विद्यापुर र तातापानी गरी ५ वटा गा.वि.स. मिली पञ्चपुरी नगरपालिका बनेको छ । उत्तरमा कर्णाली नदी, दक्षिणमा बर्दिया राष्ट्रिय निकुञ्जको भाग, पूर्वमा बराहताल गाउँपालिका र पश्चिममा चौकुने गाउँपालिका रहेको यस नगरपालिकाको अक्षांश २८° ३९' ४६'' उत्तर देखि २८° ५४' ५०'' उत्तर सम्म र देशान्तर ८१° १५' २७'' पूर्व देखि ८१° ३१' २९'' पूर्व सम्म फैलिएको छ । यस नगरपालिकको २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या ३५ हजार ८ सय ३९ जना रहेका छन् । विशेषगरी ब्राहमण, क्षेत्री, मगर, दलितहरुको उच्च बसोबास रहेको देखिन्छ । यस क्षेत्रका समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ । जसमा साविकको सालकोट गा.वि.स.लाई वडा नं.१, २ र ३ मा, बाबियाचौर गा.वि.स.लाई ४, ५ र ६ मा, छाप्रे गा.वि.स.लाई वडा नं. ७ मा, विद्यापुर गा.वि.स.लाई ८ र ९ मा र तातापानी गा.वि.स. लाई १० र ११ वडाहरूमा विभाजन गरिएको छ ।

सदरमुकामवाट १५ कोषको दुरीमा रहेको यो नगरपालिकाको पूर्वमा बराहताल गाउँपालिका, दक्षिणमा बर्दिया राष्ट्रिय निकुञ्जको भाग, उत्तरतर्फ कर्णाली नदी तथा दैलेख जिल्लाको भाग र पश्चिममा चौकुने गाउँपालिकाको भाग रहेको छ । समुद्री सतहको १९८ मिटर देखि २,१०० मिटर सम्मको उचाईमा अवस्थित यस पञ्चपुरी नगरपालिकाको सदरमुकाम र व्यापारिक क्षेत्रका रूपमा बाबियाचौर क्षेत्रलाई लिइएकोछ । यस नगरपालिकाको धेरैजसो क्षेत्र जंगल तथा खेतियोग्य जमिनमा उर्वर क्षमता रहेको पाइन्छ । यो नगरपालिका जिल्लाको पश्चिमको केन्द्रको रुपमा विकास हुदै गएको छ । कैलाली जिल्लाको कर्णाली चिसापानीबाट जामु कुइने बाबियाचौर हुदै अछामको जङ्लाघाट जोड्ने सडकको थालनीले ७ नं. प्रदेशको लिंक रोडको काम गरी बाबियाचौरलाई केन्द्र बनाई वीरेन्द्रनगर तथा सुर्खेत उपत्यकाको प्रवेशद्वारको रुपमा विकास हुदै जाने सम्भावना रहेकोछ । यहाँ न्यानो, सुख्खा, उपोष्ण, हावापानी पाइन्छ । महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, तिजु, बाँझ, कटुस, काफल जातका वनस्पति पाइन्छन् भने जडिबुटी तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, शिकारी लहरा, जिवन्ती आदि प्रशस्त मात्रामा पाइनुका साथै बाँस, निगालो जस्ता डोको डालोका लागि चोयायुक्त वनस्पति पनि यहाँ पाइन्छ र कुच्चो तथा झाडुको लागि अमृसो, बनस्पति पनि प्रशस्त पाइन्छ । यस भु-भागमा औषत १०० मिलिलिटर भन्दा बढी नै वर्षा हुने गर्दछ ।




*चित्र ३: पञ्चपुरी नगरपालिकाको GIS नक्शा*




*चित्र ४: पञ्चपुरी गाउँपालिकाको भिरालोपना तथा उचाईको नक्शा*




*चित्र ४: पञ्चपुरी गाउँपालिकाको भिरालोपना*

| Palikas | Ward | Area (in km2) | |
|---|---|---|---|
| | | slope < 30 % | slope > 30 % |
| Panchpuri | 1 | 8.77 | 19.35 |
| | 2 | 8.02 | 5.14 |
| | 3 | 6.64 | 2.10 |
| | 4 | 11.49 | 3.83 |
| | 5 | 18.06 | 0.67 |
| | 6 | 6.62 | 6.23 |
| | 7 | 11.83 | 49.25 |
| | 8 | 17.78 | 9.79 |
| | 9 | 15.56 | 6.42 |
| | 10 | 42.55 | 27.87 |
| | 11 | 24.38 | 27.22 |

## २.२ सामाजिक, आर्थिक तथा मानवीय अवस्था

### २.२.१ जनसंख्या

यस नगरपालिकामा मूख्य पेशा कृषि, पशुपालन र वैदेशिक रोजगार रहेता पनि हाल नेपाल सरकारका विभिन्न निकायहरुमा सरकारी तथा गैह्रसरकारी जागिर खानेको संख्यामा बिस्तारै बृद्धि हुन थालेको पाईन्छ साथै वहुसंख्यक मानिसको अवस्था कमजोर रहेको छ। यस नगरपालिकाको २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या ३५ हजार ८ सय ३९ जना रहेकोमा १७ हजार २ सय ३० जना पुरुष र १८ हजार ६ सय ९ जना महिला रहेका छन जसमध्ये ४८.१% पुरुष र ५१.९% महिला रहेकाछन् । साक्षरदर ७८.५% रहेको छ । ३.५% अपाङ्ग, जन्मदर्ता गरेको संख्या ७३.०% रहेको छ । आर्थिक रुपले सक्रिय र रोजगारीको अवस्था हेर्दा ४३.५७% जनसंख्या रोजगार रहेको, जसमा २२.५५% महिला र २१.०३% पुरुष रहेका छन् । गरिवी, अशिक्षा, अज्ञानता, भिरालो जमीन, सुख्खा भू बनोट, प्रविधि पहुँचमा कमी, स्रोत साधनको वैज्ञानिक परिचालनमा कमी, दुर्गमता, कमजोर शासन र सार्वजनिक सेवामा कम पहुँचले गर्दा वहुसंख्यक जनताको जीवन जोखिममा रहेको देखिन्छ। यस नगरपालिकामा व्राह्मण, क्षेत्री, ठकुरी तथा दलित जातीको बाहुल्यता रहेको छ, साथै फरक शारिरीक तथा मानसिक क्षमता भएका व्यक्तिहरूको संख्या १,६६२ रहेको छ। जस्मा ९०५ शारीरिक अपाङ्गता, २३२ न्यून दृष्टि, २६६ सुस्त श्रवण, २९ जना दृष्टि बिहिन, ६२ जना बहिरा, ६० जना मानसिक अपांग, ३१ जना बौद्धिक अपांग, ७७ जना बहु अपांग रहेका छन् ।

**तालिकाः १ पञ्चपुरी नगरपालिका, सुर्खेतको वडागत जनसंख्या विवरण** (स्रोतः राष्ट्रिय जनगणना २०७८)

| वडा नं. | पुरुष | महिला |
|---|---|---|
| १ | १०७९ | ११४२ |
| २ | १४६२ | १६९४ |
| ३ | १७७५ | १९७९ |
| ४ | १३९६ | १५०६ |
| ५ | १७९६ | १८३९ |
| ६ | २०१३ | २१३५ |
| ७ | १५६३ | १६०७ |
| ८ | १७२६ | १८९९ |
| ९ | १६५८ | १७९८ |
| १० | १५१२ | १५८६ |
| ११ | १२५० | १४२४ |
| **जम्मा** | **१७२३०** | **१८६०९** |




*चित्र ५ वडा अनुसार महिला र पुरुषको जनसंख्या*

**तालिकाः २ पन्चपुरी नगरपालिका, सुर्खेतको उमेर समूहको अवस्थाको विवरण (स्रोतः राष्ट्रिय जनगणना २०७८)**

| उमेर समुह | पुरुष | महिला |
|---|---|---|
| ९५+ | १६ | २९ |
| ९०-९४ | ६ | १६ |
| ८५-८९ | २४ | २२ |
| ८०-८४ | ६४ | ७७ |
| ७५-७९ | १३४ | २०७ |
| ७०-७४ | ३०९ | ३६३ |
| ६५-६९ | ३५८ | ३९४ |
| ६०-६४ | ४४१ | ४६६ |
| ५५-५९ | ५०६ | ५२५ |
| ५०-५४ | ७२३ | ७९६ |
| ४५-४९ | ६८६ | ८२८ |
| ४०-४४ | ८६९ | १००७ |
| ३५-३९ | ९०६ | ११९२ |
| ३०-३४ | ९९३ | ११९८ |
| २५-२९ | १२८८ | १४९७ |
| २०-२४ | १५६५ | १९५२ |
| १५-१९ | २०९३ | २२२० |
| १०-१४ | २३७४ | २२३४ |
| ५-९ | २०१३ | १९०३ |
| ०-४ | १८६२ | १६८३ |
| **जम्मा** | **१७२३०** | **१८६०९** |

**तालिका ३: अपाङ्गताको प्रकार अनुसारको जनसंख्या (प्रतिशत)**

| अपांगताको प्रकार | कूल | पुरुष | महिला |
|---|---|---|---|
| शारिरीक अपाङ्गता | ४५.६ | ५०.१ | ३९.७ |
| न्युन दृष्टियुक्त | २०.१ | १७.६ | २३.३ |
| दृष्टिविहीन | ४.३ | ३.७ | ४.९ |
| बहिरोपन | ५.६ | ५.५ | ५.९ |
| मनोसामाजिक अपाङ्गता | ३.५ | ३.६ | ३.५ |
| न्युन श्रवणशक्ति | ८.८ | ७.५ | १०.४ |
| बहिरोपन एवम  दृष्टिविहीन | १.५ | १.३ | १.६ |
| मानसिक वा मनोसामाजिक | ३.६ | २.७ | ४.८ |
| वौद्धिक अपाङ्गता | ०.४ | ०.६ | ०.२ |
| अनुवंशीय रक्तश्राव (जेमोफेलिया) | ०.२ | ०.३ | ० |
| अटिजम | ०.५ | ०.६ | ०.४ |
| बहुअपाङ्गता | ६ | ६.५ | ५.३ |
| **जम्मा** | **१००** | **१००** | **१००** |

**तालिका ४: लिङ्ग र उमेर समुह अनुसार घरमुलीको संख्या**

| उमेर समुह | महिला | पुरुष |
|---|---|---|
| ७० माथि | ३५५ | २१८ |
| ६० - ६९ | ५९४ | २५१ |
| ५० - ५९ | ९१२ | ३९५ |
| ४० - ४९ | १०३९ | ६७५ |
| ३० - ३९ | १००९ | ८७५ |
| २० - २९ | ६०३ | ६८२ |
| १५ - १९ | ६० | ८९ |
| १४ मुनि | १८ | २८ |

**तालिका ५:जातजाति अनुसार जनसंख्या प्रतिशत**

| क्रसं. | जातजाति | महिला | पुरुष |
|---|---|---|---|
| १ | क्षेत्री | २९.० | २९.७ |
| २ | ब्राह्मण | १५.७ | १५.३ |
| ३ | मगर | १५.१ | १४.७ |
| ४ | परियार | ६.४ | ६.२ |
| ५ | ठकुरी | ५.३ | ५.२ |
| ६ | विश्वकर्मा | २१.८ | २१.९ |
| ७ | मिजार | २.४ | २.५ |
| ८ | नेवार | ०.६ | ०.६ |
| ९ | राजी | १.०६ | १.१ |
| १० | सन्यासि/दशनामी | १.५ | १.५ |

*(स्रोतः राष्ट्रिय जनगणना २०७८)*

## २.२.२ शिक्षा, स्वास्थ्य र संचार

**शैक्षिक अवस्था**

पूर्ण साक्षरता घोषण भएको यस पालिकामा ९७ % रहेको छ। यस नगरपालिकामा कुल ६२ वटा शैक्षिक संस्थाहरु रहेका छन्। साथै बिद्यापुरमा जनता बहुमुखी क्याम्पस रहेकोछ। यस नगरपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरणलाई निम्नअनुसार उल्लेख गरिएको छ।

**तालिका ६ : शैक्षिक अवस्था**

| शैक्षिक संस्था | सरकारी | सामुदायिक | निजि | जम्मा |
|---|---|---|---|---|
| प्रा.वि. | ३६ | ० | २ | ३८ |
| नि.मा.वि. | ११ | ० | ४ | १५ |
| मा.वि. | ६ | ० | १ | ७ |
| क्याम्पस | १ | ० | ० | १ |
| प्राविधिक शिक्षालय | ० | १ | ० | १ |
| **जम्मा** | **५४** | **१** | **७** | **६२** |

*स्रोत : जिल्ला समन्वय समिती २०७३*

**स्वास्थ्य अवस्था**

जिल्ला जन स्वास्थ्य कार्यालय अनुसार पालिकामा प्राथामिक स्वास्थ्य चौकी १, स्वास्थ्य चौकी ४, सामुदायिक स्वास्थ्य इकाई १ र आर्युवेद औषधालय १ वटा रहेका छन् । गर्भवती, सुत्केरी महिला, वालवालिकाहरु, विवाहित महिलाहरुले नियमित रुपमा स्वास्थ्य संस्थाहरुबाट नियमित सेवा पाईरहेकाछन् ।

**संचार सेवा**

**तालिका ७: संचार सेवा**

| क्र.सं. | संचार सेवाको किसिम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | मोबाइल टावर जी.एस.एम. | ३ | |
| २ | मोबाइल टावर एनसेल | १ | |
| ३ | जी.एस.एम. पोस्टपेड मोबाइल | ३७८ | |
| ४ | जी.एस.एम. प्रिपेड मोबाइल | १४९८८ | |
| ५ | स्काई पोस्टपेड मोबाइल | १७२ | |
| ६ | स्काई प्रिपेड मोबाइल | २५३१ | |

## २.२.३ ऊर्जा

विद्युत, लघु जलविद्युत, वायोग्याँस र सोलार बत्तीको रुपमा प्रयोग हुन्छ भने खाना पकाउने ईन्धनको रुपमा काठदाउरा, मट्टितेल, गुईठा, एलपी ग्याँस, विजुली, गोबरग्याँस रहेकाछन् ।

## २.२.४ कृषि तथा खाद्य सुरक्षा

यस नगरपालिकाको मुख्य पेशाको रुपमा कृषि पेशा भए पनि जीवन निर्वाहमुखी छ । यस नगरपालिकाको कुल जनसंख्यालाई आर्थिक रूपले सक्रिय र निष्क्रिय गरी विश्लेषण गर्दा कुल ५०.४३ प्रतिशत (१५ देखि ५९ वर्ष) जनसंख्या आर्थिक रुपले सक्रिय देखिन्छ जस्मा ८९८५ महिला र ७३७० पुरुष गरि जम्मा १६३५५ रहेको छ । यस नगरपालिकामा बसोवास गर्ने जम्मा घरपरिवार मध्ये आफ्नै उत्पादनबाट ३ महिनासम्म मात्र खान पुग्ने घरपरिवार संख्या १७७८ रहेको छ भने आफ्नो उत्पादनले बाह्रै महिना खान पुग्ने र बचत गर्ने परिवारको संख्या ३६८ रहेको छ ।

पञ्चपुरी नगरपालिकाका अधिकांश समुदायहरुमा धान, गहुँ, मकै, जौ, कोदो, तोरी, केराउ, तिल जस्ता खाद्यान्न तथा दलहन, तेलहन खेती एवं अन्य नगदेवाली समेत लगाई प्रयाप्त मात्रामा जस्ता अन्नवालीका साथै थोरै मात्रामा तरकारी खेती हुने गर्दछ। केही समुदायहरु अमिलो, कागती, सुन्तला, नासपति, अम्बा, केरा जस्ता फलफुल खेतीतर्फ आकर्षित भएको पाईन्छ । बाबियाचौरमा काकेबिहार बैंकको शाखा र नगरपालिकाको वडा नं ९ विद्यापुरमा एन.सि.सि. बैंक तथा निर्धन उत्थान बैंकले आफ्ना शाखा मार्फत सेवा प्रवाह गरेका छन् । यसै गरी राष्ट्रिय बाणिज्य बैंक विद्यापुर शाखा पुन: स्थापनाको प्रकृयामा रहेको र नगरपालिका भित्र सञ्चालनमा रहेका ५१ वटा सहकारी संस्थाहरूले सामान्य आर्थिक सेवा दिइरहेका छन् ।

## २.२.५: वर्तमान भू-उपयोग सम्बन्धी विवरण

पञ्चपुरी नगरपालिका अन्तर्गत रहेको कुल जग्गाको क्षेत्रफल ३२९।९ वर्ग कि.मि रहेको छ। जसमा कृषि खेतीयोग्य जमिनको क्षेत्रफल ४७।३६ वर्ग कि.मि, वन क्षेत्र २६६।८३ वर्ग कि.मि तथा बाँझो जग्गा २।८८ वर्ग कि.मि रहेको छ ।  ।






| Classification of Land Use | | |
|---|---|---|
| Classification | Palika | **Area (Square Kilometer)** |
| Agriculture area | Panchapuri | 47.36 |
| Barren area | Panchapuri | 2.88 |
| Forest | Panchapuri | 266.83 |

| | | |
|---|---|---|
| Grassland | Panchapuri | 1.89 |
| Shrubland | Panchapuri | 4.49 |
| Water body | Panchapuri | 6.03 |

*चित्र ६: पञ्चपुरी नगरपालिकाको भुउपयोग सम्वन्धी नक्शा*

### २.३ भौतिक पूर्वाधारको अवस्था

यस नगरपालिकामा ४१ वटा वाल विकास केन्द्र, प्रा.वि.३८, आधारभुत १५, मा.वि.७ र प्राविधिक १ गरी जम्मा १०२ विद्यालय रहेका छन् भने ढुंगा, माटो र ईंटावाट वनेका घर ५३.२ %, सिमेन्टवाट वनेको ९.४%, RCC ढलान २.९%, काठवाँस ३४.१ % र अन्य ०.३ % घर रहेका छन् । १५ वटा सरकारी भवन रहेका छन् भने वन्ने क्रम जारी रहेको । त्यस्तै स्वास्थ्य चौकी, पक्की पुल, झोलुंगे पुलहरु, पक्की वाटो, ग्राभेल वाटो लगायतका अन्य भौतिक पूर्वाधारहरु पनि रहेका छन् ।

#### २.३.१ सडक सञ्जाल

**तालिका ८: सडक संजाल**

| क्र.सं. | सडकको वर्गीकरण | लम्वाई कि.मि. | सडकको औषत चौडाइ (मि.) | सडकले सेवा पुगेका वडाहरू |
|---|---|---|---|---|
| १ | सहायक राजमार्ग | ४० | १२ | २,३,४,५,६,९ |
| २ | पक्की तथा कालोपत्रे | १० | ८ | २, ३, ४ (बन्दै गरेको) |
| ३ | ग्राभेल सडक | ४० | १२ | २,३,४,५,६,९ |
| ४ | कच्ची सडक/मौसमी सडक | ४५० | ४ देखि ८ मी | सबै वडाहरू |
| ५ | मुल वाटो (Trail) | ६०० | | सबै वडाहरू |
| ६ | सिढी तथा खुडकिला/भचाङ (Stair) | ४.५ | | १,७,९ |

#### २.३.२ सिंचाईको अवस्था

यस नगरपालिकामा सिंचाइका लागि मुख्य गरी स्थानीय स्तरमा बग्ने खोलाहरूलाई स्रोतका रूपमा लिईएको छ जसमा मुख्य खोला तथा नदीहरूमा भेरी नदी, कर्णाली नदी, डोब्री खोला, घट्टे खोला र चरुवा खोला, डुम्रीमुल खोला, सान्ने खोला चौर खोला, माझ खोला ईत्यादी रहेकाछन् । यी खोलाहरूबाट नियमित तथा मौसमी सिचाई सेवा लिन सकिन्छ । तर यी खोलानदीहरुमा पानीको मात्रा कम हुँदै गएकोले सिंचाईको अभाव महशुस भएकोछ ।

#### २.३.३ घरेलु तथा साना उद्योग

घरेलु तथा उद्योग व्यवसायहरुमा दुग्ध व्यवसाय, तरकारी तथा फलफुल, किराना पसल, राईस मिल ईत्यादी रहेकाछन् भने अन्य साना तथा ठुला गरी २७ वटा उद्योगहरु संचालनमा रहेकाछन् ।

#### २.३.४ खानेपानी तथा खानेपानीमा पहुँच

अन्तर्गतका विभिन्न वडाहरूको विश्लेषण गर्दा धारा वा पाइपबाट खानेपानीको प्रयोग गर्ने घरधुरी संख्या ३९७८ रहेको पाइएको छ । साथै यस नगरपालिकामा खोला, मुल धारा, नदी, पोखरीबाट पनि खानेपानीको प्रयोग गर्नेहरूको संख्या १७५४ रहेको छ । साथै ईनार, जरूवा र कुवाको पानी प्रयोग गर्ने घरहरूको संख्या ३९४ रहेको छ । जम्मा ७८०३ घरधुरीहरु मध्ये खानेपानीको रुपमा विभिन्न पानीका स्रोतहरु प्रयोग गर्ने घरधुरीहरु तल तालिकामा देखाईएकोछ । विशेषगरी पानीका मुहानबाट पाईपमा पानी ल्याई धारा जडान गरेर खानेपानी उपभोग गर्ने घरधुरीहरु बढी देखिन्छन् । पानीका मुलबाट सिधै पानी प्रयोग गर्ने घरधुरी पनि प्रसस्त देखिन्छन् । हाते कल, ट्युवेल, खुल्ला वा ढाकिएका कुवा ईनार र खोलाको पानी प्रयोग गर्ने घरधुरीहरु कम छन् ।

**तालिका ९: पानीको स्रोत अनुसार खानेपानी प्रयोग गर्ने घरधुरीहरु**

| वडा नं. | जम्मा | खानेपानीको प्रमुख स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पाईप र धाराको पानी घरवरपर | पाईप र धाराको पानी बाहिरी स्रोत | ट्युवेल, कल | ढाकिएको कुवा ईनार | नढाकिएको कुवा ईनार | पानीको मुल | खोला झरना | जार बोत्तलको पानी | अन्य |
| १ | ४६० | ७६ | २८६ | ० | ० | १ | ९७ | ० | ० | ० |
| २ | ७७३ | २५३ | ४८९ | २ | ० | ० | २९ | ० | ० | ० |
| ३ | ८३८ | १७ | ७४५ | २ | ० | २ | ६७ | ५ | ० | ० |
| ४ | ५९९ | २९ | ५३१ | १ | ० | १ | ३७ | ० | ० | ० |
| ५ | ७९४ | २२८ | ४४९ | ८ | १ | ७ | ६० | ३७ | ० | ४ |
| ६ | ८३९ | ७७२ | ५८ | १ | १ | २ | ३ | ० | ० | २ |
| ७ | ६६५ | २२१ | ४३१ | १ | ७ | ३ | १ | १ | ० | ० |
| ८ | ८३५ | ६८ | ६२९ | २ | २१ | १८ | ९६ | १ | ० | ० |
| ९ | ७७६ | ३९९ | १३७ | २६ | १६ | २ | १५० | ४३ | ० | ३ |
| १० | ६५८ | ११ | २६० | २ | १ | ११५ | २४२ | २७ | ० | ० |
| ११ | ५६६ | १६ | २२५ | ६ | १ | २ | २७१ | ४५ | ० | ० |

## २.३.५ वन स्रोत तथा जलाधार

यस पञ्चपुरी नगरपालिकाको सामुदायिक वनको रूपमा रहेको जंगल नै वन क्षेत्रको सबैभन्दा धेरै जमिनका रूपमा रहेको छ । यस नगरपालिकाको ११ वडाहरुमा कूल ११०६ हेक्टर क्षेत्रफलमा ५० वटा सामुदायिक वनहरु रहेकाछन् । वन फडानी तथा अतिक्रमण जस्ता चुनौतिका वावजुद सामुदायिक वन संरक्षणमा जनस्तरबाट चासो लिइएका कारण यसको लोकप्रियता अझ बढ्दै गएको छ । महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, तिजु, बाँझ, कटुस, काफल जातका वनस्पति पाइन्छन् भने जडिबुटि तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, शिकारी लहरा, जिवन्ती, बाँस, निगालो अम्रिसो, बनस्पती पनि प्रशस्त पाइन्छ। प्रमुख जनावर तथा चरा चुरूंगीहरुमाः बाघ, भालु, मृग, घोरल, खरायो, जरायो, स्याल, बाँदर, गुना, कालिज, लुइचे, ढुकुर, काग, जुरेली, कोईली, परेवा, सुगा, ठेवा, प्याउरी, डिगुल्चे पाईन्छ ।

तालहरुमा मुलीदह, गुप्ती ताल, चुनरी ताल, श्री ताल आदी रहेका छन् । जल सम्पदाको हिसावले यो नगरपालिकाका केही वडाहरू सम्पन्नशाली मानिन्छन् । महाभारत श्रृङ्खला अन्तरगत अवस्थित रहेको यस क्षेत्रभित्र साना खोल्सा खोल्सी देखि ठूला खोलाहरू रहेका छन् । मुख्य खोला तथा नदीहरूमा भेरी नदी ,कर्णाली नदी, डोब्रि खोला, घट्टेखोला र चरुवा खोला, डुम्रिमुल खोला, सान्ने खोला चौर खोला, माझ खोला आदि रहेका छन् । तिनै खोलाहरूबाट मौसमी सिचाइ तथा पानी घट्ट चलेका छन् ।

## वनस्रोत, खोला नदीनाला, कृषि तथा बस्ती सहितको नक्शा




*चित्र ७: वनस्रोत, खोला नदीनाला, कृषि तथा वस्ती सहितको नक्शा*

### २.३.६ बस्तीको अवस्था

मानसैना, सिस्नेकाँडा, चौर, भक्तडी, मुर्मुरी, लाटीकाँडा, चिउली, जाजुरा, औल छाप्रे, बच्छी, सालकोट, चाम्रे, कुईने बाबियाचौर, बिद्यापुर, तातोपानी यहाँको प्रमुख वस्तीको रुपमा रहेकाछन् ।

### २.३.७ धार्मिक, सांस्कृतिक तथा पर्यटन

यस नगरपालिकामा विभिन्न पवित्र स्थलहरूमा मन्दिर, गुठी, चर्च, परम्परागत सँस्थाहरू र पर्यटकीय सार्वजनिक स्थलहरू पर्दछन् । हिन्दु धर्मवालम्वीहरूको बाहुल्यता रहेता पनि यस नगरपालिकामा बौद्ध धर्म, क्रिश्चियन धर्म मान्नेहरूको पनि सामान्य मात्रामा बसोबास भएकाले यहाँ मुख्यतया दशै, तिहार, माघेसक्रान्ती, तीज, जनैपुर्णिमा, होली, चैतेदशैं, वुद्धजयन्ती, क्रिसमस डे लगायतका चाडपर्वहरू मुख्य रूपमा मनाइन्छ । यस नगरपालिकाको वडाहरूमा विभिन्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वको सम्पदाहरू जस्तैः वडा नं.१ मा कुण्डलीनी गुफा, भैरमथान मन्दिर, वडा नं.२ मा शिव मन्दिर, कोटाधारा पिकनीक स्पोर्ट, भुतेछहरा पावर हाउस, माइको मन्दिर, वडा नं.३मा दोबिल्ला सवदाह स्थल, जोडिकुला पिकनीक स्पोर्ट, जबदेन पिकनीक स्पोर्ट, भैरमथान, वडा नं.४मा कालिका थान,बरैचे माइ मन्दिर,भैरम थान, खारेपानी, वडा नं.५ मा शिवधाम, श्रीताल,मदनआश्रीत पार्क, जालपादेवि मन्दिर वडा नं.६मा त्रिवेणी पार्क, खमारी जलविद्युत योजना, चतुरे पार्क, भगवती मन्दिर, पाण्डप गुफा, वडा नं.७ मा पञ्चपुरी देविको मन्दिर, गायर खोला गौरी गुफा, मालिका मन्दिर, भक्तडी माइको मन्दिर, गणेश गुफा, वडा नं. ८ मा मादलेगुफा, शिव गुफा, गुप्ती ताल, वडा नं. ९ मा चमेरे गुफा, जाजुरा दह, शिद्ध पाइला, मुली दह, हात्ती सुडे र वडा नं.१०,११ मा दोभान त्रिवेणी, राजीगाउँ, जामुघाट, जामु पिकनिक नर्सरी, भरी कर्णाली दोभान रहेका छन् । यसका अलावा मुख्य चमेरे गुफा, जाजुरा दह, पञ्चपुरी माइको मन्दिर लगायतका पनि रहेका छन् ।

### २.३.८ कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरु

यस नगरपालिकाले जिल्ला तथा स्थानीय स्तरमा रहेका निम्न बमोजिमका सम्पुर्ण सरकारी तथा गैरसरकारी संघ सस्थाहरुमा सहयोगका लागि बेला बेला अन्तर्क्रिया गर्ने, पत्राचार गर्ने तथा निरन्तर सम्पर्क र समन्वय गरी सस्थाहरुमा सहयोगका लागि बेला बेला अन्तर्क्रिया गर्ने, पत्राचार गर्ने तथा निरन्तर सम्पर्क र समन्वय गरी अनुकूलन योजना कार्यन्वयन गर्नेछ ।

**तालिका १० : सेवा प्रदायक संस्थाहरुको विश्लेषण**

| सेवा प्रदायक निकायहरु, | संस्थाले प्रदान गर्ने सेवा तथा भूमिकाहरु | सम्भाव्य अनुकूलन सहयोग |
|---|---|---|
| जि.स.स. | विकास निर्माण, मेलमिलाप, आर्थिक सहयोग | लापा कार्यन्वयन तथा अनुगमनमा सहयोग |
| वडा, नगरपालिका | दर्ता, सिफारिश, मालपोत आर्थिक सहयोग | लापा कार्यान्वयन |
| सामुदायिक स्वास्थ्य केन्द्र | स्वास्थ्य सम्बन्धी उपचार, सल्लाह, सुझाव | जनचेतना, नयाँनयाँ रोगको बारेमा सचेतीकरण |
| पशु सेवा शाखा | भ्याक्सीन सेवा, पशु चौपायालाई न्यून शुल्कमा उपचार गर्ने | पशु नश्ल सुधार, निशुल्क पशु सेवा, स्तर उन्नती |
| कृषि ज्ञान केन्द्र, सुर्खेत | सहुलियत दर वीउविजन वितरण वीउ विजनको व्यवस्था, | पुनःकृषि तथा पशु सम्बन्धी तालिम दिने, आर्गनिक औषधीको लागि सल्लाह सुझाव |
| ईलाका प्रहरी कार्यलय | शान्ति सुरक्षा कायम र खोज उद्दार कार्यमा सहयोग | वन संरक्षण तथा सरसफाइ अभियान |
| डिभिजन वन कार्यलय | उपभोत्ताको माग अनुसार वन पैदावर आपूर्तिको सहयोग, | प्राविधिक सहयोग वृक्षारोपण, वन व्यवस्थापनका कार्यमा सहयोग |
| मालपोत, नापी शाखा, भुमिसुधार | जग्गा रजिश्टेशन, लालपुर्जा वितरण, रोक्का, फुकुवा | |
| विद्यालय | शैक्षिक सेवा केन्द्र | वातावरण शिक्षा प्रदान |
| विद्युत प्राधिकरण कार्यालय | विद्युत लाईन विस्तार | सस्तो सुलभ तरिकाले सिफएल सहयोग |
| बैंक तथा वित्तीय संस्थाहरु | ऋण दिने बैकिङ्ग कारोवार, तालिम | सुलभ ब्याजमा ऋण प्रदान गर्ने, आयआर्जन सम्बन्धी तालिम |
| गैसस | निःशुल्क उपचार, अपाङ्गलाई भत्ता, अनाथलाई सहयोग, तरकारी बिऊ प्रदान , शुशासन सिकाई तथा कार्य केन्द्र, अनुकूलन योजना, आर्थिक र प्राविधिक रुपमा सहयोग गर्ने | जैविक विविधता संरक्षण, दिगो भू-परिधि व्यवस्थापन, वन संरक्षण क्षमतामा अभिवृद्धि, जीविकोपार्जन सम्बन्धी तालिम, अनुकूलनका कार्यक्रम संचालन |
| नेपाल रेडक्रस | राहत सामाग्री वितरण भाँडाकुडा/त्रिपाल /वाटरगार्ड/फिल्टर | जटिल किसिमको रोग लाग्दा स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग गर्ने, नयाँनयाँ रोगको बारेमा सचेतीकरण |

| सेवा प्रदायक निकायहरु, | संस्थाले प्रदान गर्ने सेवा तथा भूमिकाहरु | सम्भाव्य अनुकूलन सहयोग |
|---|---|---|
| सामुदायिक वन उपभोक्ता समूह | काठ, दाउरा प्रदान, विपन्न वर्गमुखी कार्यक्रम संचालन गरेको, सुशासनका कामहरु गर्ने गरेको, वन हेरालुलाई तालिम गोष्ठी तथा चाहिने सामाग्री वितरण, चोरी शिकारी नियन्त्रण दल गठन र परिचालन, का.स.का पदाधिकारीलाई तालिम गोष्ठी दिने गरेको | सुलभ मुल्यमा काठ, दाउरा प्रदान, आयआर्जन सम्बन्धी तालिम, जीविकापार्जनमा सहयोग, विपन्नवर्गमुखी कार्यक्रम अझ बढाउने/सुशासनको काम गर्ने |
| सहकारी संस्था लि. | बचत र कर्जा प्रवाह, ऋण उपलब्ध गराउने, आयआर्जन र वैकल्पीक उर्जा | वायोग्यास तथा गोबरग्यास सस्तो सुलभ मात्रामा बनाउन सहजिकरण |

# परिच्छेद ३: जलवायु परिवर्तन, विपद् तथा प्रकोपको अवस्था

## ३.१ पञ्चपुरी नगरपालिकाको तापक्रमको परिदृष्य

विगत (सन्१९७१ देखि २०१४ सम्म) को तापक्रम र वर्षाको मात्रालाई आधार मानेर नेपाल सरकार जल तथा मौसम विज्ञान विभागले २०७४ सालमा गरेको एक अध्ययन अनुसार नेपालको वार्षिक तापक्रम वृद्धि दर ०.०५६ ० सेन्टिग्रेड रहेको छ । सुर्खेत जिल्लामा वार्षिक अधिकतम तापक्रम ०.०७ देखि ०.०९० सेन्टिग्रेडले बढ्दै गइरहेको सो अध्ययनले देखाउँदछ । त्यसैगरी ताता दिनहरु एवम् रातहरु पनि बढ्दै गइरहेको साथै सुर्खेत लगायतका उत्तर पश्चिमी जिल्लाहरुमा वर्षा हुने दिनहरु बढ्दै गएको अध्ययनले देखाउँदछ। पञ्चपुरी नगरपालिकाको नजिकमा रहेको तापक्रम तथा वर्षा मापन केन्द्रको उपलब्ध तापक्रम तथा वर्षाको अध्ययन गर्दा औषत बार्षिक तापक्रम बृद्धि ०.०३२ डिग्री सेल्सीयस रहेको छ। उपलब्ध तथ्यांकलाई हेर्दा वार्षिक औसत न्यूनतम तापक्रम घट्दो क्रममा रहेको देखिन्छ भने वार्षिक औसत अधिकतम तापक्रम भने उच्च दरले (०.०७० ) सेन्टिग्रेडले बढेको देखिन्छ ।




**चित्र ८: अधिकतम, न्यूनतम र औसत तापक्रमको अवस्था**

## ३.२ पञ्चपुरी नगरपालिकाको वर्षाको परिदृष्य

विगत (सन् १९७१ देखि २०१४ सम्म) को वर्षाको मात्रालाई आधार मानेर नेपाल सरकार जल तथा मौसम विज्ञान विभागले २०७४ सालमा गरेको एक अध्ययन अनुसार औषत बार्षिक तापक्रम बृद्धि ०.०३२ डिग्री सेल्सीयस रहेको छ। तथा औषत बार्षिक बर्षा वृद्दिदर -१.०८ मिलिमिटर रहेको छ। समग्र वार्षिक वर्षा दर घटेता पनि वर्षायामको वर्षादर भने केही मात्रामा (०.३३ मिमिप्रति वर्ष) वढेको देखिन्छ। यसरी हेर्दा वर्खामा पानी पर्ने मात्रामा बढोत्तरी भएको देखिन्छ जसले गर्दा बाढी र पहिरोको घटनामा तिव्रता आउन सक्ने आँकलन गर्न सकिन्छ । जलवायु परिवर्तनको संकटासन्नताको सबालमा संकटासन्न तथा जोखिम विशलेषण २०२१ (VRA) अनुसार समग्र सुर्खेत जिल्ला उच्च जोखिममा रहेको देखाउँछ।




**चित्र ९ वार्षिक वर्षा र ऋतुअनुसार वर्षाको विवरण**

### ३.३ प्रकोपको ऐतिहासिक घटनाक्रम

यस नगरपालिकामा विगतमा भएका प्रकोप, यसको क्षेत्र र असर तथा समयक्रम अनुसार प्रकोपको प्रकृतिको बारेमा ऐतिहासिक घटनाक्रम समयरेखाले उपलब्ध गराउंछ जसको सहयोगले विपद् तथा जोखिको प्रकृति पहिचान गरी अनुकूलन योजना निर्माण र लगानी तय गर्न मद्दत  पुऱ्याउँछ ।

**तालिका ११ : पञ्चपुरी नगरपालिकाको प्रकोपको ऐतिहासिक घटनाक्रम**

| प्रकोप | साल र महिना | वारम्वारत (पटक) | स्थान (वडा र समुदाय) | असर तथा प्रभाव | भविश्यको हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| बाढी | २०७१ | १ पटक | वडा नं. ५ जामु र वडा नं.१० बच्छी, गर्खा | जामुमा १३ जनाको मृत्यु भएको भने बच्छी र गर्खामा २९ जनाको मृत्यु भएको थियो । पानीका मुहान र अनुमानीत एकहजार रोपनी खेतीयोग्य जग्गा क्षति भएको । | बस्ती र समथर भूभाग नाश हुने संभावना, घरहरु उच्च जोखिममा रहेकाले भविष्यमा धेरै क्षती हुने सम्भावना | स्थानीयले खोजउद्दार साथै खाना र वासको व्यवस्थापन गरेको, स्थानीयको प्रयासमा नेपाल सरकारबाट मृत्युको घर परीवालाई जनही ३ लाख नगद क्षतीपुर्ती दिएको |
| | २०७९ | १ पटक | वडा नं.१० | अहिले सम्म ८०० विगाहा खेती योग्य जमिन कटान गरेको, खानेपानीको मुहानहरु ध्वस्त भएको । | आवादी क्षेत्र साघुरिदै जानेछ, खानेपानीको समस्या हुने, भोकमरी हुने | वृक्षारोपण, कटान भएको क्षेत्रमा तारजाली तटबन्धका कामहरु गरेका |
| चट्टयाङ | २०७० साल देखि | २ पटक | वडा नं. ७ | १ जनाको मृत्यु भएको, वोट विरुवाहरुलाई क्षति पुऱ्याएको, पशुपंक्षीहरु पनि क्षति भएको । | जलवायु परिवर्तनले गर्दा  चट्टयाङ का घटनाहरु वढने । | |
| आगलागी | २०७१ साल देखि | १२ पटक | वडा नं, ९,५ र ४ का समुदायहरुमा | ७ वटा घरगोठहरु जलेर नष्ट भएको, करिव २५ लाख भन्दा वढीको धन, अन्नवालीको क्षति भएको । | सुख्खा खडेरीका कारण पानी अभाव र जनचेतनाको कमी का साथै मानवीय लापरवाहीका कारण अझ आगलागीको भय देखिन्छ । | सामुहिक रुपमा आगो निभाउने काम गरेको, पिडित परिवारलाई राहत तथा सहयोग गरेको । |
| पहिरो | २०७० साल देखि | २ पटक | वडा नं.७ र ९ | वडा नं.७ मा १ जनाको मृत्यु भएको थियो भने १ जना घाईते भएको । वडा नं. ९ मा खेती योग्य जमिन, खानेपानीको मुलहरुमा क्षती  भएको । | घर, खेतहरु र खानेपानीका मुलहरु उच्च जोखिममा रहेकाले  भविष्यमा थप क्षति हुने । | केही स्थानमा वृक्षारोपण र तारजाली सहितको ग्यावीन लगाएको तर प्रयाप्त नभएको । |
| सर्प दंश | २०७० साल देखि | प्रतयेक वर्ष | सवै वडाहरु | वडा नं १० मा १ जनाको मृत्यु र वर्षेनी २, ३ जना घाईते हुने गरेको, वडा नं ३ मा पनि कम्तीमा पनि १ जनाको मृत्यु हुने गरेको, वडा नं. ४ मा १० जनाको मृत्यु भएको, वडा नं. १ मा  ३ वर्ष अघि १ जनाको ज्यान गएको र अन्य वडाहरुमा पनि वर्षेनी १ जना घाईते भईरहेका छन् । | थप जोखिम भएको | झाडफुकका माध्यमवाट उपचार भईरहेको । |

## ३.४ प्रकोप तथा जोखिम विश्लेषण

समग्र नगरपालिकामा रहेको प्रकोपको प्रभाव, प्रकोपको प्रभावित क्षेत्रहरु विश्लेषण गर्नुका साथै भविष्यमा प्रकोप हुन सक्ने जोखिम र प्रकोपले पार्न सक्ने जोखिमको विश्लेषण गरिएको थियो । यो विधि प्रयोग गर्दा प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको स्तर लाई १ देखी ४ अंक भार दिई विश्लेषण गरिएको थियो ।

**तालिका १२ : प्रकोपको अवस्था तथा जोखिमहरुको विश्लेषण**

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुन सक्ने सम्भावना | असरको सम्भावना | स्कोर |
|---|---|---|---|---|---|
| बाढी, पहिरो | चौपायाको क्षति हुनु, खेती योग्य जमिन कटान,डुवान तथा पटान हुनु | ३ | ३ | ३ | २७ |
| | झोलुङ्गे र काठेपुल क्षति हुनु | २ | | २ | १२ |
| | मानवीय क्षति | ३ | | ३ | २७ |
| | यातायात तथा आवातजावातमा अवरुद् द | २ | | ३ | १८ |
| सुख्खा, खडेरी | उत्पादनमा कमी हुनु | ३ | २ | ३ | १८ |
| | पानीका मुहान सुक्नु | २ | | २ | ८ |
| | पुर्नउत्पादनमा कमी | २ | | २ | ८ |
| | खाद्यान्न अभाव तथा भोकमरी हुनु | २ | | २ | ८ |
| | मानव रोग, पशुरोग र कृषिमा रोग तथा महामारी बढनु । | २ | | २ | ८ |
| आगलागी | वोटविरुवा नष्ट हुनु | २ | २ | २ | ८ |
| | महत्वपूर्ण जटिवुडि नष्ट हुनु तथा लोप हुनु | २ | | २ | ८ |
| | वन विनास हुनु | ३ | | ३ | १८ |
| | भु.क्षय हुनु | ३ | | ३ | १८ |
| | पहिरो आउनु | ३ | | ३ | १८ |
| | वन्यजन्तुहरुको बासस्थान नास हुनु | ३ | | ३ | १८ |
| | अग्ला पहाडहरु बाट ढुंगा खस्नु | १ | | १ | २ |
| असिना | अन्नवाली, तरकारीखेती र फलफूल नष्ट हुनु | ३ | १ | ३ | ९ |
| | अन्नपातको अभाव हुनु | ३ | | ३ | ९ |
| | स्थानीय वीउविजन लोप हुनु | २ | | २ | ४ |
| | वन्यजन्तुहरुको बासस्थान नास हुनु | २ | | २ | ४ |
| कृषिमा रोग | जीविकोपार्जनमा समस्या हुनु | २ | २ | २ | ८ |
| | अन्नको अभाव हुनु | २ | | २ | ८ |
| | स्थानीय तथा रैथाने वीउविजन लोप हुनु | १ | | १ | २ |
| | भोकमरी सृजना हुनु | २ | | २ | ६ |
| पशुमा रोग | ख्याउटे तथा रोगी पशुहरुको जन्मिनु | १ | १ | १ | १ |
| | स्थानीय तथा रैथाने जातका पशुहरु लोप हुनु | २ | | २ | ४ |
| चटयाङ्ग | मनोवैज्ञानिक असर हुनु | २ | १ | २ | ४ |
| | भौतिक संरचनाको क्षति हुनु | १ | | १ | १ |
| | चौपायाहरुको क्षति हुनु | १ | | १ | १ |
| | मानवीय क्षति हुनु | ३ | | ३ | ९ |
| वन्यजन्तु आतंक | मानवीय क्षति हुनु | ३ | १ | ३ | ९ |
| | त्राहित्राहि बस्नु | २ | | २ | ४ |
| | घरपालुवा चौपाय र कुखुराहरु नोक्सान हुनु | २ | | २ | ४ |
| | स्वतन्त्रपूर्वक हिडडुल गर्न कठिन हुनु | १ | | १ | १ |
| | अन्नवाली, तरकारीवाली र फलफूलहरु क्षति हुनु | २ | | २ | ४ |
| हावाहुरी | अन्नवाली, तरकारी खेती र फलफूल खेती नष्ट हुनु | २ | १ | २ | ४ |
| | स्थानीय समुदायका घरका छानाहरु क्षति हुनु | १ | | १ | १ |

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुन सक्ने सम्भावना | असरको सम्भावना | स्कोर |
|---|---|---|---|---|---|
| | बिद्यालयका छाना क्षति हुनु | १ | | १ | १ |
| | रुखहरु ढलेर बाटो अवरुद्द हुनु | १ | | १ | १ |
| मानव रोग | मानीस अस्वस्थ हुनु | १ | १ | १ | १ |
| | खर्च बढनु, जीविकोपार्जमा समस्या हुनु | १ | | १ | १ |
| हिउ तुषारो | अन्नवाली र तरकारी खेती क्षति हुनु | १ | १ | १ | १ |
| | आवत जावत तथा हिडडुल अवरुद्द हुनु | १ | | १ | १ |

माथि उल्लेखित प्रकोपको अवस्था र अनुकूलनका प्रयासको अवस्थालाई बिश्लेषण गर्दा कमजोर भुवनोट, भौगोलिक विकटता र अनियमित बर्षाको कारण भेरी तथा कर्णाली नदी, स्थानीय खहरेखोलाहरुले गर्दा धनजन र सामाजिक, भौतिक संरचनाहरुलाई क्षति गर्ने गरेकोले अन्य प्रकोपहरुको तुलनामा बाढी, पहिरो, खडेरी, आगलागी र असिनाले मानवीय जिवनयापनमा अधिकतम असर पारेको देखिन्छ तसर्थ स्थानीय तथा अन्य सरोकारवाला निकायहरुको सहयोग र समन्वयमा अनुकूलनका कृयाकलापहरु तत्काल कार्यान्वयन गर्न नगरपालिका र वडा तथा स्थानीय समुदायले प्रयास गर्नुपर्ने देखिन्छ ।

## ३.५ संकटासन्न वर्ग तथा समुदाय पहिचान

प्रकोपले सिर्जना गरेका असरहरु विश्लेषण गरी उमेर समूह, लिंग, सामाजिक स्तर, वर्ग र जातजाती अनुसार पर्ने र पारेको प्रभावहरुमा छलफल गरियो । प्रकोपका असरहरुले समुदायका वर्ग, जातजातिमा केकस्ता प्रभाव पारेका छन् र ति प्रभावहरु कुन समूहमा बढि असर गर्दछन् भन्ने सवालहरुमा छलफल गरि सबै भन्दा उच्च असर पार्ने लाई ३, मध्यमलाई २ र न्यून असर गर्नेलाइ १ अंक दिएको थियो ।

**तालिका १३: संकटासन्नवर्ग तथा सामाजिक समूहहरुको पहिचान**

| प्रकोप | प्रकोपका असरहरु | संकटासन्नता वर्ग | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समूह | | | | लिंग | | वर्ग | | | सामाजिक स्तर | | जातजाती | | |
| | | बालबालिका | युवा | वयस्क | वृद्धवृद्धा | महिला | पुरुष | विपन्न | मध्यम | सम्पन्न | अपांगता भएका व्यक्ति | एकलमहिला | दलित | जनजाति | बा.क्षे.ठ. |
| बाढी | आवतजावतमा अवरुद्द, मानवीय क्षति, उत्पादनशील जग्गा क्षति, घर र खेतीयोग्य जग्गा क्षति । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| पहिरो | आवतजावतमा अवरुद्द, उत्पादनशील जग्गा क्षति, घर र खेतीयोग्य जग्गा क्षति, सामाजिक संरचना क्षति । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| सुख्खा खडेरी | उत्पादनमा कमी हुनु । भोकमरी सृजना हुनु, पानीका मुहान सुक्नु, वन पैदावार सुक्नु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| आगलागी | वन्यजन्तुको वासस्थान नाश हुनु । महत्वपूर्ण तथा लोपोन्मुख जडिबुटि नाश हुनु । पानीका मुहान सुक्नु । वन पैदावारको पुनउत्पादनमा कमी हुँदै जानु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| असिना | वन्यजन्तुको वासस्थान नाश हुनु । फलफूल, अन्नवाली, तरकारी खेती नष्ट हुनु । पशुपालनको चरिचरणमा अवरोध हुनु । घरका छाना भत्किनु | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |

| प्रकोप | प्रकोपका असरहरु | संकटासन्नता वर्ग | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समूह | | | | लिंग | | वर्ग | | | सामाजिक स्तर | | जातजाती | | |
| | | बालबालिका | युवा | वयस्क | वृद्धवृद्धा | महिला | पुरुष | विपन्न | मध्यम | सम्पन्न | अपांगता भएका व्यक्ति | एकलमहिला | दलित | जनजाति | बा.क्षेठ. |
| कृषिमा रोग | उत्पादनमा कमी हुनु । भोकमरी पर्नु । स्थानीय वीउविजन लोप हुनु | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| पशुरोग | पशुधनको क्षति हुनु । आम्दानीको स्रोत घट्दै जानु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| चट्याङ्ग | मानवीय र भौतिक संरचनाको क्षति हुनु । मानसिक त्रास बढ्दै जानु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| वन्यजन्तु आतंक | मानवीय र कुखुरा, पशुचौपाहरु क्षति हुनु । मानसिक त्रास बढ्दै जानु। | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| मानवरोग | बर्षेनी आँउ, पखाला, निमोनिया, आँखा पाक्ने रोग आउनु । महिलाहरुको पाठेघर सम्बन्धिको समस्या बढ्दै जानु | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| हिउ, तुषारो | अन्नवाली र तरकारी खेती नष्ट हुनु आवतजावतमा समसया हुनु, पशुपालनमा समस्या हुनु, जिविकोपार्जमा समस्या हुनु । | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| हावाहुरी | घर, गोठको छाना क्षति हुनु, बिद्यालयको छानाक्षतिहुनु, बिद्यार्थी,कर्मचारीहरुलाइ आवतजावतमाकठिन हुनु, मनोवैज्ञानीक असर पर्नु | ३ | १ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |

माथि उल्लेखित संकटासन्नवर्ग तथा सामाजिक समूहहरुको तालिकाबाट यो स्पष्ट हुन्छ की स्थानीय स्तरमा देखापरेका तथा महसुश गरेका बिभिन्न खालका प्रकोपहरुले स्थानीय स्तरका वालवालिका, बृद्बृद्दाहरु, विपन्न, अपाङ्गता भएका व्यक्तिहरु र दलित समुदायहरुलाई अधिकतम असर पार्ने गरेको देखिन्छ । यस्ता प्रकोपको असर उमेर समूहमा बालबालीका र बृद्बृद्दाहरुमा उच्च, त्यस्तै लिंगको आधारमा महिलामा उच्च, वर्गको आधारमा विपन्नमा उच्च, सामाजीक स्तरको आधारमा अपांगता भएका व्यक्तिमा उच्च र जातजातीको आधारमा दलितमा उच्च रहेको छ । नगरपालिकाका वडा तथा समुदायमा देखापरेका सबैखालका प्रकोपहरुले स्थानीय जनजीवन, जीविकोपार्जनलाई प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

### ३.६ वडाको जोडागत जोखिम स्तरीकरण

यस पञ्चपुरी नगरपालिकाका हरेक वडाहरुमा प्राकृतिक तथा गैह्रप्राकृतिक रुपले सिर्जित प्रकोपहरुले सङ्कटासन्न वर्ग तथा समुदायहरुलाई पारेको असर पहिचान गरी विश्लेषण गर्दा मुख्यतया आर्थिक रूपले विपन्न, सामाजिक रूपमा पिछडिएका समुदायहरु र वालवालिकाहरु बढी सङ्कटासन्न रहेको पाईएको छ । यस क्रममा सङ्कटासन्नतायुक्त र सुरक्षित स्थान, भौगोलिक, सामाजिक संरचना, प्रकोपका घटनाबाट विगतमा भएको क्षतिको आँकलन, विपद् जोखिम व्यवस्थापनका अवसर र चुनौती जस्ता विषयको अध्ययन गरिएको छ । उक्त विधिको नतिजालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १४: वडाहरुको जोडागत जोखिम स्तरीकरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| २ | | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| ३ | | | | ३ | ३ | ३ | ७ | ८ | ९ | १० | ११ |
| ४ | | | | | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| ५ | | | | | | ५ | ७ | ८ | ९ | १० | ११ |
| ६ | | | | | | | ७ | ८ | ९ | १० | ११ |
| ७ | | | | | | | | ७ | ७ | १० | ११ |
| ८ | | | | | | | | | ९ | १० | ११ |
| ९ | | | | | | | | | | १० | ११ |
| १० | | | | | | | | | | | १० |
| ११ | | | | | | | | | | | |
| प्राप्त अंक | १० | ० | ४ | १ | ३ | २ | ७ | ५ | ६ | ९ | ८ |
| स्तर | १ | ११ | ७ | १० | ८ | ९ | ४ | ६ | ५ | २ | ३ |

माथि उल्लेखित तालिका अनुसार उच्च जोखिमका वडाहरु क्रमस पहिलो वडा नं.१ दोश्रो वडा नं. १० तेश्रो वडा नं.११, चौथोमा वडा नं.७ पाँचौमा वडा नं. ९, छैठौमा वडा नं. ८, सातौमा वडा नं. ३, आठौमा वडा नं. ५, नवौमा वडा नं. ६, दशौ वडा नं. ४ र एघारौ मा वडा नं. २ पर्दछन् ।

## ३.७ प्रकोपको स्तरीकरण

यस विधिको प्रयोगबाट ऐतिहासिक घटनाक्रम तथा प्रकोप नंक्शाकनबाट पहिचान गरिएका पञ्चपुरी नगरपालिका अर्न्तगतका ११ वडामा रहेका विभिन्न जलवायुजन्य प्रकोपहरु मध्ये सबैभन्दा बढी असर तथा प्रभाव पारेको प्रकोप कुन हो भनी स्तरीकरण गर्दै विश्लेषण गरिएको थियो । यस पञ्चपुरी नगरपालिका ऐतिहासिक समयरेखा र छलफलको आधारमा देखिएको विभिन्न प्रकारका जलवायुजन्य तथा गैह्र जलवायुजन्य प्रकोपहरुले सबै भन्दा बढी जीविकोपार्जनमा पारेको असर र प्रकोपको वारम्वारता साथै त्यसको असरको लेखाजोखा गरी जोखिम तथा प्रकोपको विश्लेषण गर्न तालिका नं. ६ मा जोडा विधीको प्रयोग गरी प्रकोप स्तरिकरण गरिएको छ ।

**तालिका १५: प्रकोप स्तरीकरण**

| **प्रकोप** | बाढी | खडेरी | आगलागी | पहिरो | हावाहुरी | असिना | चट्याङ | वन्यजन्तु आतंक | मानव रोग | तुषारो | पशु रोग | कृषिमा रोग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| खडेरी | | | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी |
| आगलागी | | | | आगलागी | आगलागी | आगलागी | आगलागी | वन्यजन्तु आतंक | आगलागी | आगलागी | आगलागी | कृषिमा रोग |
| पहिरो | | | | | पहिरो | पहिरो | चट्याङ | वन्यजन्तु आतंक | पहिरो | पहिरो | पहिरो | कृषिमा रोग |
| हावाहुरी | | | | | | असिना | चट्याङ | वन्यजन्तु आतंक | हावाहुरी | हावाहुरी | पशु रोग | कृषिमा रोग |
| असिना | | | | | | | चट्याङ | वन्यजन्तु आतंक | असिना | असिना | असिना | कृषिमा रोग |
| चट्याङ | | | | | | | | वन्यजन्तु आतंक | चट्याङ | चट्याङ | चट्याङ | कृषिमा रोग |
| वन्यजन्तु आतंक | | | | | | | | | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक |
| मानव रोग | | | | | | | | | | मानव रोग | पशु रोग | कृषिमा रोग |
| तुषारो | | | | | | | | | | | पशु रोग | कृषिमा रोग |
| पशुरोग | | | | | | | | | | | | कृषिमा रोग |
| कृषिमा रोग | | | | | | | | | | | | |
| **जम्मा अङ्क** | ११ | १० | ७ | ५ | २ | ४ | ६ | ९ | १ | ० | ३ | ८ |
| **स्तर** | १ | २ | ५ | ७ | १० | ८ | ६ | ३ | ११ | १२ | ९ | ४ |

समुदाय र नगरपालिका स्तरीय कार्यक्रममा भएको व्यापक सहभागितामूलक छलफलबाट माथि उल्लेखित तालिका अनुसार यस नगरपालिकामा मुख्य गरी क्रमश बाढी, खडेरी, वन्यजन्तु आतंक, कृषि रोग, आगलागी, चट्याङ र पहिरोको प्रभाव देखिन्छ। पञ्चपुरी नगरपालिकाको कमजोर भुवनावट, केही भाग अग्ला पहाड, भौगोलिक विकटता रहेको र अनियमित बर्षाका कारण बाढीले बर्षेनी खेतीयोग्य जग्गा जमिन र मानवीय क्षति हुने गरेको पाईन्छ। मौसमी तथा बेमौसमी तरकारी खेती र अन्नवालीलाई सुख्खा खडेरी र वन्यजन्तुले अधिकतम असर गर्ने गरेको छ।

### ३.८ स्रोतहरुको विवरण तथा जोखिमको अवस्था




*चित्र १०: समग्र जोखिम नक्शा*

माथि उल्लेखित मौसमी पात्रो, ऐतिहासिक घटनाक्रमको समय रेखा विश्लेषणको माध्यमबाट एकिन गरिएका प्रमुख प्रकोपहरुले प्रभावित पारेका क्षेत्रलाई पञ्चपुरी नगरपालिकाको नक्सामा चित्रित गर्न यो विधिको प्रयोग गरिएको छ । सहभागितामूलक तरिकाले तयार गरिएको तल उल्लेखित नक्सामा बाढी र पहिरोको दोहोरिन सक्ने स्थान र प्रभावित हुनसक्ने बस्ती तथा समुदाय देखाइएको छ । यस विधिको प्रयोगबाट पञ्चपुरी नगरपालिका क्षेत्रमा हाल विद्यमान प्रकोपहरु, ती प्रकोपहरुबाट भईरहेका र भविष्यमा हुन सक्ने समस्याको अवस्था तथा प्रकोपबाट प्रभावित र प्रभावित हुन सक्ने संकटासन्न समुदायहरुको विश्लेषण गरिएको थियो । सुख्खा, पहिरो र बाढीको प्यारामीटर राखी Sentinel-2 Satellite data को आधारमा माथिको समग्र जोखिम नक्शा तयार गरिएकोछ ।

साथै दफा नं. १.५ मा उल्लेख भएवमोजिमका प्रकोपहरुले सम्मुखता, सम्वेदनशीलता तथा अनुकूलन क्षमताका सुचकहरुलाई सामान्यीकरण गरी संकटासन्नता तथा जोखिम (VRA) नक्शा तयार पारिएकोछ ।




चित्र नं.११ पहिरोको संवेदनशिलता नक्शा




| Palikas | Ward | Area (in km2) | |
|---|---|---|---|
| | | slope < 30 % | slope > 30 % |
| **Panchpuri** | 1 | 8.77 | 19.35 |
| | 2 | 8.02 | 5.14 |
| | 3 | 6.64 | 2.10 |
| | 4 | 11.49 | 3.83 |
| | 5 | 18.06 | 0.67 |
| | 6 | 6.62 | 6.23 |
| | 7 | 11.83 | 49.25 |
| | 8 | 17.78 | 9.79 |

| | | | |
|---|---|---|---|
| | 9 | 15.56 | 6.42 |
| | 10 | 42.55 | 27.87 |
| | 11 | 24.38 | 27.22 |

चित्र नं.१२ वडा अनुसारको भिरालोपनको नक्शा




**चित्र १३: VRA नक्शा: आगलागी, बाढी, पहरो, खडेरीका सुचकको आधारमा, स्रोत: USGS, Sentinel2, Landsat9**

## ३.९ परिवर्तित प्रकोप, बाली तथा मौसमी पात्रो

स्थानीय मौसम र मौसमी अवस्था, बाली तथा प्रकोपमा आएको परिवर्तनबारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी पात्रो विधिको प्रयोग गरिएको थियो । समुदायको ज्येष्ठ नागरीक, बुद्धिजीविसंगको छलफलबाट भएको

जलवायु सम्बन्धि जानकारी विवरणका आधारमा तापक्रम, वर्षाको स्वरुप, बिरुवाको व्यवहार, प्रकोपको स्वरुप आदिमा आधारित यो पात्रो तयार गरिएको थियो । मौसमी पात्रो सम्बन्धि जानकारी हासिल गर्न विगतको करिब ३० वर्ष पहिले र हालकोबारे तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम, बाली आदि हुने समयमा परिवर्तन आएको वा नआएको प्रस्ट समुदायमा देखिएको थियो । पञ्चपुरी नगरपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमी पात्रो तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १६: परिवर्तित प्रकोप, वाली तथा मौसमी पात्रो**

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तपक्रम | गर्मीको दिन | पहिले | १ | २ | ४ | ४ | ३ | | | | | | | | गर्मीको समय उस्तै रहेता पनि अत्याधिक गर्मि १ महिना वढेको |
| | | अहिले | २ | ४ | ४ | ४ | ३ | | | | | | | १ | |
| | जाडोको दिन | पहिले | | | | | | १ | २ | ३ | ४ | ४ | ३ | १ | जाडोका दिन २ महिनाले घटेको साथै अत्याधिक जाडो हुने समय पनि १ महिनाले घटेको |
| | | अहिले | | | | | | | १ | २ | ४ | ४ | १ | | |
| वर्षा तथा यसको स्वरुप | मौसमी वर्षा | पहिले | | १ | ४ | ४ | १ | | | | | | | | वर्खे बर्षा १ महिनाले घटेर, १ महिनाले पछाडी सरेको साथै पहिलेको जस्तो अत्याधिक वर्षा हुने नगरेको |
| | | अहिले | | | १ | २ | २ | १ | | | | | | | |
| | हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | पहिले हिउँदमा वर्षा नहुने तर हाल हिउ पर्न कमी भई वर्षा हुने गरेको |
| | | अहिले | | | | | | | | | १ | १ | १ | | |
| | हिमपात | पहिले | | | | | | | १ | १ | ४ | ४ | ४ | १ | अहिले हिउ कम पर्न थालेको साथै हिउ पर्ने समयमा पनि २ महिनाले कमी आएको र अत्याधिक हिउ पर्ने समय पनि १ महिनाले घटेको । |
| | | अहिले | | | | | | | | | ३ | ३ | १ | १ | |
| | तुसारो | पहिले | | | | | | १ | २ | २ | | | | | पहिलेको भन्दा अहिले तुषारो पर्ने समय १ महिनाले घटेको |
| | | अहिले | | | | | | | १ | १ | | | | | |
| | | अहिले | ३ | | | | | | | | | | | | |
| प्रकोपको स्वरुप | खडेरीको घटना | पहिले | | | | | | | | | | | | | पहिले खडेरीको समस्या थिएन तर हाल आएर खडेरीको प्रभाव देखिएकोछ |
| | | अहिले | ३ | ४ | | | | | | | | | १ | २ | |
| | बाढी र पहिरो घटना | पहिले | | | १ | १ | | | | | | | | | वर्षा हुने समयको परिवर्तन सँगै बाढी पहिरोको घटनाक्रम पनि पछि सरेको |
| | | अहिले | | | | ३ | ४ | | | | | | | | |

| सम्मुखताका क्षेत्र | सूचकहरु | समय | वैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जीविकोपार्जनका क्रियाकलापहरु | गहुँ(छर्ने र भित्र्याउन समय) | पहिले | | ४ | | | | | ४ | | | | | | पहिले जेष्ठमा फाफर छर्ने र कार्तिकमा भित्र्याउने गरेकोमा हाल असारमा छर्ने र असोजमा भित्र्याउने गरेको |
| | | अहिले | | | ४ | | | ४ | | | | | | | |
| | जौ (छर्ने र | पहिले | | ४ | | | | | | ४ | | | | | जौ पहिले मंसिरमा छर्ने जेष्ठमा भित्र्याइन्थ्यो भने हाल कार्तिक मंसिर तिर छर्ने जेष्ठमा भित्र्याउने गरेको |
| | | अहिले | | ४ | | | | | ४ | ३ | | | | | |
| भौतिक जानकारी | पानीको मूलफुट्ने | पहिले | | १ | २ | ३ | | | | | | | | | पहिले हिउँ प्रशस्त मात्रामा पर्ने भएकोले हिउँदे मुलहरु चैत्र र बैशाखमा फुटने र वर्खे मुलहरु असार र श्रावणमा फुट्ने गरेकोमा हाल हिउ कमपर्ने कारण हिउँदे मुल नफुट्ने र वर्खे मुल मात्र फुटने गरेको |
| | | अहिले | | | | ३ | | | | | | | | | |
| | **पहिले भन्नाले ३० वर्ष भन्दा माथि र अहिले भन्नाले विगत ५ देखि यताको समय सम्फनु पर्छ** | | | | | | | | | | | | | | |

***नोट : अति उच्च प्रभाव परेको भए ४, उच्च प्रभाव ३ मध्यम प्रभाव परेको भए २ र न्यून प्रभाव परेको भए १ अंक***

जलवायु परिवर्तनका कारण हाल गर्मीका दिनहरु बढेका छन् भने जाडोका दिनहरु घट्ने क्रममा छन। हिउ कम पर्न थालेको छ जसले गर्दा हिउँदे वर्षा हुने गरेको छ । यस्ता मौसमी परिवर्तनले गर्दा बाढी पहिरोको घटना झन बढ्ने क्रममा छ र यसले पार्ने जोखिम पनी उच्च रहेको छ । वर्खे बर्षा पर्ने समयमा पनि कमी सँगसँगै यसको मात्रा मा पनि कमी आएको छ जसले गर्दा पहिले खडेरीको प्रभाव थिएन भने अहिले यसको प्रभाव उच्च पाइएको छ । यस्ता फेरबदलले गर्दा बाली लगाउने तथा भित्र्याउने समयमा फरक आएको छ र अनिश्चितता रहेको छ

## ३.१० जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण

प्राथमिकिकरणमा परेका जोखिमहरुलाई एकातर्फ र जीविकोपार्जनका स्रोतहरुलाई अर्कोतर्फ राखी सहभागितामूलक विधीद्वारा प्रत्येक जीविकोपार्जनका स्रोतहरुलाई प्रत्येक प्रकोपले पारेको प्रभावसँग तुलना गरी क्षति पुऱ्याउदैन, थोरै क्षति, केही क्षति र धेरै क्षतिको आधारमा ०, १, २, र ३ अंक क्रमश: प्रदान गरी सोही बमोजिम तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका १७: जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण**

| क्र.सं. | प्रकोपहरु<br>जीविकोपार्जनका स्रोतहरू | बाढी | पहिरो | सुख्खा खडेरी | आगलागी | असिना | कृषिमा रोग | पशुमा रोग | चट्याङ्ग | वन्यजन्तु आतंक | कुल अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **प्राकृतिक स्रोतहरु** | | | | | | | | | | |
| १.१ | जमीन | २ | ३ | ३ | ३ | ० | १ | १ | ० | ० | १३ |
| १.२ | पानीको स्रोत | ३ | ३ | ३ | २ | ० | २ | २ | ० | ० | १५ |
| १.३ | वन जङ्गल | ३ | ३ | ३ | ३ | १ | ० | ० | १ | ० | १४ |
| १.४ | वन्यजन्तु | १ | २ | ३ | ३ | २ | १ | ० | १ | ० | १३ |
| १.५ | जडीबुटी | ३ | ३ | ३ | ३ | १ | ० | ० | ० | ० | १३ |
| २ | **भौतिक स्रोतहरु** | | | | | | | | | | |

| क्र.सं. | प्रकोपहरु<br>जीविकोपार्जनका स्रोतहरू | बाढी | पहिरो | सुख्खा खडेरी | आगलागी | असिना | कृषिमा रोग | पशुमा रोग | चट्याङ्ग | वन्यजन्तु आतंक | कुल अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१ | सडक, बाटो | ३ | ३ | १ | १ | २ | ० | ० | ० | ० | १० |
| २.२ | खानेपानी | ३ | ३ | ३ | ३ | १ | ० | ० | ० | ० | १३ |
| २.३ | विद्युत | ३ | ३ | ३ | १ | १ | ० | ० | १ | ० | १२ |
| २.४ | सिँचाइ | ३ | ३ | ३ | १ | १ | ० | ० | ० | ० | ११ |
| ३ | **आर्थिक सम्पत्ती** | | | | | | | | | | |
| ३.१ | कृषि | २ | २ | ३ | १ | २ | ३ | ० | ० | १ | १४ |
| ३.२ | पशु पालन | १ | १ | ३ | २ | १ | १ | २ | ० | १ | १२ |
| ३.३ | रोजगार | १ | १ | १ | १ | ० | १ | १ | ० | ० | ६ |
| ३.४ | व्यापार तथा उद्यम | १ | १ | १ | १ | ० | १ | १ | ० | ० | ६ |
| ४ | **सामाजिक स्रोतहरू** | | | | | | | | | | |
| ४.१ | सामुदायिक भवन | २ | २ | १ | १ | १ | ० | ० | १ | ० | ८ |
| ४.२ | विद्यालय र स्वास्थ्य चौकी | २ | २ | १ | १ | १ | ० | ० | १ | ० | ८ |
| ४.३ | आमा समूह, बाल क्लब, कृषि समूह | २ | २ | १ | १ | १ | ० | ० | १ | १ | ९ |
| ५ | **मानवीय सम्पत्ती** | | | | | | | | | | |
| ५.१ | कर्मचारी | २ | २ | १ | १ | १ | ० | ० | १ | ० | ८ |

जीविकोपार्जनका स्रोतहरुमाथीको प्रभाव विश्लेषण गर्दा सबै भन्दा बढी असर वनमा परेको देखिन्छ र क्रमशः पानीका मुलहरु, मानवीय तथा सिँचाइमा परेको देखियो । जोखिमहरुको विश्लेषण गर्दा बाढी र कटान/पटानले सबै भन्दा बढी असर गरेको देखिन्छ र स्थानीय बसोवास, रहनसहनमा प्रत्यक्ष असर पारेको छ । यसबाट जलवायु परिवर्तनका कारण बाढी, खोला र नदी कटान, खोला र नदीले बालुवा माटो थुपार्ने, र खडेरीले सबै स्रोतमा बढि असर पारेको देखिन्छ ।

### ३.११ जोखिम समुदाय तथा घरधुरी

यस पालिकामा रहेका वस्तीहरुमा मानसैना, सिस्नेकाँडा, चौर, भक्तडी, मुर्मुरी, लाटीकाँडा, चिउली, जाजुरा, औल छाप्रे, बच्छी, सालकोट, चाम्रे, कुईने बाबियाचौर, बिद्यापुर, तातोपानी छन् । यहाँ रहेका ७९०३ घरधुरीमा निम्नानुसार जोखिम घरधुरीहरु रहेकाछन् । नगरपालिकाको पार्श्वचित्र अनुसारको विपन्नता स्तरीकरण तल तालिकामा उल्लेख गरिएकोछन् ।

**तालिका १८: वडा अनुसार सम्पन्नता स्तरीकरण मापनको विवरण**

| वडा नं. | विपन्नता स्तरीकरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | अति गरिव | गरिव | मध्यम | सम्पन्न | जम्मा | |
| १,२, ३ | ६७८ | ५६७ | ३२३ | ५९ | १६३६ | |
| ४, ५, ६ | ६३१ | ५९७ | ३२५ | ७९ | १६३२ | |
| ७ | २६९ | २३४ | ९३ | २१ | ६१७ | |
| ८, ९ | ४५८ | ४६४ | ३०१ | ८७ | १३१० | |
| १०, ११ | ६८५ | ३२७ | ८४ | १३ | ११०९ | |
| **जम्मा** | **२७३०** | **२१८९** | **११२६** | **२५९** | **६३०४** | |

*नगरपालिकाको पार्श्वचित्र २०७४*




*चित्र १४: पञ्चपुरी नगरपालिकाको सम्पन्नता स्तरीकरण*

## ३.१२ जोखिमको रुपरेखा

यस विधिको प्रयोगबाट पञ्चपुरी नगरपालिका क्षेत्रमा हाल विद्यमान प्रकोपहरु, ती प्रकोपहरुबाट भईरहेका र भविष्यमा हुन सक्ने समस्याको अवस्था तथा प्रकोपबाट प्रभावित र प्रभावित हुन सक्ने संकटासन्न क्षेत्रहरुको विश्लेषण गरिएको थियो ।

**तालिका १९ : पञ्चपुरी नगरपालिकाको जोखिमको रुपरेखा**

| प्रकोप | अहिलेको अवस्था | भविश्यमा हुन सक्ने अनुमान |
|---|---|---|
| बाढी,पहिरो | बर्षे पिच्छे खेतीयोग्य जमिनको कटान, घर वस्तिहरु विस्थापित, धनजनको साथसाथै खाद्यान्न र पशुपंक्षीको क्षति, विद्यालय, घर आदि जोखिममा | मानवीय क्षति, आर्थिक क्षति, पशु चौपायहरुको मृत्यु, घर तथा वस्ति जोखिममा, वनजंगलको क्षति, विद्यालय जोखिममा, स्थानीय सडकले पहिरोको जोखिम बढेको, बस्ती विस्थापित हुने सम्भावना, अनुकूलनका उपायहरु तत्काल नभएकोले भविश्यमा पहिरोको प्रकोप अझ बढ्न सक्ने । |
| सुख्खा, खडेरी | पानीका मुहान सुकेको, खेतीपाती समयमा नलाग्नु, उत्पादन घटनु, रुख बिरुवा र खेती सुक्ने गरेका, पशुपालनमा असर | उत्पादनमा कमी, खाद्यन्न संकट, भोकमरी, महामारी, जैविक विविधतामा ह्रास, मरुभुमीकरण हुन सक्ने, कुनै पनि अनुकूलनका उपायहरु नअपनाईएकाले भविष्यमा जोखिम बढ्ने संभावना रहेको छ, पशुपालन व्यवसाय संकटमा पर्नसक्ने, जडीबुटीहरु लोप हुन सक्ने तथा फलफुल उत्पादनमा कमी हुने |
| आगलागी | विभिन्न समयको आगलागीले बार्षिक रुपमा उल्लेखनीय घरगोठहरु जलेर क्षति भएको, मानवीय क्षति, चोटपटक लाग्नु, वनका साना बिरुवा र किरा फट्याङग्राको नास, जीवजन्तुको वासस्थानको विनाश भएको | वन जंगल विनास, पशु पंक्षी तथा वन्यजन्तुको मृत्यु तथा लोप, घाँसपातमा कमी, काठ पैदावरको समस्या |
| असिना | खेतीको फूल र परागसेचन प्रकियामा असर, फलिसकेको अन्नलाई हानी भई उत्पादनमा कमी आएको, घरपालुवा पशुपंक्षीलाई असर गरेको । | अन्न बाली तथा फलफुलमा क्षति, बोटबिरुवामा क्षति, घाँसपातमा क्षति । |
| कृषिमा रोग | कृषिजन्य उत्पादन घटेको, उत्पादन भएको अन्न बचाएर राख्न नसकेको, बिषादी प्रयोग गर्नुपर्दा लगानी र खर्च बढेको, बिषाधीको प्रयोग गरिएको । | भविष्यमा कृषिमा रोगहरु बढदै जाने, रसायनिक पदार्थको प्रयोग बढी हुने, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढने, ठूलाठूला कृषियोग्य जमिनहरु घडेरीमा परिणत हुने र शहरको विकास हुने । |

| प्रकोप | अहिलेको अवस्था | भविश्यमा हुन सक्ने अनुमान |
|---|---|---|
| पशु रोग | पशुधनको क्षति, आम्दानीको स्रोत घट्दै गएको | पशुहरुमा तथा खेति बालिमा नयाँनयाँ अज्ञात रोग, किराहरु देखा पर्न सक्ने । |
| चट्याङ्ग | मानवीय र भौतिक संरचनाको क्षति हुनु, मनोवैज्ञानीक असर | गोठ राख्ने चलन क्रमश हट्दै जाने, पशुचौपाया उन्नत जातको बधुवापालनक्रम बढ्ने छ, अत उच्च क्षेत्रमा चट्याङ्गसँगका पशुचौपाया र गोठालाको सम्मुखता घट्नेछ, ग्रामिण विद्युतीकरणसँगै अर्थिकको व्यवस्थाले घरमा चट्याङ्गको प्रभाव कम पर्ने छ । |
| हावाहुरी | मकै, धान खेती नष्ट गरिदिने र उत्यादनमा कमी हुने, घर गोठ, विद्यालयहरु छानाको उडाएको, पठनपाठन बन्द भएको, मानसिक बिचलन पैदा भएको, ममर्तका लागि थप रकमको यवस्थापन गर्नु परेको, फलफुलको बोटहरु भाँचिदिएको | भविष्यमा हावाहुरीका घटनाहरु वृद्धि भई कृषि क्षेत्रमा हुने क्षति बढे तापनि भौतिक पूर्बाधारमा कम क्षति पर्ने देखिन्छ । |
| वन्यजन्तु आतंक | बाँदर, दुम्सी, स्यालको संख्यामा बृद्दि भएको, अन्नवाली, तरकारी बाली र फलफूल खेती नोक्सान गर्ने गरेको । घरपालुवा जनावरहरु गोठालो गएको अवस्थामा बाघ, चितुवाले बाख्राहरु खाइदिएको, स्थानीयहरुलाई मनोवैज्ञानिक असर परेको । | बाँदर, दुम्सी, स्यालको संख्यामा बृद्दि हुनेक्रम बढदै गएमा बस्ती स्थानान्तर हुनसक्ने देखिन्छ । |
| मानव रोग | आँउ, झाडापखाला, टाईफाईड, निमोनिया, आँखा पाक्ने रोग आदीको संक्रमणमा वृद्धि, गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), विद्यार्थी, शिक्षक, अभिभावक, जडीबुटी संकलक, मजदुर, पशुपालकले क्षमता अनुसारको कार्यसम्पादन गर्न नसक्ने, मानसिकख बिचलन पैदा हुनु, औषधीको खरिदमा रकम बाहिरिनु, दक्ष स्वास्थ्य जनशक्तिकोमा बढन, स्वास्थ्य सेवा प्रदायकहरुमा भीड हुनु, खर्चमा वृद्धि हुनु, घरभित्र हुने वायु प्रदुषणका कारणले खाना बनाउने समयमा घरभित्र धेरै समय बिताउने गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), विद्यार्थीलाई श्वासप्रश्वास सम्बन्धी समस्या बढ्दै गएको छ । | चाउचाउ, फ्रुटी, चिसो पियपदार्थहरुको प्रयोगले सबै स्थानीयहरु, विशेष गरी महिला तथा बालबालिकामा नकारात्मक प्रभाव पर्न सक्छ । दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावट बढ्नेछ । सुनौला हजार दिनका आमाहरु सुरक्षीत पोषण नपाएर कमजोर हुने, गर्भमै बच्चा मर्ने, रक्तअल्पता हुने जस्ता समस्याबाट ग्रसित हुनेछन्, बच्चाहरु कुपोषित हुन सक्नेछन् । प्रदुषणजन्य रोग बढनेछ, स्वास्थ्य सेवाको पनि विस्तार हुनेछ, स्वास्थ्य सेवामा मानिसहरुको पहुँच वृद्धि हुनेछ, खर्च वृद्धि हुनेछ । महिलाहरुलाई पाठेघर सम्बन्धिको समस्या बढदै जाने देखिन्छ । |
| हिउ, तुषारो | बेमौसमी हिमपात र तुषारोले गर्दा हिमाली तथा उच्चपहाडी भेगको अन्नवाली र आलुखेती को उत्पादनमा कमी आएको । | अनियमित हिमपात र तुषारो को कारण हिमाली तथा उच्चपहाडी क्षेत्रको वसाई बिस्थापित हुने देखिन्छ । |

## ३.१३ विषयगत क्षेत्रमा पारेको प्रभाव

परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको खाका २०७६ ले १० वटा विषयगत क्षेत्र र यस विधिबाट पञ्चपुरी नगरपालिकामा विगत ३० वर्ष पहिले देखि हालसम्म जलवायुमा देखिएको परिवर्तनले विभिन्न क्षेत्रगत प्रभाव तथा हालको अवस्था र भविष्यको अनुमान प्रस्तुत गरिएको छ । पहिलेको अवस्थाबाट वर्तमान अवस्थामा भएको परिवर्तन र भविष्यमा पार्न सक्ने नकारात्मक असरको चित्रण गरिएको छ । जसले जलवायु परिवर्तनको नकारात्मक असरबाट अनुकूलित हुन गर्नुपर्ने कामहरूको प्राथमिकीकरण र लेखाजोखा गर्न मद्दत भएको छ ।

### तालिका २०: विषयगत क्षेत्रमा पारेको प्रभाव

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| | कृषि तथा खाद्य सुरक्षा | |
| प्रयाप्त मात्रामा पानी र परम्परागत सिचाईको अवस्था अव्यवस्थित थियो खेतवारी उर्वराशक्ति राम्रो थियो, अधिकतम प्रांगारीक र गोठेमलको प्रयोग गरिन्थ्यो । स्थानीय जातको विउको प्रयोग, धान, गहुँ, मकै, कोदो, आलु राम्रो फल्थ्यो र पानी धेरै | कुलो सिचाईको व्यवस्था व्यवस्थित हुँदै गरेको, खेतवारीमा रासायनीक मलको अत्याधीक प्रयोग हुने गरेको, उन्नत खेती र विउविजनको प्रयोग, अन्नवालीमा आधुनीकता तिर उन्मुख भएको, पानी समयमा नपर्ने, बाढी पहिरोले खेत वगाउने, कटान गर्ने, मिचाहा प्रजातीले असर गर्ने गरेको, | पक्की तथा व्यवस्थित सिचाई कुलो निर्माण । पानीका मुहानहरु सुक्ने सम्भावना, प्रांगारिक मलको प्रयोग घट्ने, रासायनीक मलको प्रयोग वढ्ने र किटनाशक विशाधिहरुको अत्याधिक प्रयोग हुने । स्थानीय विउविजनको लोप हुने, खाधान्न अभाव तथा भोकमरी हुन सक्ने, वाढी, |

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| तथा समयमा पर्थ्यो । वातावरण स्वच्छ थियो, स्थानीय जातका पशुपालन गरिन्थ्यो र चौपायाहरु धेरै पाउने चलन थियो । | विषादीको अधिकतम प्रयोग, उन्नत जातको पशुपालन शुरु गरिएको, गाईवस्तु पाल्ने चलन कम हुदै गएको । | पहिरोले खेतीयोग्य जमिनमा धेरै क्षती गर्न सक्ने, पानीको समस्या झन वढ्दै जानसक्छ जसले गर्दा कृषि उत्पादनमा कमी आउनेछ, स्थानीय प्रजातीको पशुचौपाय लोप हुनसक्ने, उन्नत जातका पशुपालनमा वृद्धि हुने । |
| **वन, जैविक विविधता तथा जलाधार संरक्षण** | | |
| ९० प्रतिसत भु-भाग वनले ओगटेको, घना जंगल थियो जंगलीजनावर र चराचुरुङगीहरु प्रसस्त देख्न पाईन्थ्यो । प्रयाप्त मात्रामा जनावर र चराचुरुङ्गि देख्न पाईन्थ्यो । जडीवुटीमा हर्रो, बर्रो, अमला, सिन्काले, चिराईतो आदि प्रयाप्त पाईन्थ्यो । | वनको घनत्वमा कमी तथा पातलो हुदै गएको वन्यजन्तुहरु लोप भैसकेको छिटफुट स्याल, मृग, घोरल देखिने गरेको र बाँदर, दुम्सिको संख्यामा बृद्धि भएको देखिन्छ । स्याल, मृग र बाँदर बाहेक सबै वन्यजन्तु लोप हुँदै गएको । हर्रो, बर्रो, अमला, दालचिनी, लोक्ता बाहेक सबै लोप भएको । | वन पातलो हुँदै जाने क्रम नरोकिए जैविक विविधतामा कमि आउन सक्नेछ, । जनावर र चराचुरुङ्गिहरु लोप भएर देख्न नपाईने । जनावरहरु पूर्णरुपमा लोप हुने, पशुपंक्षी सकिने, जडीवुटी पनि पूर्णरुपमा लोप हुने र बादरको संख्यामा वृद्धि हुने ।<br>सबै खालका जडिबुटिहरु लोप भएका हुनेछन् । |
| **जलस्रोत तथा उर्जा** | | |
| पानीका मूल तथा मुहानहरु प्रयाप्त थिए र पानीको स्रोत राम्रो, आकाशे पानी समय समयमा पर्दथ्यो, घना जंगल, दाउरा, घाँस नजिकै पाउदथ्यो । दाउरा र टुकी वत्तिको प्रयोग गरिन्थ्यो । | वन पातलो भएको कारण पानीको मुहानहरु चाँडै सुक्ने गरेको, हाल उर्जाको रुपमा सोलार वत्ति, छिटफुट एल.पि.ग्यासको बढी प्रयोग भएको, जंगल मासिदै तथा पातलो हुदै गएकोले घाँस, दाउरा पाउन धेरै टाढा जानुपरेको, सा.व. संरक्षणमा बृद्धि भएको । | वर्षेनी भुकम्पको पराकम्पन र वनको चापमा बृद्धि भईरहेकोले सुख्खा खडेरी, खण्डवृष्टि, अतिवृष्टी हुने, अवस्था आउन सक्छ, पानीको मुहानहरु, सुक्दै जान्छन्, भविष्यमा जमिन मुनीको पानी सुक्न सक्ने सम्भावना, सोलार र विजुलीको अधिकतम प्रयोग भई नयाँ नयाँ उर्जाको अविष्कार हुनेछन्, लघु विधुत आयोजना र राष्ट्रिय प्रसारण निर्माण हुन सक्ने र प्रयाप्त विद्युतीय सुविधा हुने । |
| **स्वास्थ्य खानेपानी तथा सरसफाई** | | |
| विषादी रहित पोषणयुक्त भोजन हुन्थ्यो । | अधिकतम रासायनिक तथा खाद्यमलको | रासायनिक विषाधिको प्रयोग भएको खाद्यान्नले नयाँ नयाँ |
| तजाताजा फलफुल, माछा, मासु, दुध, | प्रयोग, नयाँ नयाँ रोगहरु देखा परेको, मानव | रोगहरु देखा पर्नेछ । मानीस ख्याउटे, पुडका, अपाङ्ग हुने |
| दही, घ्यू, मह, आदि प्रयाप्त पाईन्थ्यो । | स्वास्थ्यमा असर । स्वास्थ्य चौकी तथा | र महिलाको पाठेघर समस्या साथै गर्भ तुहिने हुन सक्छ । |
| मानव रोग कमी, स्वास्थ्य चौकी थिएन । | उपचार गर्ने ठाउँको व्यवस्था बढदै गएकोले | ठूलाठूला स्वास्थ्य संस्थाहरुको स्थापना हुन सक्ने । |
| प्राकृतिक उपचार, जडीवुटी, धामीझाँक्रो | मान्छेको स्वास्थयमा सुधार हुदै गएको । हाल | अस्पतालको पहुँचमा वृद्धिसँगै वडा स्तरमा अस्पतालको |
| व्यापक प्रयोग गरिन्थ्यो । औंलो, झाडा | स्वास्थ्यकर्मीको संख्यामा वृद्धि, चेतनामा वृद्धि | व्यवस्था हुन सक्ने । एम्वुलेन्स सुविधा उपलब्ध हुन |
| पखाला जस्ता रोगहरु धेरै देखिन्थ्यो । धामी, | भईरहेको छ । प्रेसर, सुगर, हाड जोर्नि, | सक्ने । नयाँनयाँ रोगहरु देखा पर्ने । समुदायहरुमा |
| झाँक्री तथा आयुर्वेदिक औषधीको | मृगौला जस्ता रोगहरु धेरै मानिसमा देखा परेको, धामी झँक्रीहरुद्वारा उपचारमा कमी | व्यवस्थित गाउघर क्लिनिक स्थापना हुनेछन् । |
| अत्याधिक प्रयोग । | साथै अस्पताल र स्वास्थ्य चौकीमा उपचार गर्ने संख्यामा वृद्धि । | |
| **जलवायु जन्य प्रकोप न्यूनीकरण तथा विपद जोखिम व्यवस्थापन** | | |
| समयमा वर्षा हुन्थ्यो, तापक्रम समय अनुकूलन थियो, उर्वराशक्ति प्रसस्त थियो, पानीको स्रोतहरु प्रसस्त थियो हावापानीको प्रभावका कारण उत्पन्न रोगहरु कम थियो । वन विनास थिएन, बाढी कम हुन्थ्यो । वन्यजन्तु प्रसस्त थिए, जडीवुटी प्रचुर मात्रामा पाईन्थ्यो<br>समयमा पानी पर्ने तर पहिरोको जोखिम कम थियो | वर्षा ढिलो हुने गरेको छ । तापक्रम वृद्धि, उर्वराशक्ति घटदै गएको, पानीका स्रोतहरु सुक्दै गएको रोगको मात्रा बढेको वन विनासमा वृद्धिका कारण बाढी तथा पहिरोको प्रकोप रहेको वन्यजन्तुको संख्यामा कमि पानी कम पर्ने हुदा बाढी र पहिरोले क्षति पुऱ्याएको । | अतिवृष्टि तथा अनावृष्टि हुन सक्ने । प्रतिकुल तापक्रम, उत्पादनको सम्भावनामा कमि, पानीका स्रोतहरु कहाँ थिए भनेर खोज्नु पर्ने अवस्था झन बढ्ने सम्भावना, सबै मानव रोगी हुने सम्भावना । वन सम्पदाको अस्तित्व खतरामा, वन्यजन्तु लोप हुनेसम्भावना, जडीवुटी नरहने सम्भावना, अग्ला पहाड तथा हिमश्रृखलाहरुमा व्यापक रुपमा पहिरोले क्षति गरेको हुनेछ । |
| **स्थानीय ग्रामिण तथा शहरी बस्ती** | | |

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| जनसंख्या कम थियो । पातलो बस्ती थियो । सरकारी कार्यालयहरु टाढा थिए सामान्य गोरेटो बाटोको व्यवस्था थियो । सामान्य माटोढुंगा र काठले बनेका घरहरु थिए, खानेपानी योजना तथा विद्यालयहरु थिएन । | पक्की घरहरु निर्माणका कामहरु बढिरहेको । सरकारी कार्यालय र गैसस हरुको कार्यालय स्थापनाको क्रम बढदो रहेको गाँउ तथा बस्ती स्तर सम्म मोटरबाटो विस्तारको कार्य भैरहेको । घरको सङख्यामा बृद्धि भएका छ । खानेपानी योजना सञ्चालनमा छन । सामान्य मोटर बाटोको निर्माण भएको छ । विद्यालय भवनको निमार्ण भएको छ । | बढदो शहरिकरणले खेतीयोग्य जग्गा कम हुदै जानेछ । समुदायको पायक पर्ने गरी सरकारी तथा गैससहरु नजिक रहने र भौतिक संरचनामा व्यापकता रहने । गाँउ तथा समुदायमा पक्की बाटो हुने । प्रयाप्त यातायात सुबिधा रहने छ । पक्की घर, पक्की बाटो, विदयालयको पूर्वाधारमा बृद्धि, खानेपानी तथा सिँचाइको राम्रो व्यवस्था हुनसक्ने छ । |
| **उद्योग यातायात तथा भौतीक पूर्वाधार** | | |
| परम्परागत जिवन शैली थियो । कुनैपनी उद्योग स्थापना भएका थिएनन । सडक तथा यातायातका साधनहरु नभएकाले हिडेँर नै आवतजावत गरिन्थ्यो । | स्थानीय स्तरमा वडा तथा समुदायहरु सम्म कच्ची सडकहरुको ट्र्याक खोलिएका सामान्य ससाना उद्योगहरु स्थापना हुन थालेका छन् । | गाउगाउ तथा बस्तीस्तर सम्मका सबै बाटोहरुमा कालोपत्रे गरिएको हुनेछ । ठूलाठूला उद्योगहरु स्थापना भई रोजगार सृजना हुनेछन् । |
| **पर्यटन एवं प्राकृतिक एवं सास्कृतिक सम्पदा** | | |
| पर्या पर्यटनको पहिचान थिएन | पर्या पर्यटनका लागि ओभ्फेलमा परेका सांस्कृतिक सम्पदाहरुको खोजी भैरहेको छ । | नगरपालिका स्तरका प्राकृतिक तथा सास्कृतिक सम्पदाहरुको संरक्षण तथा संवर्धन हुदा आन्तरिक र वाहय् पर्यटकहरुको गन्तव्य हुनेछ । |
| **लैङ्गिंक समानता सामाजिक समावेशिकता, जिविकोपार्जन र शुसासन** | | |
| सरल जिवन शैली थियो । सामाजिक कार्यका अधिकतम जनश्रमदान गरिन्थ्यो । सर्वसम्मत र सामाजिक सम्मान तथा मर्यादाको विश्वास हुन्थ्यो । | मानव अधिकारको प्रत्याभुतिका लागि आवाज उठिरहेका छन् । सामाजिक श्रमदानमा कमि हुदै गएको छ । सामाजिक सुशासन हुने गरेको छ । | लोकतान्त्रिक पद्दति र लोकतन्त्रको प्रत्याभुति हुनेछ । सामाजिक श्रमदान हुनेछैन र सबै परनिर्भर हुनेछन् । भ्रष्टाचार र अनियमितता गर्ने गराउने दुवै पक्षलाई कारवाहीको कडा कानुनी राज्यको प्रत्याभुति हुनेछ । |
| **जनचेतना अभिवृद्दि तथा क्षमता विकास तथा अनुगमन** | | |
| सामाजिक सम्मान प्रदान गरिन्थ्यो । सामाजिक कार्यमा सर्वसम्मत निर्णय तथा सहमतिमा कार्य संचालन गर्ने गरिन्थ्यो । | सामाजिक सुशासन हुने गरेको छ । सामाजिक कार्यमा केही सचेत नागरिकहरुको चासो बढेको छ । | सुशासन युक्त समाजको निर्माण हुनेछ । |

### ३.१४ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण

यस पञ्चपुरी नगरपालिकामा जलवायु परिवर्तनका प्रभावहरु तथा संभावित जोखिम र तिनहरुले वन जङ्गल/जैविक विविधतामा, कृषि र जल पारिस्थितिकीय प्रणालीमा कस्तो असर पारिरहेको छ भनी पत्ता लगाउनु यस विश्लेषणको उद्देश्य रहेको छ ।

## ३.१४.१ वन जङ्गल पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

यस नगरपालिकामा जलवायु परिवर्तनका प्रभावहरु तथा संभावित जोखिमहरुले वनको अवस्थामा तथा जैविक विविधतामा के कस्तो असर पारिरहेको छ भनी पत्ता लगाउन यस विधिको प्रयोग गरीएको थियो । समूहमा छलफल र अर्न्तक्रियाबाट जानकारी संकलन गरिएको थियो । पत्ता लगाईएका जोखिमहरुलाई उच्च-३, मध्यम-२ तथा न्यून-१ वर्गमा विभाजन गरी वन प्रजातीमा परिवर्तन, जीवजन्तुका प्रजातीमा परिवर्तन, वनको अवस्था, यसका संयोजन तथा पारिस्थितिकीय प्रणालीको सेवामा कस्तो परिवर्तन आएको छ भनी विश्लेषण गरिएको थियो ।

**तालिका २१: वन जङ्गल पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण**

| क.सं. | जोखिमहरु | वन प्रजातीमा परिवर्तन | जिवजन्तु प्रजातीमा परिवर्तन | वनको अवस्था/गुणस्तर | संयोजन | वनको पारिस्थितिकीय प्रणाली सेवामा परिवर्तन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बाढी | २ | २ | १ | २ | २ | ९ |
| २ | सुख्खा खडेरी | ३ | २ | २ | १ | २ | १० |
| ३ | वन्यजन्तु आतंक | १ | १ | १ | १ | १ | ५ |
| ४ | कृषिमा रोग | २ | २ | ३ | १ | ३ | ११ |
| ५ | आगलागी | ३ | ३ | ३ | २ | ३ | १४ |
| ६ | चट्याङ्ग | १ | १ | १ | १ | १ | ५ |
| ७ | पहिरो | २ | २ | १ | १ | २ | ८ |
| ८ | असिना | २ | ३ | २ | ३ | १ | ११ |
| ९ | पशुरोग | १ | २ | १ | १ | १ | ६ |
| १० | हावाहुरी | १ | १ | १ | १ | १ | ५ |
| ११ | मानव रोग | १ | १ | २ | १ | १ | ६ |
| १२ | तुषारो | १ | १ | १ | १ | १ | ५ |
| | **औसत** | **१.६६६** | **१.७५** | **१.५८३** | **१.३३३** | **१.५८३** | |

यस नगरपालिकाको वन पारिस्थितिकीय प्रणालीको विश्लेषण गरी हेर्दा सबैभन्दा बढी असर आगलागी, कृषिमा रोग तथा असिनाले पारेको छ। आगलागी र असिनाले वनपैदावारको पुर्नउत्पादन हुन नदीने र रुखलाई सुकाउने भएकाले वन तथा जैविक विविधतामा ह्रास आएको साथै वनले ढाकेको क्षेत्रफल घट्ने र हैसियत बिग्रने गरेको छ।

## ३.१४.२ कृषि पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

जलवायु परिवर्तनका प्रकोपहरुले कृषि पारिस्थितिकीय प्रणालीमा पारेको प्रभाव विश्लेषण गर्नलाई यो विधि प्रयोग गरिएको थियो। समूहमा छलफल र अर्न्तक्रियाबाट जानकारी संकलन गरिएको थियो। पत्ता लगाईएका जोखिमहरुलाई उच्च-३, मध्यम-२ तथा न्यून-१ वर्गमा विभाजन गरी प्रमुख बालीहरुलाई आधार मानी विश्लेषण गरिएको थियो।

**तालिका २२: कृषि पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण**

| क.सं. | जोखिमहरु | खेती प्रणालीमा परिवर्तन | कृषि भूमिमा बसोबास गर्ने जीवजन्तु प्रजातीमा परिवर्तन | कृषिजन्य उत्पादन गुणस्तर | कृषि पारिस्थितिकीय प्रणालीको सेवामा परिवर्तन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | बाढी | ३ | २ | ३ | ३ | ११ |
| २ | सुख्खा खडेरी | ३ | २ | २ | २ | ९ |
| ३ | वन्यजन्तु आतंक | १ | १ | १ | १ | ४ |
| ४ | कृषिमा रोग | ३ | ३ | २ | २ | १० |
| ५ | आगलागी | १ | २ | १ | १ | ५ |
| ६ | चट्याङ्ग | १ | १ | १ | १ | ४ |
| ७ | पहिरो | ३ | २ | २ | २ | ९ |
| ८ | असिना | २ | २ | २ | २ | ८ |
| ९ | पशुरोग | १ | १ | १ | १ | ४ |
| १० | हावाहुरी | १ | १ | १ | १ | ४ |
| ११ | मानव रोग | २ | १ | २ | २ | ७ |
| १२ | तुषारो | २ | १ | २ | २ | ७ |
| | **औसत** | **१.९१६** | **१.५८३** | **१.६६६** | **१.६६६** | |

यस नगरपालिकाको कृषि पारिस्थितिकीय प्रणालीको विश्लेषण गरी हेर्दा सबैभन्दा बढी असर बाढी र कृषिमा रोगले पारेको छ। बाढीले उत्पादनशिल खेतियोग्य जमिन कटान गरेकोले उत्पादकत्वमा कमी आएको देखिन्छ। कृषि वाली तथा फलफूल र तरकारिका विभिन्न खालका रोगकिराले स्थानीय प्रजातिको लोप हुँदै गएको। आयातित वीउविजन बाट फाईदा लिन नसकेको देखिन्छ।

### ३.१४.३ जल पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण

यस नगरपालिकामा भएका खोलानाला, पानीका मुहानमा जलवायु परिवर्तनले पारेको असर विश्लेषण गर्न यो विधिको प्रयोग गरिएको थियो । एकातिर जोखिमहरु राखेर र अर्कोतिर पानीका स्रोतहरुमा रहेका वनस्पति र जीवजन्तुमा परिवर्तन, पानीको गुणस्तरमा परिवर्तन, पारिस्थितिकीय प्रणालीको संयोजन तथा तिनका सेवामा परिवर्तन राखी जोखिमको अवस्था विश्लेषण गरिएको थियो । समूहमा छलफल र अर्न्तक्रियाबाट जानकारी संकलन गरिएको थियो ।

**तालिका २३: जल पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण**

| क.सं. | जोखिमहरु | वनस्पती जल प्रजातीमा परिवर्तन | जिवजन्तु प्रजातीमा परिवर्तन | पानीको अवस्था गुणस्तर | संयोजन | जल पारिस्थितिकीय प्रणालीको सेवामा परिवर्तन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बाढी | ३ | २ | २ | २ | २ | ११ |
| २ | सुख्खा खडेरी | २ | २ | २ | १ | २ | ९ |
| ३ | वन्यजन्तु आतंक | १ | १ | १ | १ | १ | ५ |
| ४ | कृषिमा रोग | २ | २ | २ | २ | २ | १० |
| ५ | आगलागी | १ | १ | १ | २ | १ | ६ |
| ६ | चट्याङ्ग | १ | १ | १ | १ | १ | ५ |
| ७ | पहिरो | ३ | २ | २ | १ | २ | १० |
| ८ | असिना | १ | १ | १ | २ | १ | ६ |
| ९ | पशुरोग | २ | २ | २ | २ | २ | १० |
| १० | हावाहुरी | १ | १ | १ | १ | १ | ५ |
| ११ | मानव रोग | २ | १ | २ | १ | १ | ७ |
| १२ | तुषारो | १ | १ | १ | १ | १ | ५ |
| | **औसत** | **१.६६६** | **१.४१६** | **१.५** | **१.४१६** | **१.४१६** | |

यस नगरपालिकाको जल पारिस्थितिकीय प्रणालीको विश्लेषण गरी हेर्दा सबैभन्दा बढी असर पहिरो र कृषिमा रोग, पशु रोगले पारेको छ । बाढी पहिरोले पानीका मुहानहरु परिवर्तन हुने, पानी प्रदुषित हुने र कृषि तथा पशु रोगले वातावरण प्रदुषित हुने भएकोले मानवीय स्वास्थ्यमा प्रत्यक्ष असर पारेको देखिन्छ ।

### ३.१४.४ पारिस्थितिकीय प्रणालीमा परेको तुलनात्मक रुपमा जोखिम विश्लेषण

विभिन्न पारिस्थितिकीय प्रणालीहरुको विश्लेषण गरे पश्चात निम्न बमोजिमको तालिकामा राखी तुलनात्मक जोखिम विश्लेषण गरिएको थियो ।

**तालिका २४: पारिस्थितिकीय प्रणालीमा तुलनात्मक जोखिमहरुको विश्लेषण**

| क्र. सं | पारिस्थितिकिय प्रणाली | विविधता | अवस्था/ गुणस्तर | संयोजन | पारिस्थितिकीय प्रणालीमा परिवर्तन | जम्मा | औसत |
|---|---|---|---|---|---|---|---|
| १ | वन पारिस्थितिकीय प्रणाली | १.७०८ | १.५८३ | १.३३३ | १.५८३ | ६.२०७ | १.५५१ |
| २ | कृषि पारिस्थितिकीय प्रणाली | १.७४९ | १.६६६ | ०.०० | १.६६६ | ५.०८१ | १.६९३ |
| ३ | जल पारिस्थितिकीय प्रणाली | १.५४१ | १.५ | १.४१६ | १.४१६ | ५.८७३ | १.४६८ |

माथि उल्लेखित प्रमुख ३ वटा पारिस्थितिकीय प्रणालीहरु वन, कृषि तथा जल क्षेत्रहरुलाई उपरोक्त विश्लेषणबाट जलवायु परिवर्तनका जोखिमहरु कृषि पारिस्थितिकीय प्रणलीमा नै तुलनात्मक रुपमा बढी भएको देखिन्छ । कृषि पारिस्थितिकिय प्रणालिमा सुख्खा खडेरी, मिचाहा प्रजाति, नदी तथा खोलाले खेतीयोग्य जग्गा कटान, खहरेखोलाले ढुंगा, वालुवा र माटो थुपार्ने गरेकोले कृषि पारिस्थितिकीय प्रणालिमा असर देखिएको हो । यसको साथै वन र जल क्षेत्रमा पनि प्रभाव पारेको देखिन्छ ।प**रिच्छेद ०४ : सङ्कटासन्नता तथा जोखिम विश्लेषण**

| 72 | जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन बिषयक हाजिरी जवाफ प्रतियोगिता | पटक | ५ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५०० | पालिका स्तरीय समादायिक बिद्यालयहरु | वडा, नपा, प्रदेश, संघ,सरोकारवाला निकायहरु |
| | **जम्मा** | | | | | **१७००** | | **२७००** | | **२२००** | | **२७००** | | **२७००** | **१२०००** | | |
| | **कूल बजेट** | | | | | **५५७००** | | **८६२५०** | | **४७७००** | | **६९२००** | | **२५०००** | **२८६८५०** | | |

स्थानीय समुदायसँगको प्रत्यक्ष छलफल तथा अन्तरक्रिया र पञ्चपुरी नगरपालिका स्तरीय योजना तर्जुमा तथा मस्यौदा माथी छलफल गोष्ठीमा तयार पारिएका यी योजनाहरुको विशेष महत्व छ । यी सबै अनुकूलनका योजनाहरुले समुदायको संकटासन्टा घटाउन र जीविकोपार्जनका स्रोतप्रतिको पहुँच स्थापना गर्न महत्वपूर्ण भूमिका रहनेछ । छोटो समयमा प्रभावकारी सेवा प्रदान गर्न सक्ने क्षमता, थप विकल्पहरुको पर्याप्तता, लक्षित वर्गमा पुऱ्याउन सक्ने सकारात्मक प्रभाव, गरिब तथा विपन्न समुदाय (संकटासन्न समुदाय) वा घरधुरीको आवश्यकता, समय सिमामा आधारित रहेर शीघ्र गर्न सकिने र खर्चमा मितव्ययीताका आधारहरु विश्लेषण गरी प्राथमिकतामा परेका अनुकूलनका उपायहरुलाई समेटी यस अनुकूलन योजनाहरु तर्जुमा गरिएको छ ।

## परिच्छेद ६ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण

जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्युनीकरणका सवालहरुलाई नीति, नियम, आवधिक योजनामा र बार्षिक योजना तर्जुमा मुलप्रवाहिकरण गर्न विभिन्न तहमा भएका तहगत संरचना, मन्त्रालय, स्थानीय सरकार र सरोकारवालाहरुको ठाडो र तेस्रो समन्वयन हुनुपर्ने देखिन्छ ।



स्थानीय योजना प्रक्रियामा छनौटमा परेका तर स्थानीय सरकारले लगानी गर्न नसक्ने, बहुबर्षे योजनाहरुलाई समेत प्रदेश र सघंबाट विनियोजन हुने बजेटहरुबाट विनियोजित गर्ने साथै विभिन्न तहबाट नियमित अनुगमन तथा पृष्ठपोषण गरेमा बस्ती वा वडा स्तरमा समेत जलवायु र विपद सम्बन्धिका योजनाहरुले प्राथामिकता पाउनेछन् । योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण र स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण ६.१ र ६.२ अनुसार हुनेछ ।

## ६.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहिकरण

जलवायु परिवर्तन सम्वन्धी स्थानीय सूचना, जोखिमको अवस्था, स्रोत साधनको उपलब्धता, गुणस्तर तथा त्यस माथिको पहुँच र अनुकूलन तथा जोखिम न्यूनीकरणको आवश्यकता पहिचानको आधारमा जलवायु परिवर्तनलाई पञ्चपुरी नगरपालिकाका आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण गरी जलवायु परिवर्तन व्यवस्थापनलाई संस्थागत गरिनेछ । जलवायु परिवर्तनको जोखिममा रहेका परिवार, समुदाय, वडा वा नगरपालिकालाई आफ्ना अनुकूलन प्राथमिकताबारे प्रष्टसँग अभिव्यक्त गर्न र प्रभावकारी कार्यान्वयनका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रका स्रोत परिचालन गरिनेछ । जलवायु परिवर्तन सम्वन्धी विश्लेषण, अनुकूलन र जोखिम न्यूनीकरणका रणनीतिहरु स्थानीय आवधिक योजना अथवा दीर्घकालिन योजनामा समावेश गरिनेछ । राष्ट्रिय तथा प्रादेशिक योजना आयोगहरुको आधार पत्र तथा आवधिक विकास योजनालाई प्रस्थान विन्दु बनाएर जलवायु उत्थानशीलताका दीर्घकालीन लक्ष्य तथा सोचहरु आवधिक योजनामा समायोजन गरिनेछ । प्राविधिक रुपले कार्यान्वयन गर्न कठिन तथा धेरै स्रोत लाग्ने अनुकूलनका योजनाहरु बहु वर्षीय, दीर्घकालीन तथा आवधिक योजनामा समायोजन गरेर कार्यान्वयन गर्ने । स्थानीय तहबीच वा स्थानीय तह र प्रदेश एवं संघसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने प्रकृतिका जलवायु परिवर्तन अनुकूलनका आयोजनाहरु आवधिक योजनामा एकीकरण गरी कार्यान्वयनमा सहजीकरण गर्ने । स्थानीय आवधिक योजना तथा विकासका नीतिहरुको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकाय, गैरसरकारी संघ संस्था, विकास साझेदार र निजी क्षेत्रका स्रोत परिचालन गर्न मार्गचित्र तथा खाका तयार गरिनेछ । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १०, दफा ७० बमोजिम यस पञ्चपुरी नगरपालिकाको स्थानीय संचित कोषबाट रकम विनियोजन गरी विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाले नगरपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद तथा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक विपद् व्यवस्थापन कोषको स्थापना गरी सो कोषको व्यवस्थापन गर्न वाञ्छनिय भएकोले पञ्चपुरी नगरपालिका विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ लागु गरेको छ ।

## ६.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा समायोजन

अनुकूलन योजनालाई विकास र विषयगत योजनामा साथै स्थानीय सेवा प्रदान गर्ने निजी तथा गैर सरकारी संस्थाहरुको योजना प्रक्रियामा समायोजन गर्नका लागि वडा एवं नगरपालिकाका जनप्रतिनिधि, राजनैतिक दलहरु, अन्य वहुसरोकारवालाहरु र एकीकृत योजना तर्जुमा समितिसँग यस अनुकूलन योजना तर्जुमा प्रक्रिया देखि नै छलफल र समन्वय गरिएको छ । यसरी नै पालिका स्तरमा अनुकूलन कार्य योजनाका र प्रक्रियाको सम्बन्धमा प्रस्तुतिकरण गरी पालिकाका सेवा प्रदायक निकायहरुसंग छलफल गरियो । पञ्चपुरी नगरपालिकाको हरेक वडा स्तरका स्थानीय राजनीतिक दल, सामाजिक संस्थाहरु, सामुदायिक वन उपभोक्ता समूहहरु संग विस्तृत छलफल तयार गरी अनुकूलन कार्ययोजन तयार गरिएको छ र नगरपालिकाबाट अनुमोदन भए पश्चात यो लागु हुनेछ । यसरी नै नगरपालिकाको वार्षिक योजनामा समावेश नभएका योजनाहरुलाई नियमित योजना तर्जुमा प्रक्रिया मार्फत जिल्ला समन्वय समिति तथा सम्बद्ध विषयगत कार्यालयहरु तथा अन्य सरोकारवाला निकायमा पनि पेश गरी मूलप्रवाहिकरणको लागि पहल हुनेछ । भविष्यमा नगरपालिकाले तयार गर्ने आवधिक तथा वार्षिक योजना तथा रणनीतिहरुमा यस अनुकूलन योजनालाई उच्च प्राथमिकताका साथमा समायोजन गरिनेछ । यस योजनाका प्राथमिकताहरुलाई केन्द्रिय स्तरमा वन तथा वातावरण मन्त्रालय मार्फत राष्ट्रिय योजना आयोगबाट तयार गरिने रातो किताब मार्फत राष्ट्रिय विकास योजनामा समायोजन गर्न समेत आवश्यक पहल गरिनेछ । योजना समायोजनका लागि निम्नानुसार कार्यहरु समेत पहिचान गरिएका छन् ।

**क) तत्काल गर्नूपर्ने**

- योजनाका बारेमा सचेतना जागरण गर्ने र अपनत्वको विकास गर्ने ।

● योजना पुस्तिका वा सो अन्तर्गत प्राथमिकतामा परेका क्रियाकलापहरु आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित बिषयगत तथा अन्य सरोकारवालाहरु समक्ष पेश गरी सहयोगको लागि पहल र पैरवी गर्ने ।

**ख) योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नुपर्ने**

**तालिका २८: योजना तर्जुमा प्रक्रिया समायोजन**

| योजना तर्जुमाको स्तर | आवश्यक तयारी | जिम्मेवारी |
|---|---|---|
| टोल बस्ती स्तर | यस योजना बमोजिम आ-आफनो टोल बस्तीमा प्राथमिकतामा परेका योजनाहरु निर्धारित ढाँचामा पेश गर्ने । | सम्वन्धित टोल बस्तीबाट पालिकामा प्रतिनिधित्व गर्ने व्यक्ति - पालिका सभासदस्य) वा प्रभावित समुदाय वा सम्बन्धित बिषयगत क्षेत्रको व्यक्ति । |
| वडा स्तर | बिभिन्न वडासँग सम्वन्धित कार्यक्रम भए सबैसँग समन्वय गर्नुपर्ने | वडा अध्यक्ष, सचिब वा तोकिएको व्यक्ति, वडा समितिका सदस्यहरु |
| नगरपालिका स्तरमा | नगर परिषदबाट अनुमोदन गराउन पहल गर्ने । | कार्यपालिका सदस्यहरु, स्थानीय विपद व्यवस्थापन समितिका सदस्यहरु, राजनितिक दलका प्रतिनिधि |
| बिषयगत क्षेत्रका योजनाहरु | वनसंग सम्वन्धित योजनाहरु सामुदायिक वन उपभोक्ता समूहको साधारणसभा पूर्व नै कार्यसमितिमा पेश गर्ने, माथिल्लो स्तरमा लैजानुपर्ने योजना भएपनि सम्वन्धित निकायको तल्लो तह (जस्तै: सब डिभिजन वन कार्यालय) को सिफारिस, सेक्टर स्तरको योजना तर्जुमा प्रक्रियामा योजना पेश | सम्वन्धित बिषयगत क्षेत्रसँग सम्वन्धित तथा अनुभवी व्यक्ति भएमा राम्रो । |
| बिभिन्न परियोजनाहरु | परियोजनाका तल्लो तहका योजना तर्जुमा प्रक्रियामा वा सोभै परियोजनाको पायकको कार्यालयमा निर्धारित ढाँचामा कार्यक्रम पेश | परियोजनाका स्थानीय सामाजिक परिचालक तथा कर्मचारी मार्फत गर्दा राम्रो |

## ६.३ अनुगमन तथा मूल्याङ्कन योजना

पञ्चपुरी नगरपालिका अर्न्तगत अनुकूलन योजनामा समेटिएका सबै घरधुरी तथा सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता तथा स्थानीय विपद् व्यवस्थापन समिति, कार्यपालिका सदस्यहरु र नगरपालिका स्तरीय अनुगमन मूल्यांकन समितिको अगुवाईमा अनुकूलन कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कनको साथै अर्धबार्षिक रुपमा समिक्षा गरिनेछ । अभिलेखिकरणमा उल्लेखित आवश्यक सूचनाहरुलाई ध्यान दिई अनुगमन गर्नुपूर्व अनुगमनको खाका तयार गरी सोही अनुसार अनुगमन र प्रतिबेदन तयार गरिनेछ । अनुगमनको लागि समितिका पदाधिकारीहरु अनुगमन सम्बन्धि अभिमुखीकरणमा सहभागी भएर मात्र अनुगमन कार्यमा संलग्न हुनेछन् जसबाट गरिएका प्रभावकारिताको लेखाजोखा गर्न सहज हुनेछ । त्यसैगरी वार्षिक रुपमा मूल्याङ्कन गरिनेछ भने योजनाको अन्तमा अन्तिम मूल्याङ्कन गरी पुनःआगामी दिनको मुल्याङ्कन योजना तयार गरिनेछ । यसरी नै अनुकूलन कार्ययोजनालाई सघाउन अनुगमन तथा मूल्याङ्कनले सिकाइ, चिन्तन-मनन र पृष्ठपोषणका लागि अवसर प्रदान गर्दछ । कार्यक्रम सञ्चालनको क्रममा कार्यक्रम गुणस्तरीय तथा उद्देश्यमुलक बनाउन सम्बन्धित लाभान्वित वर्ग तथा सम्बन्धित सरोकारवाला संस्थाहरुको सुझावलाई सम्बोधन गरिने छ । साथै नगरपालिका तथा सम्बन्धित समूहले स्व अनुगमन मुल्याङ्कन गरिनुका साथै सहयोगी निकायहरु संग संयुक्त रुपमा समेत कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरिनेछ । कार्यक्रम सम्पादन पश्चात सम्बन्धित क्रियाकलापको सार्वजनिक लेखा परिक्षण गरिने छ ।

**तालिका २९ अनुगमन तथा मुल्यांकन**

| अनुगमनका तहहरु | किन | कसले | कहिले | कसरी |
|---|---|---|---|---|
| वडातहको अनुगमन ( क्रियाकलापहरु को तहमा) | पारदर्शीता र अपनत्व कायम गर्न, अनुकूलन कार्यहरुको प्रभावकारी कार्यान्वयन | वडा समिति, वडा स्तरीय अनुगमन समिति | कार्यक्रम सञ्चालन पूर्व, सञ्चालनको क्रममा र सम्पन्न भएको १ महिनाभित्र (हरेक कार्यक्रममा) | सार्वजनिक लेखा परिक्षण, स्वः अनुगमन तथा मुल्याङ्कन, |

| अनुगमनका तहहरु | किन | कसले | कहिले | कसरी |
|---|---|---|---|---|
| | | | | होडिंग<br>वोर्ड<br>अवलोकन |
| नगरपालिका तहको अनुगमन<br>(प्रक्रिया र प्रगतिहरु तहमा) | कार्यक्रमको गुणस्तर कायम गर्न ।<br>योजना र प्रगतिको लेखाजोखा गर्न ।<br>कार्यक्रमको प्रभावकारीता वृद्धि गर्दै समयमा कार्य सम्पन्न गर्न । | कार्यपालिका सदस्य, पालिका स्तरीय अनुगमन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय पत्रकार, नगरपालिकाका कर्मचारी<br>तथा सहयोगी निकायहरु | अर्धवार्षिक रुपमा<br>(पौष र असारमा) | समिक्षा तथा योजना तर्जुमा वैठक तथा गोष्ठी |
| | | | त्रैमासिक | फिल्ड अनुगमन भ्रमण |
| | | | त्रैमासिक | संकटासन्न वर्गहरुसँग अन्तरक्रिया |
| | | | नियमित | फोटो तथा घटना अध्ययनको संकलन |
| | | | वार्षिक | वार्षिक प्रगति प्रतिवेदन |
| जिल्ला तहको अनुगमन | अन्तर पालिका समन्वयन तथा अनुकूलनका राम्रा अभ्यासहरुको सिकाई आदान प्रदान गर्न पारदर्शिता र प्रभावकारिता<br>अभिवृद्धि गर्न | समन्वयन समितिका पदाधिकारीहरु | अर्धबार्षिक वा बार्षिक | फिल्ड<br>अनुगमन<br>भ्रमण |
| प्रदेश तथा संघीय मन्त्रालय | पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्न, कार्यक्रम संचालनको प्रभावकारिता आवश्यता औंल्याउन | प्रदेश :- सामाजिक विकास, उधोग पर्यटन वन वातावरण र र सम्बन्धित मन्त्रालय<br>सघं :- वन तथा वातावरण<br>र सम्बन्धित मन्त्रालय | बर्षिक | फिल्ड<br>अनुगमन<br>भ्रमण |

कार्यक्रम संचालनको क्रममा कार्यक्रम गुणस्तरीय तथा उद्देश्य मुलक बनाउन सम्बन्धित लाभान्वित वर्ग तथा सम्बन्धित सरोकारवाला संस्थाहरुको सुझावलाई सम्बोधन गरिनेछ। साथै वडा, नगरपालिका तथा सम्बन्धित समूहले स्वअनुगमन, मूल्याङ्कन गरिनुका साथै सहयोगी निकायहरुसंग संयुक्त रुपमा समेत कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरिनेछ । कार्यक्रम सम्पादन पश्चात सम्बन्धित क्रियाकलापको सार्वजनिक लेखा परीक्षण गरिने छ ।

## ६.४. जलवायु परिवर्तन अनुकूलन व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन

अनुकूलन योजनाको तर्जुमा तथा कार्यान्वयनको नेतृत्व नगरपालिकाले गर्नेछ । नगरपालिकाले योजना तर्जुमा र कार्यान्वयन बाहेक स्थानीय स्तरमा घरधुरी, स्थानीय समुदाय र परियोजनाहरुले स्थानीय अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य, समुदायमा आधारित अनुकूलन कार्यक्रम, पारिस्थितिकिय प्रणाली, संरक्षण क्षेत्र व्यवस्थापन र विषयगत क्षेत्रसँग सम्बन्धि र समूहको योजनामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरु समायोजन गर्नेछ। जोखिम तथा संकटासन्नता र यसका अन्तरनिहित कारणहरु व्यक्ति, घरधुरी र समुदाय स्तरमा फरक फरक भएका कारण स्थानीय योजना तर्जुमा प्रकृयामा जलवायु परिवर्तनबाट बढी प्रभावित महिला तथा संकटासन्न घरधुरीको विशिष्ट समस्यालाई समाधान गर्ने अनुकूलनका कार्यक्रमहरू समावेश गरिनेछ । अनुकूलन र जोखिम न्यूनीकरणका योजनाहरु घरधुरी, स्थानीय समुदाय, उपभोक्ता समूह, संघ-संस्था र परियोजना स्तरमा निर्माण र कार्यान्वयन गर्नलाई प्रोत्साहन गरिनेछ। जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरु व्यक्ति, घरधुरी, स्थानीय समुदाय र उपभोक्ता समूहको जीविकोपार्जन तथा पारिस्थितिकिय प्रणालीमा आधारित हुन सक्नेछ। यस योजनाको सफल तर्जुमा तथा कार्यान्वयन र समन्वयात्मक

भूमिकाका लागि वडा समिति तथा कार्यपालिका समिति क्रियाशिल रहनेछ। स्थानीय अनुकूलन कार्ययोजना संचालन कार्यविधि अनुसार यस योजनाको कार्यान्वयनलाई व्यवस्थित गरिनेछ। पालिकाले प्रदेश, सघिय सरकार, गै.स.स को सहयोग तथा समन्वयनमा कियाकलापहरुको कार्यान्वयन गर्ने छ। जलवायु वित्तका लागि पनि स्थानीय अनुकूलन कार्ययोजना महत्वपुर्ण दस्ताबेज हुनेछ। अनुकूलन योजनामा उल्लेखित कार्यहरुलाई नगरपालिका, विषयगत शाखा, समुदायमा स्थापित भई क्रियाशील रहेका विद्यमान समूह, संस्था, क्लबतथा उपभोक्ता समितिहरु मार्फत कार्यान्वयन गरिनेछ। भौतिक पूर्वाधार सम्बन्धि कार्यक्रमहरुको कार्यान्वयनमा आवश्यकता अनुरुप प्राविधिक तथा उपलब्ध अन्य विज्ञहरुबाट विस्तृत लागत अनुमान (इष्टिमेट) गराउनुकासाथै कार्यान्वयनमा समेत सहयोग लिईनेछ। अनुकूलन कार्ययोजना कार्यान्वयनको सहजिकरण स्थानीय विपद् व्यवस्थापन समितिले गर्ने छ। जलवायु परिवर्तन, विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउने, स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आवश्यक पृष्ठपोषण गर्ने काम कार्यपालिका र स्थानीय विपद् व्यवस्थापन समिति मार्फत गरिने छ। बार्षिक बजेट तर्जुमा तथा जलवायु परिवर्तन, विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुलाई मुलप्रवाहीकरण गर्न आवश्यक सहजीकरण गर्ने तथा बजेट विनियोजनका लागि कार्यपालिकामा पैरवी समेत विपद व्यवस्थापन समिति मार्फत गरिने छ। यस समितिको क्षमता अभिवृद्धि गर्ने आवश्यक कियाकलापहरु समेत समावेश गरिने छ। यस योजनामा अन्य सरोकारवाला निकायहरुको सहयोग पनि आवश्यक पर्ने हुनाले सो कार्यक्रमहरुका लागि सरोकारवाला निकायको वार्षिक योजनामा समावेश गर्नका लागि वडा एवं नगरपालिकाले पहल गर्नेछ। प्राथमिकतामा परेका हरेक क्रियाकलापहरुको विस्तृत कार्यान्वयन योजना र जिम्मेवारी तय गरी सम्बन्धित व्यक्ति, संस्था निकायहरुसँगको समन्वय र सहकार्यमा स्रोत तथा सेवा जुटाई कार्यक्रम कार्यान्वयन गरिनेछ। योजनाको प्रभावकारी कार्यान्वयनका लागि व्यक्तिगत बानी व्यवहार देखि नै परिवर्तनको खाँचो देखिएको छ। त्यसैगरी यस योजनाको कार्यान्वयनमा नीजि क्षेत्रको भूमिका अहमहुन सक्छ। नीजि क्षेत्रको संभावित भूमिका यसै योजनामा उल्लेख गरिएको छ। यसका लागि वडा तथा नगरपालिकाले सम्बन्धित नीजि क्षेत्र, व्यवसायिक क्षेत्र एवं स्थानीय उद्योग बाणिज्य संघ मार्फत समेत पहल गर्नेछ।

# सन्दर्भ सामग्री


- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना (Revised LAPA Framework) २०७६
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०
- विपद् जोखिम न्यूनीकरण नीति २०७५
- पञ्चपुरी नगरपालिकाको वस्तुस्थिति विवरण, २०७९
- स्थानीय सरकार संचालन ऐन, २०७४
- केन्द्रिय तथांक विभाग (२०७८) राष्ट्रिय जनगणना
- राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Programme of Action-NAPA), २०६६

# अनुसूचीहरु

**अनुसूची १: स्थानीय बिपद् व्यवस्थापन समिति, पञ्चपुरी नगरपालिका, सुर्खेत**

| क. सं | नाम | निकाय | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | श्री लालविर भण्डारी | पञ्चपुरी नगरपालिका | संयोजक | ९८५८०८५१९९ |
| २ | श्री मुक्ति देवि रेग्मी | पञ्चपुरी नगरपालिका | सदश्य | ९८५८०५८१८१ |
| ३ | श्री खिम बहादुर बयक क्षेत्री | पञ्चपुरी नगरपालिका | सदश्य | ९८४४८१९००० |
| ४ | श्री याम बहादुर बि.सि. | पञ्चपुरी नगरपालिका | सदश्य | ९८५८०५५०५६ |
| ५ | श्री बल वहादुर रोकाय | पञ्चपुरी नगरपालिका | सदश्य | ९८६९८३०७५४ |
| ६ | श्री हरी प्रसाद ढकाल | पञ्चपुरी नगरपालिका | सदश्य | ९८५८०२१३१७ |
| ७ | श्री दिपक कुमार थापा | पञ्चपुरी नगरपालिका | सदश्य | ९८६८००५५३१ |
| ८ | श्री नगेन्द्र बहादुर शाही | पञ्चपुरी नगरपालिका | सदश्य | ९८६५०८२५८४ |
| ९ | श्री पुर्ण प्रसाद घिमिरे | पञ्चपुरी नगरपालिका | सदश्य | ९८४४८१०८१८ |
| १० | श्री गोकर्ण नाथ योगी | पञ्चपुरी नगरपालिका | सदश्य | ९८५८०४४७८९ |
| ११ | श्री उधोग वाणीज्य संघ अध्यक्ष | पञ्चपुरी नगरपालिका | सदश्य | |
| १२ | श्री हिरामणी पौडेल | पञ्चपुरी नगरपालिका | सदश्य | ९८५८०५०३०१ |
| १३ | श्री ई.प्र.का प्रमुख | पञ्चपुरी नगरपालिका | सदश्य | |
| १४ | श्री ई.प्रशासन का. प्रमुख | पञ्चपुरी नगरपालिका | सदश्य | |
| १५ | श्री गंगादेवी पुरी | पञ्चपुरी नगरपालिका | सदश्य | ९८४८२८०३३८ |
| १६ | श्री नरेन्द्र भण्डारी | पञ्चपुरी नगरपालिका | सदश्य | ९८४४८७३५४० |
| १७ | श्री अम्मर कार्की | पञ्चपुरी नगरपालिका | सदश्य | ९८५८०५२५३४ |
| १८ | श्री प्रमुख प्रशासकिय अधिकृत | पञ्चपुरी नगरपालिका | सदश्य सचिव | ९८५८०४४७८९ |

**अनुसूची २: पञ्चपुरी नगरपालिका, नगरकार्यपालिकाका पदाधिकारीहरुको विवरण**

| क. सं | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री लालविर भण्डारी | नगर प्रमुख | ९८५८०५८१८० |
| २ | श्री मुक्ति देवि रेग्मी | नगर उप प्रमुख | ९८५८०५८१८१ |
| ३ | श्री कर्ण वहादुर थापामगर | वडा अध्यक्ष, वडा नं.१ | ९८४८१२२७७३ |
| ४ | श्री याम बहादुर बि.सि. | वडा अध्यक्ष, वडा नं.२ | ९८५८०५५०५६ |
| ५ | श्री बल वहादुर रोकाय | वडा अध्यक्ष, वडा नं.३ | ९८६९८३०७५४ |
| ६ | श्री राम प्रसाद अधिकारी | वडा अध्यक्ष, वडा नं.४ | ९८६८९३६७४४ |
| ७ | श्री नगेन्द्र बहादुर शाही | वडा अध्यक्ष, वडा नं.५ | ९८६५०८२५८४ |
| ८ | श्री नर बहादुर सिजापती | वडा अध्यक्ष, वडा नं.६ | ९८४८०९५५४० |
| ९ | श्री खिम बहादुर बयक क्षेत्री | वडा अध्यक्ष, वडा नं.७ | ९८४४८१९००० |
| १० | श्री दिपक बहादुर थापा | वडा अध्यक्ष, वडा नं.८ | ९८६८००५५३१ |
| ११ | श्री पुर्ण प्रसाद घिमिरे | वडा अध्यक्ष, वडा नं.९ | ९८४४८१०८१८ |
| १२ | श्री हरि प्रसाद ढकाल | वडा अध्यक्ष, वडा नं.१० | ९८५८०२१३१७ |
| १३ | श्री धन वहादुर माझि | वडा अध्यक्ष, वडा नं.११ | ९८६८६१९५९४ |
| १४ | श्री चन्द्रा आलेमगर | नगर कार्यपालिका सदश्य | ९८५८०५८२०६ |
| १५ | श्री भावना रावल | नगर कार्यपालिका सदश्य | ९८६२५६४५०२ |
| १६ | श्री अनिता वि.क. | नगर कार्यपालिका सदश्य | ९८६६६४३९७४ |
| १७ | श्री कोपीला नेपाली | नगर कार्यपालिका सदश्य | ९८६८६२४२८४ |
| १८ | श्री कमला सुवेदी | नगर कार्यपालिका सदश्य | ९८६३१२३६७१ |
| १९ | श्री भगे कामी | नगर कार्यपालिका सदश्य | ९८५८०५८२०३ |
| २० | श्री गोर्खे कामी | नगर कार्यपालिका सदश्य | ९८५८०५८२०४ |
| २१ | श्री देवेन्द्र राजी | नगर कार्यपालिका सदश्य | ९८४८१२२९१५ |
| २२ | श्री प्रमुख प्रशासकिय अधिकृत | सदश्य सचिव | ९८५८०४४७८९ |

## अनुसूची ३: कार्यक्रमको फोटोहरु



Panchapuri-1, Hasegaun with ward chairperson Karna Bdr Thapa and participants





Panchapuri-3, Ward chairperson Gaura Devi Majhi and other participants during LAPA workshop



Panchapuri-4 with ward chairperson Ram Prasad Adhikari and participants





Panchapuri-7, ward level meeting with ward chairperson Khim Bahadur Bayek and participants



Panchapuri-8 with ward chairperson Deepak Kumar Thapa and participants



Panchapuri-9 with ward chairperson Purna Prasad Ghimire and participants



Panchapuri-10, Jamu with ward chairperson Hari Prasad Dhakal and participants



Panchapuri-11, Maulachowk, Surkhet with ward chair





Panchapuri Municipality level workshop for LAPA draft plan discussion and endorsement at Babiyachaur

## अनुसूची ४: कार्यक्रमको हाजीरी



आज मिति २०८० साल जेठ २९ गते सोमवारका दिन यस पन्चपुरी नगरपालिका, सुर्खेत र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP-2) को साझेदारीमा सञ्चालित कार्यक्रम अन्तर्गत पन्चपुरी नगरपालिका स्तरिय स्थानीय अनुकूलन कार्ययोजना निर्माण तपशिल यस पन्चपुरी नगरपालिका, सुर्खेत का उपप्रमुख श्री मुक्तिदेवी रेग्मी ज्यू को अध्यक्षतामा स्थानीय अनुकूलन कार्ययोजना (लापा) को मस्यौदा उपर छलफल तथा अनुमोदन कार्यक्रम तपशिल बमोजिमको उपस्थितिमा पन्चपुरी नगरपालिका, कार्यालय, सुर्खेत को सभाहलमा सञ्चालन गरियो।

तपशिल

| क्र.सं. | नामथर | पद/ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १, | श्री मुक्तिदेवी रेग्मी | उपप्रमुख, पन्चपुरी नपा | ९८५८०५८९८१ | |
| २, | श्री गोकर्ण नाथ योगी | प्र.प्रशासकिय अधिकृत | ९८४४८६६२०० | |
| ३. | श्री कर्ण बहादुर थापा म. | वडाअध्यक्ष वडा नं १ | ९८४८१२२६६३ | |
| ४, | श्री याम ब. बिसी | ,, ,, २ | ९८५८०५५०५६ | |
| ५, | श्री बल ब. रोकाय | ,, ,, ३ | ९८६९८३०६५४ | |
| ६, | श्री राम प्रसाद अधिकारी | ,, ,, ४ | ९८६८९३६६५४ | |
| ७, | श्री नगेन्द्र ब. शाही | ,, ,, ५ | ९८६५०८२५८४ | |
| ८, | श्री नर बहादुर प्रजापति | ,, ,, ६ | ९८४८०१५५४० | |
| ९, | श्री विक्रम ब. बयक क्षेत्री | ,, ,, ७ | ९८४४८९१००० | |
| १०, | श्री दिपक कुमार थापा | ,, ,, ८ | ९८६८७०५५३१ | |
| ११, | श्री पूर्ण प्रसाद घिमिरे | ,, ,, ९ | ९८४४८१०८१८ | |
| १२, | श्री हरि प्रसाद ढकाल | ,, ,, १० | ९८५८०२१३१६ | |
| १३, | श्री धन बहादुर मगर | ,, ,, ११ | ९८६८६१९५९४ | |
| १४, | श्री चन्द्रा आलेमगर | कार्यपालिका सदस्य | ९८५८०५८८०६ | |
| १५, | श्री पार्वती रावल | ,, — ,, | ९८६२५६४५०२ | |
| १६. | श्री अनिता वि.क. | ,, — ,, | ९८६६६५३९६४ | |
| १७. | श्री कोपिला नेपाली | ,, — ,, | ९८६८६२४२६४ | |
| १८, | श्री कमला सुवेदी | ,, — ,, | ९८६३१२३६७१ | |
| १९. | श्री भगो कामी | ,, — ,, | ९८५८०५८२०३ | |
| २०, | श्री गौरदेवे कामी | ,, — ,, | ९८५८०५८२०५ | |
| २१, | श्री देवेन्द्र राजी | ,, — ,, | ९८५८०४४७८९ | |
| २२, | श्री मन ब. वर्द | का.वा.अध्यक्ष | | |
| २३, | तुल्सी पुरी ना | प्रशासन अधिकृत | ९८६८०१०८६५ | |

(४)

| क्र.सं. | नाम थर | पद, ठेगाना | २०८०।०४।२५ | २०८०।०४।२६ |
|---|---|---|---|---|
| २४. | श्री वेदराज भण्डारी | सरस्वती प्रा.वि. विव्यस अध्यक्ष -१० | [illegible] | [illegible] |
| २५. | श्री दुर्गा ढकाल | हजारी आ.समूह पञ्चपुरी १० | दुर्गा | दुर्गा |
| २६. | श्री रञ्जना ढकाल | शान्ति म.,, ,, १० | [illegible] | [illegible] |
| २७. | श्री कृष्ण ब. खत्री | वडा सदस्य ,, १० | किसन | किसन |
| २८. | श्री दुर्गा वि.क. | आमासमूह वडा नं. १ | दुर्गा | दुर्गा |
| २९. | श्री खगिसरा घर्ति | त्रिवेणी CFUG ,, १ | खगिसरा | खगिसरा |
| ३०. | श्री ज्योतिराम बुढाथोकी | नेरा आवि. विव्य स. अध्यक्ष ६ | [illegible] | [illegible] |
| ३१ | श्री दिलिप कु. बयक | कालिका युवा क्लब. वडा नं. ६ | दिलिप | दिलिप |
| ३२ | श्री पद्मा देवी बुढाथोकी | महिला समूह ,, ६ | पद्मा | पद्मा |
| ३३ | श्री चन्द्रा देउवा | आमा समूह ,, ६ | चन्दा | चन्दा |
| ३४ | श्री याम ब. विष्ट | वडाअध्यक्ष पञ्चपुरी २ | [illegible] | [illegible] |
| ३५ | श्री चन्द्रा आले मगर | कार्यपालिका सदस्य, वडा २ | चन्द्रा | चन्द्रा |
| ३६ | श्री चन्द्रवीर भण्डारी | वडा सदस्य, वडा नं. २ | चन्द्रवीर | चन्द्रवीर |
| ३७ | श्री लक्ष्मी कामी | ,, वडा नं. २ | लक्ष्मी | लक्ष्मी |
| ३८ | श्री रत्ना चपाई | आमा समूह वडा नं. २ | रत्ना | रत्ना |
| ३९ | श्री सुमित्रा आचार्य | शा.प. वडा नं. २ | [illegible] | [illegible] |
| ४० | निर्मला सिंह | आमासमूह सचिव २ | [illegible] सिंह | [illegible] सिंह |
| ४१ | विनिता रामजाली | युवा क्लब २ | [illegible] | [illegible] |
| ४२ | मोति लाल खनाल | वडा सदस्य ४ | [illegible] | [illegible] |
| ४३ | अमर ब. शाहत | ,, उज्यालो मा.वि. ४ | [illegible] | [illegible] |
| ४४ | मान बि. शाही | कालिका मा.वि.व्य.स. अध्यक्ष ४ | [illegible] | मानशाही |
| ४५ | चन्द्र बी सिंह | ५ नं वडा सदस्य ५ | [illegible] | [illegible] |
| ४६ | कमला वि.सी | ४ नं. वडा सदस्य ४ | [illegible] | [illegible] |
| ४७ | चन्द्रा रोकाय | आमा समूह ४ | चन्द्रा | चन्द्रा |
| ४८ | प्रतिमा बलामी | आमा समूह वडा नं ४ | प्रतिमा | प्रतिमा |
| ४९ | भावना [illegible] | कार्यपालिका सदस्य ५ | भावना | भावना |
| ५० | श्री मुक्तिदेवी रेग्मी | उपमेयर - पञ्चपुरी न.पा. | [illegible] | [illegible] |
| ५१ | श्री गोकर्णनाथ पौंगी | प्र.प्रशा. अधिकृत ,, | [illegible] | [illegible] |
| ५२ | श्री विकास विष्ट | MRDF - Program Coordinator | [illegible] | [illegible] |
| ५३ | श्री केशव प्रसाद ओली | ,, अध्यक्ष | [illegible] | [illegible] |
| ५४. | श्री गणेश प्रसाद अधिकारी | प्रमुख, शाखा प्रमुख प.नं.पा. | | [illegible] |
| ५५ | | | | |

माथि उल्लेखित उपस्थितिमा यस पञ्चपुरी नं.

युएनडीपी र नेपाल सरकार जलवायु परिवर्तन सहयोग कार्यक्रम र
को साझेदारीमा सञ्चालित कार्यक्रम अन्तर्गत [illegible]
नगरपालिका वडा नं १, ३, ३, ४, ५, ६, ७ र १० का जनप्रति-
निधि, वडाका पदाधिकारी, अध्यक्ष, नगरपालिका
का कर्मचारी, कृषक, विद्यालय व्यवस्थापन समितिका
पदाधिकारी तथा स्थानीय उपभोक्ताहरूको सहभागिता सहभागिता
मा ३ दिने जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सचेतना
कार्यक्रम सम्पन्न गरियो।

**अनुसूची ५: लापा खाका २०१९को अनुसूची २.**

**स्थानीय अनुकूलन रणनीतिहरूमा समावेश गर्न सकिने केही विषयगत जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका उपायहरू**

**२.१. कृषि तथा खाद्य सुरक्षा**

- सुख्खा, खडेरी, डुवान सहन गर्न सक्ने स्थानीय बाली तथा तिनका प्रजातिहरू पहिचान गरी संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने ।
- दबाब सहन सक्ने प्रजातिहरूको संरक्षण गर्ने स्थानीय स्तरमा सामुदायिक बीउबिजन बैङ्क स्थापना गरी संचालन गर्ने ।
- प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण बालीनाली र बोट बिरुवाको उत्पादकत्व घट्ने र गुणस्तरमा आउने समस्यालाई समाधानको लागि उन्नत बीउ, बिरुवा पहिचान गरी संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने ।
- कृषियोग्य जमिनको जलवायुजन्य प्रकोप (बाढी, पहिरो) बाट हुने क्षयीकरण रोक्न आवश्यक प्रविधिहरू पहिचान गरी प्रवर्द्धन गर्ने । जस्तैः बायोइन्जिनियरिङ, नदी कटान नियन्त्रण, वृक्षरोपण ।
- प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण बालीनालीमा लाग्ने रोग कीरा नियन्त्रण गर्ने एकीकृत रोग कीरा व्यवस्थापन, जैविक मल जस्ता स्थानीय परिवेश सुहाउँदा प्रविधि विकास गरी प्रवर्द्धन गर्ने ।
- कृषि बालीको उत्पादकत्व घट्ने समस्या समाधानको लागि उपयुक्त बालीको पहिचान, छनौट तथा प्रवर्द्धन, कृषि जैविक विविधताको प्रवर्द्धन, बालीको विविधीकरण, बहुवर्षीय बालीको प्रयोग जस्ता असल अभ्यासलाई बढावा दिने ।
- एक घर एक बगैंचा र करेसाबारीको अवधारणा मार्फत जैविक विविधताको प्रवर्द्धन र खाद्य तथा पौष्टिक सुरक्षा प्रवर्द्धन गर्ने । हैसियत बिग्रिएको र नदी उकास जमिनमा माटो सुहाउँदो बाली लगाउने । जस्तैः नदीको किनारमा - बगर खेती गर्ने, आयमूलक कृषि (वन प्रजाति रोप्ने) गर्ने ।
- कृषि जमिनमा सिँचाइको समस्या समाधानको लागि सरल थोपा सिँचाइ, नियन्त्रित सौर्यऊर्जा, सिँचाइ प्रविधि, विविध पानी प्रयोग गर्ने विधि ९:ग्क० लगायतका प्रविधिलाई प्रवर्द्धन गर्ने । त्यस्तै वर्षाको पानी संकलन गर्ने प्रविधि प्रचार प्रसार गर्ने ।
- माटोमा चिस्यान कायम राख्न मल्ची[a] प्रविधिलाई प्रवर्द्धन गर्ने ।
- प्राङ्गारिक मल तथा कम्पोस्ट मलको प्रयोगलाई प्रवर्द्धन गर्ने ।
- कृषि क्षेत्रमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण र यससँग अनुकूलन हुन सहजीकरण गर्ने र कृषिसँग सम्बन्धित जलवायु पूर्वसूचना प्रणाली (Early Warning system) स्थापना गरी कृषक समुदायहरूलाई सूचना प्रवाह गर्ने ।
- स्थानीय र कृषक समूह स्तरमा कृषि सूचना प्रणाली (जस्तैः मौसमी पात्रो) स्थापना गरी कृषक समुदायबीच सूचना प्रवाह गर्ने ।
- पशुपक्षीमा प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण लाग्ने रोग नियन्त्रण गर्न उपयुक्त प्रविधिहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।
- गरिब, भूमिहीन र संकटासन्न घरधुरीको अनुकूलनका लागि वैकल्पिक आय आर्जन र जीविकोपार्जनका उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।
- प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण उत्पादित वस्तुमा पर्ने असर कम गर्न आवश्यक उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।
- कृषि र पशुपक्षी बिमा लागु गरी कृषकहरूको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता बढाउने।
- जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको प्रभावकारिताको लागि कृषक पाठशला संचालन गरी सूचना, ज्ञान र सीपको आदानप्रदान गर्ने ।
- जलवायुमैत्री परम्परागत र स्थानीय प्रविधि तथा अभ्यासलाई प्रवर्द्धन गर्ने, जस्तैः अन्न भण्डारका लागि प्रयोग गरिएको प्रविधि, बीउ उमार्ने प्रविधि, अग्लो नर्सरी ब्याड, बीउ उमार्ने र बालीनाली लगाउने समयमा परिवर्तन ।
- बाली विविधीकरणमा जोड दिने ।

## २.२. वन, जैविक विविधता तथा जलाधार संरक्षण

- रोगव्याधि, खडेरी आदिको दबाब सहन सक्ने वन प्रजातिहरूको पहिचान गरी तिनीहरूको संरक्षण गर्ने गरी स्थानीय स्तरमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- जलवायु परिवर्तनको जोखिममा रहेका वन, वन्यजन्तु एवं सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- जलवायु परिवर्तनका कारण संकटासन्न र जोखिममा रहेका लोपोन्मुख प्रजातिहरूको संरक्षणको लागि स्थानीय र सामुदायिक स्तरमा नर्सरी र जिन बैङ्क स्थापना गर्ने ।
- प्राकृतिक स्रोतमा आश्रित गरिब, विपन्न, महिला तथा संकटासन्न घरधुरी र समुदायका लागि अनुकूलन क्षमता बढाउने वैकल्पिक आय आर्जनका उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।
- जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो तथा हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमिनमा कृषि वन विकास गर्ने र संकटासन्न घरधुरी र समुदाय केन्द्रित कार्यक्रम पहिचान गरी प्रवर्द्धन गर्ने जस्तैः भिरालो जमिनमा गह्रा सुधार तथा उपयुक्त खेती प्रणाली, साल्ट प्रविधि, एकीकृत कृषि वन अवलम्बन गर्ने ।
- भूस्खलन तथा भूक्षय रोक्न गरिने गल्छी निर्माण, वृक्षरोपण र चरीचरण नियन्त्रण गर्ने ।
- एकीकृत जलाधार व्यवस्थापनमा समुदायको सहभागिता सुनिश्चित गर्दै स्थानीय समुदायको अनुकूलन क्षमता वृद्धि गर्ने ।
- वनमा लाग्ने रोग तथा कीरा, खडेरी तथा मिचाहा प्रजातिको प्रकोप न्यूनीकरण र व्यवस्थापन गर्न स्थानीय स्तरमा योजना बनाई कार्यान्वयन गर्ने ।
- वन डढेलो न्यूनीकरण र व्यवस्थापन गर्न स्थानीय  स्तरमा योजना बनाई कार्यान्वयन गर्ने । साथै यस सम्बन्धी स्थानीय  स्तरमा क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय स्तरमा पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रमबाट प्राप्त वातावरणीय सेवाको भुक्तानी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने ।

## २.३. जल तथा ऊर्जा

- जलवायु परिवर्तनले पानीको उपलब्धता र पहुँचमा पार्ने असरलाई दृष्टिगत गर्दै स्थानीय  स्तरमा बर्सातको पानी सोस्न र भूमिगत जल पुनर्भरणका लागि गरिने कुलेसा, पोखरी निर्माण, पानी संकलन र भण्डारण गर्ने । जस्तैः पानीको संकलन र समुचित व्यवस्थापनको लागि पानी घट्ट, प्लास्टिक पोखरी, पोखरी, तलाउ र सूक्ष्म जलाशयहरू निर्माण गरी प्रवर्द्धन गर्ने र लोप भएका पोखरीहरूको पुनःस्थापना गर्ने ।
- खानेपानीका मुहानहरू संरक्षण तथा वैकल्पिक पानीको स्रोतको पहिचान गरी पानीको उपलब्धता र पहुँचमा स्थानीय समुदायको अधिकार सुनिश्चित गर्ने ।
- सिँचाइ र पानीको वितरणमा हुने जोखिम न्यूनीकरण गर्ने स्थानीय स्तरमा उपयुक्त मापदण्ड तथा प्रविधिको विकास गरी कार्यन्वयन गर्ने ।
- समुदायस्तरमा सञ्चालित सिँचाइ कुलो, पोखरी, साना ताल तलैया र तलाउहरूको संरक्षण गर्ने ।
- हरेक घरमा स्वच्छ ऊर्जाको पहुँच विस्तारका लागि स्थानीय र समुदाय स्तरमा लघु जलविद्युत्, सौर्य ऊर्जा, बायोग्याँस, पानी घट्ट, वायु ऊर्जा, बायो ब्रिकेट, सुधारिएको चुलो लगायतका प्रविधि पहिचान गरी प्रवर्द्धन गर्ने र यस्ता प्रविधिमा विपन्न वर्गको पहुँचका लागि अनुदानको व्यवस्था गर्ने ।
- नदी किनाराका गह्रा - सदा हराभरा भन्ने नाराका साथ पहाडी क्षेत्रका नदी छेउछाउमा अवस्थित कृषियोग्य जमिनमा सौर्य ऊर्जा समेत उपयोग गरी लिफ्ट सिँचाइ आयोजनालाई अभियानकै रूपमा सञ्चालन गर्ने ।

## २.४. स्वास्थ्य, खानेपानी तथा सरसफाई

- जलवायु परिवर्तनबाट सृजित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारीको बारेमा स्थानीय  समुदाय र सरोकारवालालाई सुसूचित गर्ने ।
- तातो हावा (लु), सितलहर, अति गर्मी र अति जाडोबाट हुने जलवायुजन्य स्वास्थ्य सम्बन्धी समस्याबाट बच्न र यसको समाधानको लागि स्थानीय स्तरमा जोखिम न्यूनीकरणका कार्यक्रम संचालन गर्ने ।

- जलवायु परिवर्तनबाट सृजित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारी फैलिन नदिन स्थानीय र समुदाय स्तरमा पूर्वतयारी आवश्यक संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने ।
- संक्रामक रोगको नियन्त्रणको लागि स्थानीय संरचनाहरू जस्तै : हेल्थ पोस्ट, स्थानीय  अस्पतालको सेवा सुविधालाई सुधार गर्ने ।
- घरेलु तथा होटल व्यवसाय र अस्पतालहरूबाट निस्कने फोहरमैलाको स्रोतमा वर्गीकरण गरी सफा ऊर्जा उत्पादन गर्न प्रोत्साहन गर्ने ।
- घरभित्र हुने धुँवा र यसबाट हुने असरलाई न्यूनीकरण गर्न उपयुक्त प्रविधिलाई प्रोत्साहन गर्ने जस्तैः सुधारिएको चुलोको प्रर्वद्धन ।
- स्थानीय  विद्यालय र शैक्षिक संस्थाहरूमा जलवायु परिवर्तनको कारण स्वास्थ्य तथा सरसफाइमा पर्ने असरको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।

### २.५. स्थानीय  ग्रामीण तथा सहरी बस्ती

- स्थानीय तह स्तरीय भूउपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरूको आधारमा वन, कृषि, बस्ती तथा औद्योगिक क्षेत्र लगायतका क्षेत्रहरूको निर्धारण गर्ने ।
- एक गाँउ एक वातावरण र जलवायुमैत्री हरित सडक,  जलवायु उत्थानशील खानेपानी, ढल निकास, विद्युत् र दूरसंचार, एक गाँउ १० पानी संकलन पोखरी र एक गाँउ एक पूर्वसूचना प्रणाली केन्द्र लगायतका संरचना विकास गरी कार्यान्वयन गर्ने ।
- अव्यवस्थित सहरी तथा ग्रामीण बस्तीहरू एवं जलवायुजन्य जोखिम क्षेत्रमा बसोवास गरेका घरपरिवार र समुदायमा पर्ने जलवायु परिवर्तनका प्रतिकूल असरहरू न्यूनीकरण गर्न अनुकूलन कार्यक्रमहरू सञ्चालन गर्ने ।
    - ग्रामीण र सहरी बस्ती पूर्वाधार एवं घरका संरचनाहरूको डिजाईन र निर्माण गर्दा जलवायु परिवर्तनका जोखिमहरूलाई दृष्टिगत गरी अनुकूलनका प्रविधिहरू अनुसरण गर्ने । जस्तैः हरेक घरमा पानी संकलन र सडकको दाँया बाँया पानी निकास गर्ने प्रविधि ।
- हरित बस्तीको अवधारणा अनुसरण गर्दै सडक किनारा र खाली रहेका जमिनमा वृक्षरोपणका साथै उद्यानहरू निर्माण गर्ने ।

### २.६. जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन

- प्रकोपजन्य मौसमी घटनाहरूको पूर्वानुमान र पूर्वतयारी
    - मौसम पूर्वानुमानमा पहुँच र विषम मौसमी अवस्था (खडेरी, अति गर्मी, शीत लहर आदि) तथा घटनाहरू (लु - तातो हावा, आँधीबेहेरी, चट्याङ, असिना, अतिवृष्टि आदि) का बारेमा सचेतना जगाउने ।
    - पूर्वसूचना तथा चेतावनी प्रणालीको स्थानीय संयन्त्र स्थापना र सञ्चालन गर्ने ।
    - सुरक्षित आश्रयस्थल, आकस्मिक उद्धार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन गर्ने ।
    - घर, खेतबारी वरिपरि आँधीहुरी छेक्न सक्ने रूख प्रजातीका वृक्ष हुर्काउने र उचित व्यवस्थापन गर्ने ।
- प्रकोप जोखिम न्यूनीकरण सम्बन्धित कामहरू वा रणनीतिहरू
    - घर तथा सार्वजनिक सेवाका भवनहरूमा (विद्यालय, अस्पताल, किनमेल केन्द्र, कार्यालय आदि) चट्याङ पार गराउने प्रविधि र रड प्रयोग गर्ने ।
    - बाढी, पहिरोका जोखिमयुक्त ठाउँहरूको पहिचान गरी जोखिममा रहेकालाई अन्यत्र सार्ने ।
    - जोखिमवाट बच्न सुरक्षित स्थानको व्यवस्था गर्ने तथा आवश्यकता अनुसार सुरक्षित सामुदायिक भवन निर्माण गर्ने ।
    - बाढी तथा पहिराको रोकथाम गर्न सबै संरचनात्मक तथा गैरसंरचनात्मक उपायहरू अवलम्बन गर्ने ।

- सडक, पुल, नाली, खानेपानी, सिँचाइ तथा अन्य भौतिक संरचना डिजाइन र निर्माणमा भविष्यमा हुन सक्ने उच्च तापक्रम र त्यसको असर, अति वर्षा र त्यसको असर साथै अन्य मौसमी दबाबहरूको मात्रा आकलन गरी उपयुक्त प्रतिरोध क्षमता राखी डिजाइन र निर्माण गर्ने, ती संरचनाहरूको स्तर र मापदण्ड निर्धारण गर्ने ।
- हावापानी परिवर्तनले बदलिन सक्ने मौसमी रोगव्याधिहरूका बारेमा जानकारी र रोकथामका उपायहरू अपनाउने ।
- जलवायुजन्य प्रकोपहरूबाट हुने क्षतिबाट पुनरुत्थानका लागि अति संकटासन्न र जोखिममा रहेका व्यक्ति र परिवारहरूको सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।
- जलवायुजन्य जोखिम क्षेत्रमा काम गर्नेहरूको जीवन बिमाका साथै जलवायुजन्य जोखिमका कारण क्षति हुन सक्ने सम्पत्तिको पनि बिमा गर्ने ।

- अन्य
  - प्रकोप कम गर्न तथा विपद्को सामना गर्न आवश्यक ऐन, नीति नियम र योजनाहरू बनाउने ।
  - आपतकालीन अवस्थामा गर्नुपर्ने वा नपर्ने कामहरू, विधि र प्रक्रियाहरू तर्जुमा गरी लागु गर्ने ।
  - आवश्यक कर्मचारी, साधन स्रोत व्यवस्था गर्ने, तालिम तथा फिल्ड अभ्यास गराउने ।
  - हरेक विकास योजना जलवायुमैत्री भए वा नभएको जाँच गर्न व्यवस्था गरी, विधि र प्रक्रिया निर्धारण गर्ने ।

## २.७.उद्योग, यातायात तथा भौतिक पूर्वाधार

- स्थानीय तहमा स्थापना भई संचालनमा आएका उद्योग, यातायात र भौतिक पूर्वाधारमा किफायती ऊर्जा प्रविधि र विद्युतीय ऊर्जाको प्रयोगलाई प्रवर्द्धन गर्ने ।
- भौतिक पूर्वाधारको डिजाईन, विकास र रेखदेख गर्दा अनुकूलनका उपायहरू अनुसरण गर्ने ।
- सार्वजनिक यातायातलाई बढावा दिँदै, साइकलको प्रयोग एवं विद्युतीय र जैविक ऊर्जामा आधारित यातायातको प्रयोगलाई विस्तार गर्ने ।
- भौतिक पूर्वाधार निर्माण तथा बस्ती विकास गर्दा विपद्बाट सुरक्षित हुने स्थान छनौट गर्ने ।
- ग्रामीण सडक संजाल विस्तारमा संकटासन्न समुदायका बासिन्दाहरूको (आधारभूत सेवा केन्द्रहरू, स्वास्थ्य चौकी, विद्यालय, कृषि सेवाकेन्द्र जस्ता ठाँउ लगायत स्थानीय बजारसम्मको) सहज आवागमनलाई ध्यानमा राखी शाखा सडकहरू, गोरेटो सुधार, पुल पुलेसा निर्माण तथा बर्सातको पानी निकासको उचित व्यवस्थालाई सुनिश्चित गर्ने ।

## २.८.पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा

- स्थानीय तहमा पर्यटन क्षेत्रलाई वातावरण र जलवायुमैत्री बनाउन आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- संवेदनशील एवं जलवायु संकटासन्न र जोखिममा रहेका पर्यटनस्थल र सांस्कृतिक सम्पदाको पहिचान गरी त्यस्ता क्षेत्रहरूको स्थानीय समुदाय र संघसंस्थाको सक्रिय सहभागितामा संरक्षण र व्यवस्थापन गर्ने ।
- पर्यापर्यटन व्यवसायमा संलग्न महिला तथा संकटासन्न समुदायका लागि विशेष सहुलियतका कार्यक्रमहरू निर्धारण गर्ने ।
- जलवायु संकटासन्न र जोखिममा रहेका घरधुरी र समुदाय केन्द्रित पर्यटनमा आधारित रोजगारीका कार्यक्रमहरू संचालन गर्ने ।
- पर्यटन क्षेत्रबाट सृजित फोहोर मैला एवं प्रदूषणलाई नियन्त्रण र व्यवस्थित गर्न आवश्यक मापदण्ड बनाई नियमनकारी व्यवस्था गर्ने ।
- पर्यटन व्यवसायलाई भरपर्दो, सुरक्षित बनाउनको लागि पूर्वसूचना तथा चेतावनी प्रणालीको स्थानीय संयन्त्र स्थापना र सञ्चालन गर्ने ।

- जलवायु अनुकूलन र जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय सांस्कृतिक ज्ञान र महत्त्वका बारेमा जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने ।

## २.९. लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन

- स्थानीय स्तरमा जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा महिला सहभागिता सुनिश्चित गर्ने ।
- संकटासन्नता र जोखिम विश्लेषण गर्दा लैङ्गिक तथा सामाजिक समावेशितालाई मुख्य आधार बनाउने ।
- जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूबाट जोखिममा परेका महिला र संकटासन्न व्यक्तिहरू लक्षित गरी जलवायु उत्थानशील जीविकोपार्जन र रोजगारीका कार्यक्रमहरू संचालन गर्ने ।
- जलवायुमैत्री प्रविधि, ज्ञान र सूचनामा महिला र संकटासन्न समूहहरूको पहुँच अभिवृद्धि गर्ने ।
- स्थानीय स्तरमा र समुदाय केन्द्रित पूर्वसूचना प्रणाली विकास गरी महिलाहरूको सहभागिता वृद्धि गर्ने ।
- जोखिम न्यूनीकरणका लागि स्थानीय र समुदाय स्तरमा दक्ष महिला जनशक्ति तयार गर्नका लागि सीपमूलक तालिम संचालन गर्ने ।
- सुरक्षित आश्रयस्थल, आकस्मिक उद्धार तथा उपचार सेवा जस्ता विपद् प्रतिरोधात्मक कार्यको पूर्वतयारी र कार्यान्वयन गर्दा महिला, बालबालिका, ज्येष्ठ नागरिक र संकटासन्न व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने ।

  स्थानीय स्तरमा अनुकूलन र जोखिम न्यूनीकरण कार्यक्रम संचालन गर्दा पारदर्शिता र सुशासनका अभ्यासहरूलाई अनुसरण गर्ने ।

## २.१० जनचेतना अभिवृद्धि तथा क्षमता विकास

- स्थानीय तहमा जलवायु परिवर्तनको असर र जोखिम न्यूनीकरण एवं अनुकूलनका उपायहरूबारे समुदाय स्तरमा स्थानीय भाषामा प्रचार प्रसार गर्ने ।
- जलवायु परिवर्तनलाई स्थानीय तहमा औपचारिक तथा अनौपचारिक शैक्षिक पाठ्यक्रमहरूमा समावेश गर्ने ।
- विभिन्न लक्षित समूहको लागि उपयुक्त हुने तथ्यांक, सूचना, सिकाइ तथा असल अभ्यास सहितका ज्ञानमूलक सामग्रीहरू तयार गरी वितरण गर्ने ।
- स्थानीय स्तरमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू स्थानीय सरकार, गैरसरकारी संस्था एवं नागरिक समाजको सहभागितामा सञ्चालन गर्ने

## अनुसूची ६: स्थानीय अनुकूलन योजना तर्जुमाका लागि तदर्थ सिद्धान्तहरू (Ad-hoc Principles of Local Adaptation Planning)

### तत्कालका जोखिमहरुको सम्बोधन (Address immediate vulnerability):

जलवायु परिवर्तन अनुकुलन कार्यक्रम तथा योजनाहरु छनौट गर्दा तत्कालका जोखिमलाई सम्बोधन गर्ने र स्थानीय वा भूपरिधि (Landscape) स्तरमा जलवायु परिवर्तनको नकारात्मक प्रभावहरूलाई तत्काल सम्बोधन गर्ने रणनीतिहरू र कार्यहरू समावेश गर्नु पर्दछ। जलवायु परिवर्तनका प्रभावहरू भौगोलिक स्थान, सम्मुखता (Exposure), समुदायको सामाजिक आर्थिक विशेषताहरू, र विशिष्टीकृत संकटासन्नताको आधारमा फरक प्रकृतिका र भिन्न-भिन्न हुन सक्दछन । तसर्थ तत्कालका सम्भावित जोखिमलाई सम्बोधन गर्ने कामलाई सधै प्राथमिकतामा राख्नु पर्दछ । यस्ता तत्कालका कार्य तथा रणनीतिहरू दीर्घकालीन अनुकूलन रणनीतिको अंश पनि हुनु पर्दछ, जसले वर्तमान र भविष्यमा जलवायु परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित चुनौतीहरूलाई सामना गर्न सहयोग पुऱ्याउँदछ ।

### जीवन र जीविकोपार्जनको संरक्षण (Protect life and livelihoods):

जलवायु परिवर्तनको प्रभावले व्यक्तिको जीवन र जीविकोपार्जनलाई धेरै असर गर्ने भएकोले यसलाई जोगाउन स्थानीय अनुकूलन योजनाहरुको छनौट तथा कार्यन्वयन गर्दा यस्ता कार्यक्रमहरुलाई मुख्य प्राथमिकता दिनु पर्दछ । यस्ता योजनाहरुमा संकटासन्न समुदाय र क्षेत्रको विशेष जोखिमहरूलाई सम्बोधन गर्ने रणनीतिहरू र कार्यक्रमहरू समावेश गर्नु पर्दछ । यसका लागि जोखिम मूल्याङ्कन, प्रारम्भिक जोखिम सूचना प्रणाली (Early warning system), उत्थानशील पूर्वाधार, आर्थिक विविधीकरण, कृषिमा अनुकूलन, सामाजिक सुरक्षा, उत्थानशील सार्वजनिक सेवाहरू, प्राकृतिक स्रोत व्यवस्थापन, सामुदायिक शिक्षा र जागरूकता, स्थानीय शासन र निर्णय लिने क्षमता निर्माण, अनुगमन र मूल्याङ्कन जस्ता विषयवस्तुहरु समावेश गर्नुपर्दछ ।

### पारिस्थितिकीय प्रणालीहरुबाट प्राप्त हुने सेवाहरुको संरक्षण र उपयोग (Promote both conservation and utilization of ecosystem services):

स्थानीय अनुकूलन योजनाहरुले पारिस्थितिकीय प्रणालीहरुबाट प्राप्त हुने सेवाहरुको संरक्षण, प्रवर्द्धन र दिगो उपयोग गर्ने रणनीति र कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ । यी सेवाहरू मानिसहरूले पारिस्थितिकीय प्रणालीहरुबाट प्राप्त गर्दछन जस्तै स्वच्छ पानी, उर्वर माटो, खाद्यान्न र जलवायु नियमन आदि । यी सेवाहरूको जिम्मेवारपूर्ण उपयोगको साथ सन्तुलित संरक्षणले समुदायको उत्थानशीलता बढाउँदछ। पारिस्थितिकीय प्रणालीहरुबाट प्राप्त हुने सेवाहरूको संरक्षण र दिगो उपयोगलाई बढावा दिएर, स्थानीय समुदायहरूले आफ्नो अनुकूलन क्षमता बढाउन, आफ्नो जीविकोपार्जन कायम राख्न र जलवायु परिवर्तनबाट उत्पन्न चुनौतीहरूको सामना गर्न सक्दछन ।

### अनुकूलन मार्फत छोटो अवधिमा प्राप्त गर्न सकिने लाभहरूको प्राथमिकता (Focus on supply of direct adaptation benefits in short run):

अनुकूलनका कार्यक्रमहरु समुदायलाई छोटो अवधिमा छिटो, छरितो र प्रत्यक्ष लाभहरू प्रदान गर्न केन्द्रित हुनु पर्दछ र समुदायको उत्थानशीलताको लागि तत्काल र ठोस सकारात्मक परिणामहरू प्रदान गर्ने कार्यहरू र रणनीतिहरूलाई प्राथमिकता दिनु पर्दछ । अल्पकालीन र प्रत्यक्ष अनुकूलन लाभहरूमा ध्यान केन्द्रित गरेर, स्थानीय समुदायहरूले सकारात्मक परिणामहरू अनुभव गर्न सक्दछन, जसले जलवायु परिवर्तनका प्रभावहरूप्रति उनीहरूको उत्थानशीलता बढाउँछ र दिगापनको तयारीका लागि आधार निर्माण गर्दछ ।

### अनुकूलनका गलत अभ्यास नगर्ने (Avoid maladaptation):

जलवायु परिवर्तनको प्रभावले समाज र पारिस्थितिकीय प्रणालीहरुमा नकारात्मक असर नपर्ने अनुकूलन विधि र उपायहरु छनौट गर्नुपर्दछ । जलवायु परिवर्तनका प्रभावहरूलाई सम्बोधन गर्नका लागि गरिएका कार्यहरूले नकारात्मक वा उल्टा परिणामहरु निम्त्याएमा, त्यसले व्यक्ति र समाजमा थप समस्या सिर्जना गर्दछ, उदाहरणका लागि माथिल्लो भूभागमा बनेका सिँचाइ तथा तटबन्धहरुको अनुपयुक्त डिजाइन र कमजोर गुणस्तरका कारण उक्त संरचनाहरु भत्केमा तल्लो भूभागमा बाढी र पहिरो गई जनधनको ठूलो क्षति हुने जोखिम रहन्छ ।

त्यस कारणले योजना तर्जुमा र कार्यान्वयन गर्दा अनुकूलनका सहि अभ्यास र कार्यहरु छनौट गर्नुपर्दछ । यसरी सचेत रहँदा खराब अनुकूलन अभ्यासका जोखिमलाई कम गर्न सकिन्छ र स्थानीय स्तरमा निर्माण गरेका अनुकूलन कार्यक्रम र रणनीतिहरूले सही रुपमा जलवायु परिवर्तनका प्रभावहरूलाई सम्बोधन गर्न सक्दछ ।

**जलवायु परिवर्तनका प्रभाव सम्बोधनका कार्यक्रमहरु र नियमित विकासका प्रकृयाहरु (No amalgamation with regular development actions):**

जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम र रणनीतिहरुलाई नियमित विकास प्रकृयाहरुमा मूलप्रवाहीकरण गर्नुपर्दछ, तर जलवायु परिवर्तनबाट तत्कालमा उत्पन्न हुने जोखिमहरुको सम्बोधनका लागि छुट्टै र भिन्न कार्यक्रमहरु तर्जुमा गर्नुपर्दछ । जलवायु परिवर्तनका प्रभावको सम्बोधनका लागि स्थानीय सन्दर्भहरू, उपलब्ध स्रोतहरू, शासकीय संरचनाहरू र जलवायु परिवर्तनका कारण उत्पन्न भएका विशिष्टीकृत चुनौतीहरूलाई ध्यान दिई भिन्न कार्यक्रमहरु तर्जुमा गर्नुपर्दछ ।

**संकटासन्न समुदाय तथा घरधुरीलाई प्रत्यक्ष लाभ हुने योजना (Direct benefits to vulnerable household and community):**

जलवायु परिवर्तनका प्रभावहरूबाट संकटासन्न समुदाय तथा घरधुरीहरु प्रत्यक्ष रूपमा लाभान्वित हुने अनुकूलन योजना तथा कार्यक्रमहरु निर्माण र कार्यान्वयन गर्नु पर्दछ । यो स्थानीय अनुकूलनको एउटा महत्वपूर्ण पक्ष हो । जलवायु परिवर्तनका नकारात्मक प्रभावहरुबाट गरीब तथा संकटासन्न समुदाय र घरपरिवारहरूले प्राय: असमान जोखिमहरूको सामना गरिरहेका हुन्छन । यी प्रभावहरूको सामना गर्न र पुन: पहिलेको अवस्थामा फर्किन उनीहरुका लागि नगण्य वा सीमित स्रोतहरू मात्र प्राप्त हुन सक्छन, जसले गर्दा यस्ता समुदाय बढी प्रभावित र पीडित हुन्छन । उनीहरुको उत्थानशीलता र अनुकुलन क्षमता बृद्धिका लागि विशेष योजनाहरु जस्तै जीविकोपार्जनमा विविधीकरण, जलवायु उत्थानशील कृषि, प्रारम्भिक जोखिम सूचना प्रणाली, सामाजिक सुरक्षाको प्रत्याभुति र सामुदायिक क्षमता निर्माण सम्बन्धी योजनाहरु पहिचान गरी कार्यान्वयनमा प्राथमिकता दिनु पर्दछ । जोखिममा परेका घरपरिवारलाई प्रत्यक्ष फाइदा पुग्ने अनुकूलन योजनाहरूको डिजाइन र कार्यान्वयन गर्न स्थानीय सन्दर्भ र चुनौतीहरूको विस्तृत बुझाइ आवश्यक हुन्छ । यस प्रक्रियामा स्थानीय समुदाय र सरोकारवालाहरूसँगको सहभागितामुलक छलफलबाट प्रभावकारी र दिगो समाधानहरूको खोजी गर्न आवश्यक हुन्छ जसले जोखिममा रहेका व्यक्ति र समुदायको उत्थानशीलता बढाउँदछ ।

**महत्वपूर्ण र संवेदनशील पूर्वाधारको संरक्षण (Protection of critical infrastructures):**

महत्वपूर्ण र संवेदनशील पूर्वाधारको निर्माण तथा संरक्षण स्थानीय जलवायु परिवर्तन अनुकूलनको एक महत्वपूर्ण पक्ष हो । संकाटासन्न समुदायहरुको दैनिक जीवन र जीविकोपार्जनमा यस्ता पूर्वाधारहरुको महत्वपूर्ण भूमिका हुन्छ । उत्थानशील पूर्वाधारहरु जस्तै पानी आपूर्ति, सिंचाई, यातायात, ऊर्जा, सञ्चार, र स्वास्थ्य सेवाहरुले समुदायको जीवन र जीविकोपार्जनमा प्रत्यक्ष योगदान पुऱ्याउँदछन । यस्ता महत्वपूर्ण पूर्वाधारको संरक्षणका लागि सरकारी

निकायहरू, निजी क्षेत्र, सामुदायिक संस्थाहरू, स्थानीय समुदाय लगायत विभिन्न सरोकारवालाहरूको आपसी सहयोग र समन्वय आवश्यक हुन्छ ।

### प्रकृति र प्राकृतिक स्रोतहरूको संरक्षण (Conservation of nature and natural resources):

जलवायु परिवर्तनको स्थानीय अनुकूलनमा प्रकृति र प्राकृतिक स्रोतहरूको संरक्षणले महत्त्वपूर्ण भूमिका खेल्दछ । पारिस्थितिकीय प्रणालीहरुको संरक्षण, उपलब्ध सेवाहरुको उपयोग र प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गरेर, समुदायहरूले जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू प्रति उत्थानशीलता बढाउन र जीविकोपार्जन सुरक्षित गर्न सक्दछन । जस्तै पानीको मुहान संरक्षण गरी निरन्तर खानेपानीको उपलब्धता सुनिश्चित गर्न सकिन्छ । प्रकृति, प्राकृतिक स्रोतहरू र जलवायु परिवर्तन अनुकूलनको अन्तरसम्बन्धलाई आत्मसात गरेर, समुदायहरूले जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू बिरुद्ध उत्थानशीलता निर्माण गर्दै वातावरण संरक्षण गर्ने रणनीतिहरू विकास गर्न सक्दछन । प्रकृति र प्राकृतिक स्रोतहरूको संरक्षण गर्ने स्थानीय कार्यहरू, जलवायु अनुकूलन रणनीतिको एक महत्वपूर्ण कार्य हो ।

### रोजगारी सृजना र आयस्रोतको संरक्षण (Employment generation and protection of income sources):

हरित रोजगारी सिर्जना र आम्दानीका स्रोतहरूको संरक्षण स्थानीय जलवायु परिवर्तन अनुकूलन प्रयासका महत्वपूर्ण पक्षहरू हुन । आयआर्जन, रोजगारी सिर्जना गर्ने र जीविकोपार्जनको सुरक्षा गर्ने रणनीतिहरूलाई एकीकृत गरेर, समुदायहरूले आर्थिक स्थायित्वलाई प्रवर्द्धन गर्दै जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू प्रति आफ्नो उत्थानशीलता बढाउन सक्दछन । यसबाट समुदायहरूको जलवायु परिवर्तनको प्रभावसँग जुध्ने क्षमता अभिवृद्धि गर्न सक्दछन । स्थानीय अनुकूलन योजनाहरूले समुदायको आयआर्जन, रोजगारी तथा जीविकोपार्जनका अवसरहरुको सृजना र सुरक्षा गर्ने रणनीति तथा कार्यक्रहरुको पहिचान र कार्यन्वयन सुनिश्चित गर्नु पर्दछ ।